भदौ - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

| वर्ष २७, अङ्क ९ | २०७५, भदौ १-१५ | पूर्णाङ्क ६२७ |
|---|---|---|



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.ब.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय | - सदस्य |
| अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मन्दीरा शाही
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | १६ |
| इजलास नं. १ | ८ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | ११ |
| इजलास नं. ४ | ५ |
| इजलास नं. ५ | ११ |
| इजलास नं. ६ | ५ |
| इजलास नं. ७ | १२ |
| इजलास नं. ८ | ३ |
| जम्मा | ७५ |

| | |
|---|---|
| इजलास नं. ९ | १२ |
| इजलास नं. १० | २ |
| इजलास नं. ११ | ४ |
| इजलास नं. १२ | ३ |
| इजलास नं. १३ | २ |
| इजलास नं. १४ | १ |
| इजलास नं. १५ | २ |
| इजलास नं. १६ | ५ |
| एकल इजलास | २ |
| जम्मा | ३३ |

**कूल जम्मा ७५ + ३३ = १०८**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, भदौ – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.२०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१** |
| **१.** | जबरजस्ती करणी | अनिलकुमार गुप्ता वि. नेपाल सरकार | |
| **संयुक्त इजलास** | | | **१ - १४** |
| **२.** | जालसाजी | निलु महर्जन वि. कोपिला महर्जन (राई) | |
| **३.** | कर्तव्य ज्यान | महेश पराजुलीसमेत वि. नेपाल सरकार | |
| **४.** | कर्तव्य ज्यान | सीताराम जैसीसमेत वि. नेपाल सरकार | |
| **५.** | उत्प्रेषण | परमादेवी अग्रवाल वि. नेपाल सरकार, एकद्वार समिति, उद्योग विभाग, त्रिपुरेश्वर काठमाडौंसमेत | |
| **६.** | उत्प्रेषण | अनुसूया पोखरेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत | |
| **७.** | उत्प्रेषण / परमादेश | महेश्वरमान श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत | |
| **८.** | बन्दी प्रत्यक्षीकरण | काङकाङ तेन्जेन तामाङ वि. नेपाल सरकार, राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुरसमेत | |
| **९.** | लिलाम बदर दर्ता बदर दर्ता | नवल किशोरप्रसाद सिंह वि. कृषि विकास बैंक, शाखा कार्यालय, मलंगवा सर्लाहीसमेत | |
| **१०.** | डाँका चोरी | नेपाल सरकार वि. फैयाज अहमदसमेत | |
| **११.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. शत्रुधन यादव | |
| **१२.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुरेश परियारसमेत | |
| **१३.** | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. अनुपसागर लामा | |
| **१४.** | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | भास्कर मजगैंया वि. नेपाल सरकार | |
| **१५.** | कर्तव्य ज्यान | यामबहादुर वि.क. वि. नेपाल सरकार | |
| **१६.** | कर्तव्य ज्यान तथा रहजनी चोरी | जीवन खवास वि. नेपाल सरकार | |
| **१७.** | कर्तव्य ज्यान | करन राना वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **१४ - २०** |
| **१८.** | लागु औषध (खैरो हेरोइन) | सन्तोष साह वि. नेपाल सरकार | |
| **१९.** | उत्प्रेषण | शंकरमान डंगोल वि. ऋण असुली पुनरावेदन न्यायाधिकरण, अनामनगर, काठमाडौंसमेत | |
| **२०.** | बन्दी प्रत्यक्षीकरण | रोना राना वि. कारागार कार्यालय, कञ्चनपुर महेन्द्रनगरसमेत | |
| **२१.** | जबरजस्ती करणी र चोरी | विशाल लामा भन्ने अर्जुन ब्लोनसमेत वि. नेपाल सरकार | |
| **२२.** | उत्प्रेषण / परमादेश | हृदयरत्न शाक्य वि. नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत | |

| | | | |
|---|---|---|---|
| २३. | उत्प्रेषण / परमादेश | बद्रीप्रसाद शर्मा घिमिरे वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत | |
| २४. | परमादेश | सिवानी खरेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंसमेत | |
| २५. | परमादेश | पूजा सुवेदी (उप्रेती) समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत | |
| **इजलास नं. २** | | | **२० - २३** |
| २६. | सवारी ज्यान | इन्द्रबहादुर गन्द्रामा मगर वि. नेपाल सरकार | |
| २७. | मानव अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. उमेश राई | |
| २८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. ओपेन्द्रबहादुर के.सी. | |
| **इजलास नं. ३** | | | **२३ - २९** |
| २९. | लेनदेन | सोना लोधिन वि. रुदल लोध | |
| ३०. | उत्प्रेषण / परमादेश | सिर्जना मानन्धर वि. गोरखापत्र संस्थान, के.का. धर्मपथ काठमाडौंसमेत | |
| ३१. | उत्प्रेषण | बाबुराम पौडेल वि. नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबार प्लाजा काठमाडौंसमेत | |
| ३२. | लागु औषध (खैरो हेरोइन) | विजय महतो वि. नेपाल सरकार | |
| ३३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. आशबहादुर राई | |
| ३४. | बन्दी प्रत्यक्षीकरण | तपस घोस वि. काठमाडौं जिल्ला अदालतसमेत | |
| ३५. | परमादेश | सरोजलाल बैद्य वि. नेपाल मेडिकल काउन्सिल बाँसबारी काठमाडौंसमेत | |
| ३६. | जबरजस्ती करणी, कर्तव्य ज्यान, जबरजस्ती चोरी | नेपाल सरकार वि. पन्थे भन्ने नितेश वि.क.समेत | |
| ३७. | कर्तव्य ज्यान | गंगा के.सी. (पुन) वि. नेपाल सरकार | |
| **इजलास नं. ४** | | | **२९ - ३१** |
| ३८. | जग्गा खिचोला चलन | रामप्रित महतो कोइरी वि. सचिदानन्द चौधरीसमेत | |
| ३९. | हक कायम गरी खिचोला मेटाई पाउँ | त्रिलोकीनाथ पाण्डे वि. रामहित कुर्मी | |
| ४०. | जग्गा खिचोला मेटाई घर भत्काई चलन चलाई पाउँ | नारायण मुसहरसमेत वि. कैलास कुर्मीसमेत | |
| ४१. | निर्माणाधीन घर हटाई जग्गा खिचोला मेटाई चलन चलाइपाउँ | राधादेवी यादव वि. लक्ष्मीप्रसाद उपाध्याय | |
| **इजलास नं. ५** | | | **३१ - ३८** |
| ४२. | उत्प्रेषण / परमादेश | सुरेन्द्र कुमार राय वि. जिल्ला प्रहरी कार्यालय, धनुषासमेत | |

| | | |
|---|---|---|
| ४३. | लागु औषध अफिम | जुनबहादुर वि.क. वि. नेपाल सरकार |
| ४४. | जबरजस्ती करणी | शिव विश्वकर्मा वि. नेपाल सरकार |
| ४५. | जग्गा खिचोला मेटाई घर भत्काई चलन | जयराम साह तेलीसमेत वि. गुल्जारू साह तेली |
| ४६. | उत्प्रेषण | उदय थलङ वि. पुनरावेदन अदालत पाटन ललितपुरसमेत |
| ४७. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. चन्द्रिकाप्रसाद यादव |
| ४८. | अदालतको अवहेलनामा कारवाही गरिपाउँ | विश्वनाथ कोइराला वि. मालपोत कार्यालय, कलंकीसमेत |
| ४९. | जबरजस्ती करणी | बुद्धिमान नेपाली (दमाई) वि. नेपाल सरकार |
| ५०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. संगम लिम्बु |
| ५१. | उत्प्रेषण / परमादेश | तुलासिंह ठगुन्नासमेत वि. गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत |
| **इजलास नं. ६** | | **३९ - ४२** |
| ५२. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | यज्ञश्वर पौडेल वि. नेपाल सरकार |
| ५३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. खुमबहादुर नेपालीसमेत |
| ५४. | डाँका चोरी | नेपाल सरकार वि. घनश्याम पौडेलसमेत |
| ५५. | अंश दर्ता | हरिनारायण साह तेली वि. तेजनारायण साह तेलीसमेत |

| | | |
|---|---|---|
| ५६. | लागु औषध (अफिम) | मनबहादुर शाही वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **४२ - ५१** |
| ५७. | जबरजस्ती करणी | नेपाल सरकार वि. डोमी मिया |
| ५८. | जबरजस्ती करणी | नेपाल सरकार वि. रईस नद्दाफ |
| ५९. | वन पैदावार हानि नोक्सानी | नेपाल सरकार वि. जुद्धविर थापासमेत |
| ६०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुरेश खड्का |
| ६१. | उत्प्रेषण / परमादेश | नृपेन्द्र भट्टराई वि. नेपाल वायु सेवा निगम, कान्तिपथसमेत |
| ६२. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. गुरूदत्त पौडेल |
| ६३. | जबरजस्ती करणी | संजिव वि.क.समेत वि. नेपाल सरकार |
| ६४. | अपुताली हक कायम | वर्तनीदेवी मेहता वि. उदिपनारायण मेहतासमेत |
| ६५. | बहुविवाह | नेपाल सरकार वि. रमा श्रेष्ठसमेत |
| ६६. | परमादेश | शान्तिकुमारी मोदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत |
| ६७. | उत्प्रेषण | ईश्वरा गुरागाई वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत |
| **इजलास नं. ८** | | **५१ - ५३** |
| ६८. | लागु औषध बिक्री वितरण | नेपाल सरकार वि. सुरेन्द्र साह |
| ६९. | सम्बन्ध बिच्छेद | नानीराम हुमागाई वि. शान्ता थापा हुमागाई |
| ७०. | मोही लगत कट्टा | बलविर चौधरी वि. आशोवती कथबनिया |

| | | |
|---|---|---|
| | **इजलास नं. ९** | **५३ - ५७** |
| **७१.** | उपर्युक्त आदेश जारी गरिपाउँ | साबित्री सिंह श्रेष्ठ वि. निलकृष्ण ताम्राकारसमेत |
| **७२.** | कर्तव्य ज्यान | राजिव पाण्डेसमेत वि. नेपाल सरकार |
| **७३.** | उत्प्रेषण | सरस्वती ठकुरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत |
| **७४.** | लिखत दर्ता बदर | बुद्धिसागर श्रेष्ठसमेत वि. जयबहादुर श्रेष्ठसमेत |
| | **इजलास नं. १०** | **५७ - ५९** |
| **७५.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. कृष्णबहादुर शाहीसमेत |
| **७६.** | ज्यान मार्ने उद्योग र जबरजस्ती चोरी | नेपाल सरकार वि. पवित्रा बुढासमेत |
| | **इजलास नं. ११** | **५९ - ६१** |
| **७७.** | अंश | अकालमती कुर्मीनसमेत वि. अयोध्या कुर्मी |
| **७८.** | अंश नामसारी | दिनानाथ अहिर वि. कुन्ती अहिर |
| | **इजलास नं. १२** | **६१ - ६२** |
| **७९.** | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | धनबहादुर वली वि. नेपाल सरकार |
| **८०.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. डेग शमशेर कुँवरसमेत |
| **८१.** | लुटपिट | शिव नारायण यादव वि. राजकुमार चौधरीसमेत |
| | **इजलास नं. १३** | **६२ - ६४** |
| **८२.** | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. नारदप्रसाद शर्मा |
| **८३.** | परमादेश | रेवतकुमार ताम्राकारसमेत वि. नेपाल खाद्य संस्थान, प्रधान कार्यालय, काठमाडौंसमेत |
| | **इजलास नं. १४** | **६४** |
| **८४.** | बहाल दिलाई घर खाली चलन | नजमुद्दिन मिया वि. यादमहम्मद अंसारी |
| | **इजलास नं. १५** | **६४ - ६५** |
| **८५.** | उपर्युक्त आदेश जारी गरिपाउँ | मनोजकुमार सिंह वि. नेम इष्टिच्यूट फर मेडिकल एजुकेसन प्रा.लि.समेत |
| | **इजलास नं. १८** | **६५ - ६८** |
| **८६.** | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. निश्चल बुढाथोकीसमेत |
| **८७.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. मिनबहादुर भण्डारी |
| **८८.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. शेर नारायण श्रेष्ठ |
| **८९.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. भरूनी तामाङ |
| **९०.** | लागु औषध (ब्राउन सुगर) | विजय थापासमेत वि. नेपाल सरकार |
| | **एकल इजलास** | **६८** |
| **९१.** | उत्प्रेषण | देवकुमारी श्रेष्ठ वि. ऋण असुली न्यायाधिकरणको कार्यालय, काठमाडौंसमेत |
| **९२.** | उत्प्रेषण | लालमहम्मद मियाँ वि. जिल्ला सरकारी वकिलको कार्यालय, सप्तरीसमेत |

## पूर्ण इजलास

**मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७३-NF-००२३, जबरजस्ती करणी, *अनिलकुमार गुप्ता वि. नेपाल सरकार*

सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई करणी भएकोमा मन्जुरी लिएकै भएपनि जबरजस्ती करणीको कसुर हुने देखिन्छ । यसबाट प्रतिवादीले वर्ष ९ की नाबालिकालाई करणी गरेको देखिएकाले निजको उक्त कार्य कसुरजन्य अपराध होइन भन्न सकिने नदेखिने।

कस्तो अवस्थालाई जबरजस्ती करणीको अपराध मानिने र कस्तोमा जबरजस्ती करणीको उद्योग मानिने भन्ने सम्बन्धमा हेर्दा करणी गर्ने पुरूषले आफ्नो यौन तृष्णा मेटाउने मनसाय राखी पीडित महिलाको मन्जुरीबेगर जबरजस्तीपूर्वक आफ्नो लिङ्ग महिलाको योनिमा प्रवेश गराई वा अन्य तरिकाले यौन सन्तुष्टि लिएको हुन्छ। यसप्रकार जबरजस्ती करणीको कसुर हुनका लागि जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरीको अभाव रहेको अवस्थामा जबरजस्ती करणीको कसुर गरेको मान्नु पर्ने । अत्यन्त कलिलो उमेर अवस्था भएको बालिकाको हकमा जबरजस्ती करणी गर्दा वयस्क महिलासँगको सम्बन्धमा जस्तो लिङ्ग सजिलैसँग प्रवेश नहुने भएकाले त्यस्तो कलिलो उमेरका बालिकाको योनिबाहिर लिङ्ग दली / रगडी वीर्य स्खलन गरेकोलाई करणी नभई उद्योगसम्म गरेको मान्न नसकिने।

प्रतिवादीले जबरजस्ती करणी गर्ने मनसायले पीडित बालिकालाई ललाई फकाई गरी आफ्नो घर कोठामा लगी नाङ्गै बनाई करणी गरी लिङ्ग प्रवेश नगरेको भए पनि वीर्य स्खलन गरी यौन सन्तुष्टि लिएको भन्ने प्रमाणित भएको र पीडित बालिका कम उमेरकी भएको कारण प्रतिवादीको लिङ्ग निज पीडितको योनिमा प्रवेश हुन नसकेको भन्ने आधारमा उक्त कार्यलाई जबरजस्ती करणीको कसुर मानी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(१) नं. बमोजिम १० वर्ष कैद हुने र प्रतिवादीबाट पीडित बालिकाले रू.२५,०००।– क्षतिपूर्तिसमेत भराई पाउने ठहर गरी सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, इलामको फैसला सदर हुने ठहऱ्याई यस अदालतको संयुक्त इजलासबाट भएको फैसला निज पुनरावेदक / प्रतिवादीले रीतपूर्वक मुद्दा पेसीको सूचना नपाएकै आधारमा फरक परेको भन्ने देखिन नआउने।

अतः पीडितको शरीर र गुप्ताङ्गसमेतमा कुनै घा-खत नभएको अवस्था रहे पनि पीडितसँग करणी गरेको कुरा प्रतिवादीले अदालतमा बयान गर्दा स्वीकार गर्नुका साथै वीर्य स्खलन भएको तथ्यलाई समेत स्वीकार गरेको र नाबालिकाको योनिमा लिङ्ग रगड्ने कार्य पनि जबरजस्ती करणी हुने भनी *ने.का.*प. २०७३, अङ्क १, नि.नं. ९५१९ मा पूर्ण इजलासबाट व्याख्या भई सिद्धान्त प्रतिपादन भएबाट प्रतिवादीले आरोपित कसुर गरेको ठहर गरी प्रतिवादी अनिलकुमार गुप्तालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद सजाय हुने र प्रतिवादीबाट पीडित बालिकाले रू. २५,०००।– क्षतिपूर्तिसमेत भराई पाउने ठहऱ्याई सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, इलामबाट भएको फैसला सदर हुने ठहऱ्याई यस अदालतको संयुक्त इजलासबाट मिति २०७२/५/२० मा भएको फैसला फरक परेको भन्ने नदेखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत २०७४ साल फागुन १० गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-CR-१४९३, जालसाजी, *निलु महर्जन*

*वि. कोपिला महर्जन (राई)*

प्रस्तुत मुद्दाका वादी कोपिला महर्जन, ज्ञानलाल महर्जन र पुनरावेदक प्रतिवादीका दाता चिरीकाजी महर्जन मिति २०६१।१२।१९ को मिलापत्रबमोजिम एकासगोलका अंशियार रहेको पाइयो। एकासगोलमा रहेका अंशियारहरूको समेत अंश लाग्ने सम्पत्ति बेचबिखन गर्दा मुलुकी ऐन, अंशबन्डाको १९ नं. बमोजिम वादीहरूलाई थाहा जानकारी दिई मन्जुरी लिएको थियो भनी पुनरावेदक प्रतिवादीले जिकिर लिनसकेकोसमेत पाइएन । दाबीको लिखत गरिदिने लिने व्यक्तिहरू बाबु छोरी नाताकै रहेभएको अवस्थामा पुनरावेदक प्रतिवादी निलु महर्जनलाई चिरीकाजी महर्जन र वादीहरू एकासगोलका अंशियार हुन् र सो घर जग्गामा निजहरू समेतको अंश हक रहेको तथ्यको बारेमा जानकारी रहेको थिएन भन्न नमिल्ने।

पुनरावेदक प्रतिवादीले दाता चिरीकाजी महर्जनको रेखदेख स्याहार सुसार विपक्षी वादीहरूले नगरी आफैँले गरेको भनी जिकिर लिए पनि सोको तथ्ययुक्त प्रमाण गुजार्नसमेत सकेको नदेखिँदा पुनरावेदक प्रतिवादीले वादीहरूलाई निजहरूको अंशहकबाट जानीजानी वञ्चित गराउने उद्देश्यबाट नै दाबीको घर जग्गा राजीनामा गरी लिए दिएको देखिन आउने।

विवादित कि.नं. ४०९ को घर जग्गा वादी नाबालक ज्ञानलाल र चिरीकाजी महर्जनको नाममा संयुक्त दर्ता स्रेस्ता कायम भएकोमा ज्ञानलालको आधा हक हिस्सा यथावत राखी चिरीकाजीको स्वामित्वमा रहेको आधा सम्पत्तिसम्म छोरी पुनरावेदक प्रतिवादी निलु महर्जनलाई राजीनामा लिखत गरिदिएको देखिन्छ । मुलुकी ऐन, अंशबन्डाको १९ नं. मा २१ वर्ष पूरा भएका श्रीमती, छोरा छोरीको मन्जुरी लिनुपर्ने व्यवस्था रहेको छ । ज्ञानलाल महर्जनको स्वामित्व रहेको आधा र चिरीकाजी महर्जनको स्वामित्व रहेको आधा सम्पत्तिमध्ये चिरीकाजी महर्जनको स्वामित्वमा रहेको सम्पत्ति सगोलका ३ अंशियारहरूको बराबर हक लाग्ने सम्पत्ति मान्नु पर्ने हुन्छ। सो सम्पत्ति बेचबिखन गर्दा मुलुकी ऐन, अंशबन्डाको १९ नं. अनुसार २१ वर्ष पूरा नभएका नाबालक वादी ज्ञानलाल महर्जनको मन्जुरी लिनु पर्ने अवस्था नदेखिए पनि वादी कोपिला महर्जनको मन्जुरी लिनु पर्ने।

एकासगोलको अंशियार रहेकी वादीको अंश हक लाग्ने घर जग्गा राजीनामाको लिखतबाट लिनु दिनु गर्दा गराउँदा कानूनबमोजिम मन्जुरी लिएको वा लिखतको रोहबरमा साक्षी राखी लिखत पारित गरे गराएको अवस्था नदेखिँदा पुनरावेदक प्रतिवादीले एकासगोलका अंशियार वादी कोपिला महर्जनको अंश हक मार्ने नियतले नै उक्त लिखत पारित गरी लिएको भन्ने देखिँदा बहसको क्रममा उल्लिखित नजिर सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुने देखिएन। यसरी पुनरावेदक प्रतिवादीले वादी कोपिला महर्जनको अंशहक मार्ने उद्देश्यबाट आफूलाई लाभ हुने कार्य गरी विवादित घर जग्गा राजीनामाको लिखत पारित गरी लिएको कार्यलाई मुलुकी ऐन, किर्ते कागजको १० नं. बमोजिम सजाय हुने कार्य नै मान्नु पर्ने देखिन आउने।

तसर्थ माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणको आधारमा वादी कोपिला महर्जनको अंशहकसम्म ३ भागको १ भाग लिखत जालसाजीपूर्ण देखिँदा सो हदसम्म लिखत जालसाजी घोषित गरी लिखत निष्क्रिय हुने ठहर गर्नुपर्नेमा लिखत बदर हुने ठहऱ्याएको ललितपुर जिल्ला अदालतको मिति २०७०।११।४ को फैसला सो हदसम्म केही उल्टी गरी वादी दाबीको मिति २०६८।२।२९ को राजीनामा लिखतमध्ये तीन भागको एक भाग लिखत निष्क्रिय भई प्रतिवादी निलु महर्जनलाई किर्ते कागजको १० नं. बमोजिम सजायसमेत हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।११ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल भाद्र ८ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-CR-००५३ र ०७२-CR-

०१४९, कर्तव्य ज्यान, *महेश पराजुली वि. नेपाल सरकार र राजु घिमिरे वि. नेपाल सरकार*

प्रतिवादी राजु घिमिरे र महेश पराजुलीले मृतकसँग पहिलेदेखिको लेनदेनको विषयमा भएको विवादको कारण सहप्रतिवादीसँगको सल्लाहअनुसार योजनापूर्वक मृतकलाई कुटपिट गर्ने भनी धारिलो हतियार चक्कुसमेत बोकी मृतकसँग बसी रक्सीसमेत सेवन गरी गराई रातको समयमा मृतकलाई एक्लै पारी दुवैजना प्रतिवादीहरूले मिली पहिले मृतकको टाउकामा चिर्पट दाउराले हिर्काई बेहोस बनाएपछि एउटा प्रतिवादीले मृतकको टाउको समात्ने र अर्को प्रतिवादीले मृतकको घाँटीमा धारिलो हतियारले रेटी काटी चोट पुऱ्याएको भन्ने प्रतिवादी राजेश भन्ने राजु घिमिरेको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, किटानी जाहेरी दरखास्त, मौकामा बुझिएका मानिसहरूले प्रतिवादीहरूले मृतकको घाँटी रेटी मारेकामा विश्वास लाग्छ भनी गरिदिएको बकपत्र, मृतकको मृत्युको कारण घाँटीमा रहेको गहिरो चोट भन्ने शव परीक्षण प्रतिवेदन, मृतकको घाँटीमा धारिलो हतियारबाट काटिएको आलो रगत जमेको चोट रहेको भन्ने लास जाँच प्रकृति मुचुल्कासमेतबाट मृत्युको कारण धारिलो र जोखिमी हतियारले घाँटी काटी भएको भन्ने नै देखिने।

सामान्य लेनदेनको विषयमा प्रतिवादीहरू र मृतक गोविन्द ढुङ्गानाबीच तत्काल विवाद पर्दा प्रतिवादीहरूमा उठेको रिस थाम्न नसकेको कारण प्रतिवादीहरूले मृतकलाई साधारण लाठा, ढुङ्गा, लात मुक्का इत्यादि हान्दा मृतकको मृत्यु भएको रहेछ भन्न मिल्ने नदेखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम कम सजाय हुनु पर्ने भन्ने प्रतिवादी राजु घिमिरेको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू राजेश भन्ने राजु घिमिरे र हरि भन्ने महेश पराजुलीले मृतकसँग लेनदेनको विषयमा परेको विवादको कारण पूर्वयोजना बनाई साथमा धारिलो हतियारसमेत बोकी मृतकसँग बसी रक्सी सेवन गरी रातको समयमा मृतकलाई एक्लै पारी दुवै जना प्रतिवादीहरू मिली मृतकको हत्या गरेको पुष्टि हुँदा प्रस्तुत मुद्दामा प्रतिवादीहरूले आपराधिक मनसायले आपराधिक कार्य गरेको देखिँदा प्रतिवादी महेश पराजुलीको अभियोग दाबीबाट सफाई पाउँ भन्ने र प्रतिवादी राजु घिमिरेको ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतको कसुर कायम गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणसमेतबाट प्रतिवादीहरू राजेश भन्ने राजु घिमिरे र हरि भन्ने महेश पराजुलीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।९।३ मा भएको फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।११।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल पुस ८ गते रोज ६ शुभम्।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-०७७० र ०७२-RC-०१९७, कर्तव्य ज्यान, *सीताराम जैसी वि. नेपाल सरकार र नेपाल सरकार वि. कुलप्रसाद भट्टराई*

मृतक पवित्रा भट्टराई प्रायः जसो मातेर घर आउने, कहिलेकाहीँ रक्सी खाएर गाउँमा नै बस्ने, केटाहरूलाई यौन सम्पर्क गराउने, मलाई कुनै वास्ता नगर्ने गरेबाट पटकपटक सम्झाउँदा पनि उनको बानीमा सुधार नआएपछि म वाक्क दिक्क भएको थिएँ। वारदातको दिन मिति २०६९।६।३० गते पनि निज बाहिर गएकी थिइन्। राति घरमा रक्सी खाएर लरबराउँदै आइन्। उनले ममाथि धेरै अपशब्द प्रयोग गर्दै हामीबीच भनाभन भयो। त्यसै भनाभनबीच मलाई रिस उठी आँगनमा रहेको लाठीले टाउकोमा हिर्काउँदा उनको मृत्यु भएको र त्यसबाट बच्नका लागि आफ्नै

बारीमा खाल्डो खनी गाडेको हुँ भनी कसुरमा प्रतिवादी स्वयम्‌ले साबित रही अदालतमा बयान गरेबाट प्रस्तुत वारदातमा मृतकको मृत्यु यी प्रतिवादीकै कर्तव्यबाट भएको देखिन आउने।

प्रतिवादीले सुरू अदालतमा इन्कारी बयान गरेको देखिए तापनि स्वयम् प्रतिवादी कुलप्रसाद भट्टराईकी छोरी निर्मला भट्टराईले अनुसन्धानको क्रममा कागज गर्दा र अदालतमा बकपत्र गर्दासमेत मृतक पवित्रा भट्टराईलाई सीताराम जैसीले खुट्टा समातेको देखेको भनी बकपत्र गरी दिएबाट पुनरावेदक प्रतिवादी सीताराम जैसीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान समर्थित भएको देखिँदा आफूले कसुर गरेको होइन, निर्दोष छु भन्ने पुनरावेदक प्रतिवादी सीताराम जैसीको पुनरावेदन जिकिर ठोस प्रमाणद्वारा पुष्टि हुनसकेको नदेखिँदा सुरू तथा पुनरावेदन अदालतले कसुरदार ठहर गरेको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिन नआउने।

अतः प्रतिवादीमध्येका कुलप्रसाद भट्टराईलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद र ऐ. ४ नं.ले ६ महिना कैद हुने र प्रतिवादी छितराम भन्ने सीताराम जैसीलाई ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम जन्मकैद र ऐ. ४ नं.ले ६ महिना थप कैद हुने ठहर गरी बर्दिया जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०७०।१२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल भदौ २३ गते रोज ५ शुभम्।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६५-WO-०२९४, उत्प्रेषण, *परमादेवी अग्रवाल वि. नेपाल सरकार, एकद्वार समिति, उद्योग विभाग, त्रिपुरेश्वर काठमाडौंसमेत*

नेपाल र भारतबीचमा सन् २००२।३।२ मा भएको वाणिज्य सन्धिले निकासी पैठारीमा अवलम्बन गर्ने नीति निर्माण गरी बिना भन्सार भारतमा प्रवेश गर्न दिने वस्तु र परिमाणलाई निश्चितता दिएको देखिन्छ। सो सन्धि दुई देशको बीचमा भएको हुँदा नेपाल र नेपालबाहिर भारतमा प्रयोग र पालना गरिने अन्तर्राष्ट्रिय कानून हो। प्रचलित सन्धि ऐन, २०४७ को दफा ९ अनुसार उक्त सन्धि कानूनलाई नेपाल सरकारले नेपाल कानूनसरह नै पालना गर्नुपर्ने हुँदा औद्योगिक व्यवसाय ऐन, २०४९ले उद्योगलाई दिएको सुविधा र उक्त वाणिज्य सन्धिमा उल्लिखित प्रावधानबीच सामञ्जस्यता (Harmonization) कायम गरी हेरिएमा नै सन्धिको परिपालना हुन जाने।

औद्योगिक व्यवसाय ऐन, २०४९ ले सबै उद्योगलाई समान संरक्षण र सुविधा प्रदान गरेको छ। कुनै उद्योगको सम्पूर्ण उत्पादनलाई वनस्पति घ्यूमा सन्धिअनुसार प्राप्त कोटाको सुविधा दिने र कुनै उद्योगलाई नदिने भनी व्याख्या गर्ने हो भने समानताको सिद्धान्तविपरीत हुन्छ। निवेदक उद्योगलाई मात्र उत्पादित सम्पूर्ण क्षमता परिमाणलाई सुविधा दिने हो भने समान उद्देश्यले स्थापित अन्य उद्योगको बीचमा भेदभाव हुन जान्छ। भेदभावपूर्ण व्यवहार न्यायोचित र विवेकसम्मत हुन सक्दैन। उक्त सन्धिको सर्तअनुसार नेपालमा उत्पादित वनस्पति घ्यू बिनाभन्सार भारतमा प्रवेश पाउने कोटा १ लाख मे.टन निर्धारण भई सो कोटाभन्दा बढी बिना भन्सार भारतमा प्रवेश हुन नसक्ने हुँदा उद्योगहरूको उत्पादन क्षमतालाई आधारमानी कोटा निर्धारण गरी भन्सार महसुल फिर्ता दिने गरी प्रत्यर्थी एकद्वार समिति, उद्योग विभागले गरेको निर्णय दुई मुलुकबीच भएको सन्धिको प्रावधानअनुकूल भई कानूनसम्मत रहेको देखियो। दुई देशको बीचमा भएको सन्धिको प्रावधान नेपाल सरकारले मात्र हेरफेर गरी सुविधा दिनसक्ने अवस्था नै नरहने।

नेपाल र भारतको बीच भएको सन्धिले निश्चित गरेको कोटामध्ये कुन उद्योगलाई के कतिसम्म कोटा वितरण गर्ने भन्ने कुरा कुनै उद्योगको सम्बन्धमा एउटा मापदण्ड र अर्को कुनै उद्योगको सम्बन्धमा अर्कै

मापदण्ड बनाई वितरण गर्न न्यायोचित नहुने हुँदा एउटा निश्चित मापदण्ड तय गरी सोको आधारमा वितरण गर्नु नै स्रेयस्कर हुने।

विपक्षी एकद्वार समितिको बैठक नं. २२२ र २८३ मा भएको निर्णयलाई हेर्दा निवेदक उद्योगले औद्योगिक व्यवसाय ऐन, २०४९ अनुसार वृद्धि गरेको उत्पादन क्षमतालाई मान्यता नदिने भनी कहीँकतै बोलेको पाइएन । केवल भन्सार महसुल फिर्ताको सुविधा दिने क्रममा नेपाल भारतबीच भएको वाणिज्य सन्धिले निर्धारण गरेको कोटाको अधीनमा रही १६ वटा घ्यू उद्योगहरूमा सो कोटा वितरणको सम्बन्धमा मात्र इजाजतपत्र प्राप्त गर्दा उल्लेख गरेको उत्पादन क्षमतालाई आधार मानेको देखिँदा यस अदालतबाट संवत् २०५९ सालको रिट नं. ३५२३ मा भएको आदेशको उल्लङ्घन गरेको वा सो आदेशलाई निस्प्रभावी बनाएको भनी अर्थ गर्न नमिल्ने।

नेपाल भारतबीच भएको सन्धिद्वारा निर्धारण गरेको कोटाको अधीनमा रही कोटा वितरण गरी सबै उद्योगहरूलाई भन्सार महसुल फिर्ता दिने प्रयोजनका लागि मात्र निवेदक उद्योगलगायतका नेपालमा सञ्चालित घ्यू उद्योगहरूले इजाजतपत्र प्राप्त गर्दा उल्लिखित उत्पादन क्षमतालाई आधार मान्ने भनी भएको विपक्षी एकद्वार समिति, उद्योग विभागको उक्त निर्णयहरूले निवेदक उद्योगको संवैधानिक एवम् कानूनी हकमा आघात पारेको भन्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिने।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणको आधारमा निवेदक उद्योगसमेतलाई भन्सार महसुल फिर्ता दिने सम्बन्धमा इजाजतपत्र लिँदाको समयमा उल्लिखित उत्पादन क्षमतालाई आधार मान्ने भनी विपक्षीहरू एकद्वार समिति तथा उद्योग विभागसमेतबाट मिति २०६१।१।३१ र २०६५।६।२९ मा भएका बैठक नं. क्रमशः २२२ र २८३ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकले दाबी गरेको उक्त ऐनको दफा ९(१)को अनुसूची २बमोजिम उत्पादन क्षमता ३४५०० मे.टनअनुसार रकम फिर्ता गर्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी गरिपाउँ भन्नेसमेतको निवेदन मागबमोजिमको रिट जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम्।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६५-WO-०२९०, उत्प्रेषण, *अनुसूया पोखरेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

रिट क्षेत्राधिकारबाट अदालत प्रवेश गर्न कुनै कानूनले हदम्याद नतोकेको भए पनि अनुचित विलम्ब गरी रिट क्षेत्रबाट प्रवेश गरेको अवस्थामा त्यस्तो रिट निवेदनको माध्यमबाट उपचार पाउनसक्ने हुँदैन। विलम्ब गरी अदालत प्रवेश गर्नु पर्नाको उचित र तथ्ययुक्त कारणसमेत पेस नगरी रिट निवेदकको घर जग्गा कम्पाउण्डबाट २० वर्षअगाडि नै सार्वजनिक बाटो निर्माण गर्ने गरी विपक्षी काठमाडौं नगर विकास समितिबाट निर्णय भई सोको जानकारीका लागि विपक्षी नगर विकास समितिले सार्वजनिक सूचनासमेत प्रकाशन गरेको भन्ने देखिँदा सोको २०६५ सालमा मात्र थाहा जानकारी पाएँ भन्ने निवेदकको कथनसँग सहमत हुन नसकिने।

प्रस्तुत रिट निवेदनमा रिट निवेदकले २०४५।२।१४ मा भएको निर्णयलाई चुनौती दिई २० वर्षपछि मात्र अदालत प्रवेश गरेको अवस्थामा प्रस्तुत रिट निवेदन अनुचित विलम्बले ग्रसित भएको देखिँदा निवेदनमा उठाएका विषयभित्र प्रवेश गरिरहनु पर्ने अवस्था नदेखिने।

अतः उल्लिखित तथ्य, सिद्धान्त एवम् प्रमाणबाट विपक्षी काठमाडौं उपत्यका नगर विकास समितिबाट मिति २०४५।२।१२ मा भएको निर्णयको बारेमा सार्वजनिक सूचनासमेत प्रकाशित भएको भन्ने विपक्षीको लिखित जवाफमा उल्लेख गरिएको कुरालाई रिट निवेदकले अन्यथा भन्न नसकेको अवस्थामा सो निर्णय बदरका लागि निवेदकले अनुचित विलम्ब गरी

उपचारको मार्ग अवलम्बन गरेको देखिँदा निवेदकले उठाएका विषयभित्र प्रवेश गरिरहनु पर्ने अवस्था नहुँदा अनुचित विलम्ब गरी दायर हुन आएको प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम् ।

६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-WO-०७७४, उत्प्रेषण / परमादेश, *महेश्वरमान श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

निवेदकको पदावधि नियुक्तिका मितिले ४ वर्षको हुने भन्नेमा विवाद देखिएन । रिट निवेदक महेश्वरमान श्रेष्ठ पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपति पदमा मिति २०६८।४।२३ मा नियुक्ति भएको देखिँदा निजको पदावधि नियुक्ति मितिले ४ वर्ष अर्थात् मिति २०७२।४।२२ सम्म मात्र कायम रहनसक्ने देखिँदा रिट निवेदक मिति २०७२।४।२२ देखि सेवा निवृत्त भइसकेको पाइयो । जुन पदमा यथावत् रूपमा कार्य गर्न दिनु दिलाउनु भनी रिट जारीका लागि निवेदन परेको थियो सो पदमा बहाल रही कार्यभार सम्हाल्न पाउने पदावधि नै समाप्त भइसकेको अवस्थामा रिट जारी गरिरहनु पर्ने औचित्यसमेत समाप्त भइसकेको पाइने ।

तसर्थ माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणको आधारमा प्रतिवादी महेश्वरमान श्रेष्ठ मिति २०६८।४।२३ मा ४ वर्षका लागि पूर्वाञ्चल विश्वविद्यालयको उपकुलपतिमा नियुक्त भएकामा निजको पदावधि मिति २०७२।४।२२ मा समाप्त भइसकेकाले निजको हकमा आदेश जारी गर्नुको कुनै औचित्य नदेखिँदा रिट जारी गर्नु परेन । प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम् ।

७

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WH-०००८, बन्दीप्रत्यक्षीकरण, *काङकाङ तेन्जेन तामाङ वि. नेपाल सरकार राजस्व अनुसन्धान विभाग, हरिहरभवन ललितपुरसमेत*

भन्सार ऐन, २०६४ को दफा ६०ख. बमोजिम मुद्दाको तहकिकात हुँदा निवेदकबाट १ करोडभन्दा बढीको सुन चोरी पैठारी भएको भन्ने विवादित विषयमा भन्सार अधिकृतले रिट निवेदकलाई पक्राउ गरेपछि नेपालको संविधानको धारा २०(३) बमोजिम पक्राउ गरेको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने हुन्छ । मुद्दा हेर्ने अधिकारीबाट आदेश भएकोमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राख्न मिल्ने देखिँदैन । रिट निवेदकलाई मिति २०७३।२।३० मा पक्राउ गरेपछि अनुसन्धान तहकिकातका लागि २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी सम्बन्धित जिल्ला अदालतसमक्ष उपस्थित गराई म्याद थप लिई २५ दिनभित्र मुद्दा चल्ने निर्णय भएको खण्डमा मुद्दा दायर गर्नुपर्नेमा उक्त कानूनी एवम् संवैधानिक व्यवस्थाको बेवास्ता गरी हदम्यादभित्र मुद्दा दायर नगरी थुनामा राखेको विपक्षीहरूको कार्यले निवेदकको संविधान र कानूनले प्रत्याभूत गरेको न्यायसम्बन्धी हकमा प्रत्यक्ष आघात पुगेको तथ्य प्रस्ट रूपमा देखिन आउने ।

निवेदकलाई मिति २०७३।२।३० मा पक्राउ गरी सुन भन्सार चोरी पैठारी अभियोगमा कानूनले तोकेको बाटो अवलम्बन नगरी कानूनविपरीत थुनामा राखेको देखिँदा उक्त कार्यबाट निवेदकको कानूनी एवम् संबैधानिक हक अधिकारको हनन् हुनका साथै निजउपर अन्याय पर्न गएको देखियो । रिट निवेदकलाई कानूनबमोजिम मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित नगराई लामो समयसम्म मुद्दा दायर नगरी आफ्नो क्षेत्राधिकारबाहिर गई ४ महिनाभन्दा बढी अवधिसम्म थुनामा राख्ने कार्य नेपालको संविधानको धारा २०(३) एवम् भन्सार ऐन, २०६४ को दफा ५७ र दफा ६०ख.(२) प्रतिकूल देखिकोले निवेदकलाई गैरकानूनी थुनामा राखेको तथ्य स्थापित हुन आउने ।

अतः उल्लिखित कानूनी व्यवस्था, तथ्य

एवम् आधार र प्रमाणबाट मिति २०७३।२।३० मा पक्राउ गरिएका निवेदकलाई भन्सार ऐन, २०६४ को दफा ५७(१) तथा दफा ६० ख. बमोजिम समयमा नै सम्बन्धित अदालतमा मुद्दा दायर गर्न मुद्दा हेर्ने अधिकारीको आदेशबमोजिम गर्नुपर्नेमा मिति २०७३।२।३२ पश्चात् अनुसन्धानसम्बन्धी कुनै कार्य नगरी रिट निवेदकलाई गैरकानूनी तवरबाट थुनामा राखेको देखिँदा निजलाई तत्काल थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरूका नाउँमा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

निवेदकउपर लागेको अभियोगमा समयमा अनुसन्धान छानबिनको कार्य तदारूकताका साथ नगरी अनुसन्धान कार्यमा हेलचेक्राई गरी सुन तस्करी मुद्दाका रिट निवेदक प्रतिवादीलाई गैरकानूनी तवरले बन्दी बनाई राखेको र निजले अनुचित तवरबाट कानूनी सुविधा पाउने अवस्था सिर्जना गरेको देखिँदा राजस्व अनुसन्धान विभागका महानिर्देशक निर्मलहरि अधिकारी र सोही विभागका निर्देशक मदन दाहाललाई उल्लिखित लापरवाहीपूर्ण काम कारवाहीका लागि सचेत गराउन तथा अब उप्रान्त यसप्रकारको लापरवाहीपूर्ण काम कारवाही हुन नपाउने व्यवस्थापन मिलाउन नेपाल सरकार अर्थ मन्त्रालयको ध्यानाकर्षण गराउने गरी सर्वोच्च अदालत, नियमावली, २०४९ को नियम ६७(३) बमोजिम लेखी पठाइदिने।

इजलास अधिकृत:- दिलीपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल कात्तिक २४ गते रोज ४ शुभम्।

८

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६७-CI-१२८८, लिलाम बदर दर्ता बदर दर्ता, *नवल किशोरप्रसाद सिंह वि. कृषि विकास बैंक, शाखा कार्यालय, मलंगवा सर्लाहीसमेत*

कानूनले स्पष्टरूपमा निर्धारण गरेको कार्यविधि र प्रक्रियाको अवलम्बन नगरी लिलामीको सूचना केवल स्थानीय साप्ताहिक पत्रिकामा प्रकाशन गरेको, तत्पश्चात् पटकपटक लिलामीको मिति सार्दै गएको र पुनः धितो लिलाम गर्ने सम्बन्धमा ऋणीलाई सम्म जानकारी गराएको भए पनि सोको सूचना दैनिक पत्रिकामा प्रकाशन गरेको पाइएन । गाउँ विकास समितिलगायत सार्वजनिकस्थलमा सूचना टाँस गरेको देखिएन। यसरी भएको कार्यलाई कानूनसम्मत रूपमा धितो लिलामको कार्य भएको भन्न मिल्ने नदेखिने।

कृषि विकास बैंक, ऋण असुली नियमावली, २०३२ मा भएको धितो लिलाम गर्दा दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नुपर्ने भन्ने व्यवस्थाको उद्देश्य ऋणीलाई लिलामको सूचना दिने प्रयोजनका लागि मात्र नभएर त्यस्तो लिलाम बिक्री प्रक्रियामा डाँक कबोल गर्न चाहने जोसुकैले पनि भाग लिनसक्ने र त्यस्तो लिलाम बिक्री कार्यमा बढीभन्दा बढी व्यक्तिहरूको सहभागिता कायम गरी खुल्ला प्रतिस्पर्धाबाट लिलाम बिक्री कार्य गराउनु भन्ने रहेको देखिन्छ। केवल ऋणीलाई लिलामसम्बन्धी सूचनाको जानकारी गराएको भन्ने मात्र आधारमा कानूनको पूर्ण परिपालना गरी लिलाम बिक्री कार्य भएको भन्न मिल्ने नदेखिने।

कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी अपारदर्शी तवरबाट ५-१३-१५ बिगाहा जग्गा केवल रू. ५,६५,०००।- मूल्यमा लिलाम गरेको देखिँदा मिति २०६३।२।२४ मा भएको लिलामी कार्य कानूनप्रतिकूल देखिन आयो। तसर्थ वादी दाबी पुग्न नसक्ने ठहर गरी भएको सर्लाही जिल्ला अदालतको मिति २०६४।१।२३ को फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।१०।१७ को फैसला उल्टी भई वादी दाबीबमोजिम प्रत्यर्थी कृषि विकास बैंक शाखा कार्यालय, मलंगवाको मिति २०६३।२।२४ को विवादित धितो लिलामी कार्य र सोबमोजिम भए गरिएका जग्गा दाखिल खारेज दर्तासमेतका काम कारवाहीसमेत बदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल माघ १० गते रोज २ शुभम्।

९

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-१६३९ र ०७२-

CR-१२८५, डाँका चोरी, *नेपाल सरकार वि. फैयाज अहमदसमेत र फैयाज अहमद वि. नेपाल सरकार*

प्रतिवादी सन्दीप शर्मा र शंकर मल्लाहले डाँका चोरीको कसुरलाई स्वीकार गरी पुनरावेदन अदालत, बुटवलबाट कम बिगो कायम गरी भएको सजायमा चित्त बुझाई बसेको अवस्थासमेतबाट प्रतिवादीहरूले अदालतमा बयान गर्दा कसुरमा इन्कार रहे पनि आफ्नो इन्कारी बयानलाई समर्थन र पुष्टि गर्ने कुनै प्रमाण गुजार्न सकेको नदेखिँदा प्रतिवादीहरू सन्दीप शर्मा, फैयाज अहमद र शंकर मल्लाहसमेत र अन्य फरारी अभियुक्तसमेत भई जाहेरवालासँग रहेको रकम डाँका चोरी गरेको भन्ने आधारमा सुरू तथा पुनरावेदन अदालतबाट डाँका चोरीको कसुर ठहर गरी प्रतिवादीहरूलाई सजायसमेत गरी फैसला भएको देखिँदा उक्त वारदातमा संलग्नता नरहेकोले कसुरबाट सफाई पाउँ भनी प्रतिवादी फैयाज अहमदले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी सन्दीप शर्मा र जाहेरवाला हनुमान शर्मा एउटै कम्पनीका कर्मचारी रहेका र दुवैजना भई सङ्कलन गरेको रकम जाहेरवाला र प्रतिवादी सन्दीप शर्मा समेत भई गोयन्का प्रा.लि.को खातामा जम्मा गर्न भौचरसमेत भरेको भन्ने कुरामा प्रतिवादी सन्दीप शर्माले अदालतमा बयान गर्दासमेत साबित भई बयान गरेको देखिएको र उक्त सङ्कलित रकमको सम्बन्धमा रकम सङ्कलन गर्ने कार्यमा प्रत्यक्ष संलग्न रही उक्त रकम डाँका चोरीको लागि अन्य प्रतिवादीहरूलाई जानकारी गराई डाँका चोरी गर्ने इशारासमेत दिने व्यक्तिले नै उक्त डाँका चोरी भएको रकम जाहेरीमा उल्लेख गरिएको रकमभन्दा कम अर्थात् बरामदी बिगो बराबरको रकममात्र डाँका चोरी भएको भनी जिकिर लिन नसकी उक्त रकम जाहेरवालाको साथबाट डाँका चोरी भएको नभई आफ्नो साथबाट डाँका चोरी भएको भनी कसुरबाट बच्ने प्रयाससम्म गरेको देखिँदा बरामदी बिगो बराबरको रकम मात्र डाँका चोरी भएको रहेछ भनी अनुमानको आधारमा बिगो कम गर्न मिल्ने नदेखिने।

वस्तुगत तथ्य एवम् प्रमाणबाट वारदात मितिका दिन प्रतिवादीमध्येका सन्दीप शर्मा र हनुमान शर्माले जाहेरीमा उल्लेख गरिएको भन्दा बढी नै रकम विभिन्न बैंक / वित्तीय संस्था एवम् कम्पनीहरूबाट संकलन / जम्मा गरी उक्त रकम गोयन्का प्रा.लि.को खातामा जम्मा गर्ने प्रयोजनका लागि दुवै जना भई भौचरसमेत भरी उक्त रकम र भौचर जाहेरवालालाई जिम्मा लगाएपछि आफू साइड लागी अन्य प्रतिवादीहरूसँगको सल्लाहबमोजिम उक्त रकम डाँका चोरी गर्ने प्रतिवादी सन्दीप शर्माको इशारा पाएपछि अन्य प्रतिवादीहरूले जाहेरवालाबाट उक्त रकम डाँका चोरी गरेको भन्ने पुष्टि हुन आएको पाइयो। यसरी मिसिल संलग्न प्रमाणबाट जाहेरीमा उल्लिखित बिगो नै प्रतिवादीहरूले डाँका चोरी गरेको भन्ने खुल्न आएको अवस्थामा बरामदी रकमलाई मात्र बिगो कायम गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसला सो हदसम्म मिलेको नदेखिने।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणबाट प्रतिवादीहरू फैयाज अहमद, शंकर मल्लाह र सन्दीप शर्माले जाहेरी दरखास्तमा उल्लिखित बिगो रू.२९,५०,०००।- रकम नै डाँका चोरी गरेको भन्ने पुष्टि हुन आएको हुँदा प्रतिवादीहरूलाई बिगो रू. २९,५०,०००।- कायम गर्ने गरी रूपन्देही जिल्ला अदालतबाट मिति २०६९।६।१७ मा भएको फैसला केही उल्टी गरी प्रतिवादीहरू फैयाज अहमद, शंकर मल्लाह र सन्दीप शर्मालाई बरामदी बिगो रू. १,७४,७६५।- को डेढी जनही जरिवानासमेत हुने ठहर गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।७।४ को फैसला सो हदसम्म नमिलेकाले सो फैसला केही उल्टी भई प्रतिवादीहरू फैयाज अहमद, शंकर मल्लाह र सन्दीप शर्मालाई डाँका चोरीको कसुरमा जनही ६ (छ) वर्ष कैद र बिगो रू.२९,५०,०००। (उनान्तीस लाख पचास हजार) को डेढो बढाई हुन आउने रकम रू. ४४,२५,०००।- (चवालीस लाख पच्चीस हजार) जरिवानासमेत हुने ठहर गरी रूपन्देही

जिल्ला अदालतबाट मिति २०६९।६।१७ मा भएको फैसला मिलेको देखिँदा सो फैसला सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः विवेश गुरागाईं

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम्।

१०

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-RC-०१०९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शत्रूधन यादव*

प्रतिवादी र जाहेरवालीबीच विवाह गर्ने समझदारी भई निज दुवै जना केही दिनसम्म सँगै बसेको र नाबालक छोरा सोनुकुमार यादवसहित आफ्नो घर जान प्रतिवादीले जाहेरवालीलाई भन्दा निज जाहेरवालीले नमानेकोले निजको नाबालक छोरा मात्र लिई प्रतिवादी गएको देखिएको र सोपश्चात् करिब ४।५ घण्टापछि बच्चा भोक लागी खाना नखाएर मरेको भनी अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा उल्लेख गरेको र अदालतमा बयान गर्दा बच्चा बिरामीको कारणले मरेको भनी उल्लेख गरेको देखिएकोले निजको भनाई एक आपसमा बाझिनुका साथै निजको भनाइअनुसार बच्चाको मृत्यु भएको भए मौकामै घर परिवार तथा बच्चाको आमालाई खबर गर्नुपर्ने वा प्रहरीमा जानकारी गराउनु पर्नेमा सोसमेत केही गरेको देखिँदैन। प्रतिवादीले आफूले कर्तव्य गरी नाबालकलाई नमारेको भनी बयान गरेको भएतापनि निजले लास सिसौ घारीमा बोरामा बाँधेर फालेको र मृतकको लास जाँच मुचुल्काबाट घा चोट देखिनुका साथै Autopsy Report मा Circular ligature mark in the neck भन्दै मृत्युको कारणमा Asphyxial बाट मृत्यु भएको भनी उल्लेख भएको र लास जाँच गर्ने चिकित्सकले अदालतमा उपस्थित भई मृतकको घाँटी डोरीले कसिएर स्वासप्रश्वास अवरूद्ध भई कर्तव्यबाट मृत्यु भएको भन्ने बकपत्र गरेको देखिएको समेतबाट यी प्रतिवादीले कर्तव्य गरी मृतक सोनुकुमार यादवलाई मारी फालेको पुष्टि हुन आउने।

अतः विवेचित तथ्य, आधार र प्रमाणबाट प्रतिवादी शत्रूधन यादवले जाहेरवालीको बच्चा सोनुकुमार यादवलाई कर्तव्य गरी मारी बोरामा हालेर सिसौ घारीमा फालेको पुष्टि भएकाले निजलाई ज्यानसम्बन्धी महलको १ नं.को कसुरमा १३ नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू धनुषा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७१।२।१४ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल मङ्सिर ६ गते रोज २ शुभम्।

११

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-RC-००४०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुरेश परियारसमेत*

मृतकको पोस्टमार्टम रिपोटमा मृत्युको कारणमा टाउकोमा चोट लागी मृत्यु भएको (Blunt force injury to head) भन्ने उल्लेख भएको र शव परीक्षण गर्ने डाक्टरले अदालतमा उपस्थित भई मृतक शरीरको विभिन्न भागमा घाउ चोट हुनुका साथै देब्रे कन्चटको हड्डी दबेको, मगजको देब्रे भागमा झिल्लीभन्दा भित्र १०० मि.लि. लिटर बराबरको रगत भएको भन्ने बेहोरा लेखाई शव परीक्षण प्रतिवेदनलाई समर्थन गरी बकपत्र गरिदिएको पाइन्छ। लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन र प्रतिवेदक डाक्टरले अदालतमा उपस्थित भई गरिदिएको बकपत्रसमेतबाट मृतकको शरीरका विभिन्न भागमा प्रतिवादीहरूको कुटपिटको कारण लागेको चोटपटक र टाउकोमा चोट पुगेको कारण मृतकको मृत्यु भएको कुरा पुष्टि भएको पाइने।

प्रतिवादीहरू र मृतकको बाटोमा भेट भएको र प्रतिवादीमध्येका सुरेश परियारले पहिला मृतकलाई धकेलेको र सोपश्चात् अर्का प्रतिवादी चित्र केशव श्रेष्ठलेसमेत कुटपिट गर्नुका साथै निजहरूले चीरपट दाउरा र लात मुक्काले प्रहार गर्दा सोही चोटका कारण

निज जीतबहादुर कार्कीको मृत्यु भएको पुष्टि भएकाले प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीमध्येका सुरेश परियारले बालेको टर्च लाइटको प्रकाश मृतकको आँखामा परेका कारण प्रतिवादीहरू र मृतकका बीचमा विवाद भई धकेलपकेल हुँदा जितबहादुर कार्की लडेको र अर्का प्रतिवादी चित्र केशव श्रेष्ठले समेत प्रहार गरेको भन्ने देखिएको र निजहरूले मृतकलाई सोही स्थानमा छाडी गएपश्चात् निजलाई आफन्तले प्रहरीको सहयोगमा घर पुऱ्याई उपचारको लागि घरबाट अस्पताल लगिएको र अस्पतालमा नै मृत्यु भएको देखिएको अवस्थामा घटनाको जरिया, मृतक र प्रतिवादीहरूका बीचमा भएको सामान्य झगडा, प्रतिवादीहरूले मादक पदार्थ रक्सी सेवन गरेको र मृतकलाई कुटपिट गरी छाडेर गएकोलगायत अपराधको परिस्थितिलाई विचार गर्दा प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने हो कि भन्ने लागि अ.बं.१८८ नं. बमोजिम प्रतिवादी सुरेश परियारलाई १२(बाह्र) वर्ष सजाय हुन र अर्का प्रतिवादी चित्र केशव श्रेष्ठको हकमा निजको मृतकसँग वादविवाद परेको नदेखिएको र निजले प्रतिवादी सुरेश परियारले मृतकलाई दाउराले हानेपछि मात्र केही न्यून चोट मात्र हानेको देखिनुका साथै मृतकलाई मार्नु पर्ने कारणसमेत नभएको आधारमा निजलाई ५(पाँच) वर्ष कैद सजाय हुनु पर्ने भनी पुनरावेदन अदालत, सुर्खेतबाट व्यक्त भएको मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिमको रायसमेत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल मङ्सिर ६ गते रोज २ शुभम्।

१२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-०६४० र ०६८-CR-०७०३, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. अनुपसागर लामा र अनुपसागर लामा वि. नेपाल सरकार*

प्रतिवादीबाट बरामद भएको नगद लागु औषध बिक्री वितरणबाट प्राप्त भएको रकम हो भनी वादीले दाबी लिई पुष्टि गर्नसकेको देखिएन। केवल लागु औषध कारोबारीको सँगसाथबाट कुनै चिजवस्तु बरामद हुँदैमा ती चिजवस्तुसमेत लागु औषधको कारोबारमा प्रयोग गरिएका वा लागु औषधको कारोबारबाट प्राप्त भएको भनी अनुमानको भरमा जफत गर्न मिल्दैन। बरामदी मोवाइलबाट लागु औषध कारोबार गर्ने प्रयोजनका लागि यो यससँग यसरी सम्पर्क गरेको भनी वादीले दाबी लिनसमेत सकेको देखिँदैन भने प्रतिवादीबाट बरामद भएको नगद लागु औषध बिक्रिबाट प्राप्त गरेका हुन् भन्ने वस्तुनिष्ठ प्रमाण वादीले पेस गर्न नसकेको अवस्थामा ती चिजवस्तु र नगदसमेत जफत हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

कानूनले लागु औषध सेवनसमेतको कार्यलाई गैरकानूनी कार्यको रूपमा परिभाषित गरी सजायको व्यवस्था गरे पनि के कति परिमाणसम्मको लागु औषध साथमा बरामद भए त्यसलाई सेवनसम्ममा सजाय हुने र के कति परिमाणभन्दा बढी लागु औषध बरामद भएको अवस्थामा कारोबारतर्फको सजाय हुने भनी कानूनमा स्पष्टरूपमा उल्लेख गरेको नदेखिँदा बरामद लागु औषधको परिमाण, प्रकृति र अवस्थालाई मध्यनजर राखी सजाय गर्नुपर्ने देखियो। व्यवसाय नै सञ्चालन गर्ने गरी अवैधरूपमा ठूलो परिमाणमा लागु औषधको सञ्चय गरेको अवस्थामा सेवनकालागि मात्र खरिद गरी सञ्चय गरेको भनी अर्थ गर्न मिल्ने हुँदैन। नशाको लत भएका व्यक्तिले सानो परिमाणमा सञ्चय गरी निषेधित पदार्थ राखेको अवस्थामा मात्र सेवनका लागि राखेका हुन् भन्न सकिने।

प्रतिवादी अनुपसागर लामाको साथबाट १०७ ग्राम लागु औषध खैरो हेरोइन, ७ ग्राम चरेश र ४० वटा नाइट्राजेपाम ट्याबलेटसमेत बरामद भएको

भन्ने मिसिलबाट देखिएको र सो लागु औषध सञ्चय गर्न कानूनबमोजिम इजाजत लिएको भनी प्रतिवादीले देखाउन नसकेको हुँदा त्यति ठूलो परिमाणमा अवैध रूपमा लागु औषध खैरो हेरोइनसहितको मनोद्विपक पदार्थसमेत बोकी हिँडेको अवस्थामा निजले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अन्तर्गतको कसुरको उद्योग मात्र गरेका रहेछन् भनी अनुमानसम्म पनि गर्न नसकिने।

प्रतिवादी अनुपसागर लामाले साथमा लागु औषध बोकी बिक्री वितरण तथा ओसारपसारको कार्य गर्ने प्रयोजनका लागि तराजुसमेत लिई स्कुटर चलाई रहेको अवस्थामा बरामद भएको अवस्था छ। प्रतिवादीकी आफ्नै कान्छी आमा कमला लामाका नाममा रहेको स्कुटर आफ्नो होइन भन्ने प्रतिवादीको जिकिरका सम्बन्धमा हेर्दा कान्छी आमाका नाममा दर्ता भएको भए पनि सो स्कुटरको प्रयोगकर्ता प्रतिवादी नै रहेको भन्ने २ महिनादेखि घर छाडेर हिंडेको भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा खुलाएबाट समेत लगातार उक्त मोटरसाइकल प्रतिवादीले नै प्रयोग गर्दै आएका रहेछन् भन्ने पुष्टि हुन आयो । यस्तो अवस्थामा सो मोटरसाइकल प्रयोग गर्ने सवारीधनीको अनुमति थिएन भनी बहसको क्रममा उठाइएका नजिर सिद्धान्तसमेत प्रस्तुत मुद्दामा आकर्षित हुनसक्ने नदेखिने।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था तथा प्रमाणबाट प्रतिवादी अनुपसागर लामालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क)(घ)(च) र (छ)विपरीतको कसुरमा ऐ. दफा १४(ङ) बमोजिम सेवन गरेतर्फ तजबिजी रू. १०,०००।- (दश हजार रूपैयाँ) जरिवाना, ऐ.को दफा १४(१)(छ)(३) बमोजिम खैरो हेरोइन खरिद, बिक्री, सञ्चय, ओसारपसारतर्फ १५ (पन्ध्र) वर्ष कैद र रू. ५,००,०००।- (पाँच लाख रूपैयाँ) जरिवाना र नाइट्रोजेपाम ट्याबलेट खरिद बिक्री सञ्चयतर्फ ऐ. दफा १४(१)(झ) बमोजिम २ (दुई) वर्ष कैद सजाय र रू. १,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना गरेको हदसम्म ललितपुर जिल्ला अदालतको मिति २०६६।१२।९ को फैसलालाई सदर गरी चरेशको कारोबार गरेतर्फ सुरू जिल्ला अदालतले केही नबोलेको, स्कुटर र तराजुबाहेकका सामानसमेत जफत हुने ठहर गरेको र कैद असूल गर्न दण्ड सजायको महलको ४१ नं. विपरीत लगत कसी कैद ठेकेको हदसम्म सुरूको फैसला केही उल्टी गरी प्रतिवादीलाई चरेस बरामद भएकोतर्फ लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(घ)(१) बमोजिम ३ (तीन) महिना कैदसमेत हुने र बरामदी सामानमध्ये बा.२५ प.१५९७ नं.को स्कुटर एवम् तराजु जफत हुने र सोबाहेकका अन्य चिजवस्तु जफत हुन नसक्ने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।११।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल पुस ६ गते रोज ४ शुभम्।

१३

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०४८६, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *भास्कर मजगैंया वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाका प्रतिवादी भाष्कर मजगैंयाले प्राप्त गरेको इन्टरमिडियट तहको प्रमाणपत्र झुट्टा रहेको पुष्टि भएको अवस्थामा निजले सो प्रमाणपत्र असल नियतले पेस गरेको भन्ने देखिएन । बढुवा पाउने उद्देश्यबाट प्रेरित भएर झुट्टा र नक्कली प्रमाणपत्र पेस भएको अवस्थामा सो प्रमाणपत्रबाट कुनै फाइदा नलिएको र उक्त कार्यबाट अन्य कसैलाई हानि नोक्सानीसमेत नभएको भन्ने आधारमा मात्र पुनरावेदक प्रतिवादी भाष्कर मजगैंयाले कानूनबमोजिमको सजायबाट उन्मुक्ति पाउनसक्ने देखिएन । तसर्थ प्रतिवादीलाई कसुरदार ठहर गरी भएको विशेष अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था, नजिर सिद्धान्त र प्रमाणको आधारमा प्रतिवादी भाष्कर मजगैंयाले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को

दफा १२ को कसुर गरेको ठहर गरी निज प्रतिवादीलाई ऐ. ऐनको दफा २९(२) बमोजिम रू. ५००।- (पाँच सय रूपैयाँ) जरिवाना हुने ठहर गरी विशेष अदालत, काठमाडौँबाट मिति २०६८।४।३० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल असार १३ गते रोज ३ शुभम्।

१४

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०३४६, कर्तव्य ज्यान, *यामबहादुर वि.क. वि. नेपाल सरकार*

सहप्रतिवादी डम्बर वादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा मृतक डिल्ली रावल र निज डम्बर वादी रातको समयमा आउँदै गर्दा बाटो कुरी बसेका यामबहादुरले मृतकलाई ४/५ पटक इपिलको लाठीले प्रहार गरी निजको मृत्यु भएपछि मसमेत भई घिसारेर कुलोमा फालेको भनी खुलाएका र अदालतमा बयान गर्दा राति ९.३० बजे मादक पदार्थ सेवन गरेका यामबहादुर वि.क. र डिल्ली रावललाई घर पुऱ्याई १ क्वाटर रक्सी लिएर आउन विजय गुरूङले अह्राएकाले शाही कोल्ड स्टोरमा गई रक्सी किनी प्रतिवादी यामबहादुर वि.क. र डिल्ली रावललाई घर जानुभन्दा राति १०.०० बजे लिनुदिनुको कुरामा दुईजना झगडा गर्न थालेपछि मैले सम्झाउँदा यामबहादुर वि.क.ले मलाई पिट्छु भनेका हुँदा चुप लागेको र यामबहादुर वि.क.ले इपिलको लठ्ठीले ५/६ पटक मृतकलाई हान्दा घटनास्थलमै मृत्यु भएपछि लास यामबहादुर वि.क. र मसमेत भई कुलोमा फालेको भनी बयान गरेको देखिँदा मृतकलाई पुनरावेदक प्रतिवादी यामबहादुर वि.क.ले टाउकामा लाठीले हान्दा सोही कारण मृतकको मृत्यु भएको भन्ने खुल्न आउने।

प्रस्तुत मुद्दामा मौकामा बयान गर्दाको समयमा पुनरावेदक प्रतिवादीले आफूले भनेको कुरा बुझ्न नसक्ने अवस्थामा रहेको भनी जिकिर नलिई डर त्रासबाट कसुरमा साबित रही बयान दिएको भनी अदालतमा बयान गरेको पाइन्छ। तर मौकामा बयान गर्दा अधिकारप्राप्त अधिकारीबाट के कस्तो प्रकारको डर त्रास धम्की दिइएको थियो भन्ने कहीँकतै खुलाउन सकेको देखिएन। अदालतको इन्कारी बयानलाई पुष्टि गर्ने तथ्ययुक्त प्रमाण पेस गरी आफ्नो निर्दोषिता प्रमाणित गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २७अनुसार प्रतिवादीको नै हुन्छ। प्रतिवादीले प्रहरीद्वारा कुटपिट गरेको भन्न नसकी कुटपिट गर्छन् भन्ने डरबाट कसुरमा साबित रहेको भनी अदालतमा आई इन्कारी बयान दिएकै आधारमा प्रतिवादी निर्दोष रहेछन् भन्न नमिल्ने।

सहप्रतिवादीको मौकाको र अदालतको बयान, मौकामा बुझिएका मानिसहरूको मौकाको कागज तथा बकपत्रसमेतका प्रमाणहरूबाट पुनरावेदक प्रतिवादीको मौकाको साबिति बयान समर्थित भइरहेको देखिएको र पुनरावेदक प्रतिवादीका साक्षीले अदालतमा बकपत्र गर्दा उक्त वारदातमा पुनरावेदक प्रतिवादीको संलग्नता रहेको थिएन भनी किटान गरी बकपत्र गर्न नसकेको अवस्थासमेतका प्रमाणहरूबाट पुनरावेदक प्रतिवादी निर्दोष रहेछन् भन्न मिल्ने नदेखिँदा अभियोग दाबीबाट सफाई पाउनु पर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ पुनरावेदन अदालत, सुर्खेतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था, आधार र प्रमाणसमेतबाट प्रतिवादी यामबहादुर वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी भएको सुरू सुर्खेत जिल्ला अदालतको फैसलालाई सदर ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६८।१।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ५ गते रोज ४ शुभम्।

१५

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०६३३, कर्तव्य ज्यान तथा रहजनी चोरी, *जीवन खवास वि. नेपाल*

*सरकार*

पुनरावेदक प्रतिवादीले ८७ वर्षको वृद्धलाई मारी पैसा लुट्ने पूर्वयोजना बनाई सो योजनाअनुसार मृतकको हत्या गरी निजसँग भएको नगदसमेत लुटी चोरी लगेको अवस्था देखिन्छ। पुनरावेदक प्रतिवादीले आपराधिक मनसाय लिई सुनियोजित ढङ्गबाट योजनासमेत बनाई ८७ वर्षको वृद्धलाई एकान्त जङ्गलमा एक्लै पारी छुरी तथा लाठा र डण्डा प्रयोग गरी कर्तव्य गरी मारेको अवस्था हुँदा निजको सो कार्य गम्भीर प्रकृतिको कसुर भएको पुष्टि हुन आयो। कुनै अभियुक्तले आपराधिक कार्य गर्ने मनसाय लिई आपराधिक कार्य घटाउन पुग्छ भने त्यस्तो कार्यलाई गम्भीर कसुर मान्नु पर्ने हुन्छ। आपराधिक मनसायबाट आपराधिक कार्य घट्न गएको अवस्थामा फौजदारी कानूनले निर्धारण गरेअनुसारको सजाय हुने नै देखिँदा पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा गरी रहन नपर्ने।

मुलुकी ऐन, अ.बं. १८८ नं.को प्रयोग गरी कम सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिर रहेको सन्दर्भमा हेर्दा मुलुकी ऐन, अ.बं. १८८ नं. अनुरूप सजाय घटाउन पाउने न्यायाधीशको स्वविवेकीय अधिकार हो, पक्षको अधिकारको कुरा होइन। अ.बं. १८८ नं. अनुरूप सजाय घटाउन दाबी लिनसक्ने गरी पक्षलाई कानूनले अधिकार नदिएको अवस्थामा पुनरावेदक प्रतिवादीले अ.बं. १८८ नं. बमोजिम सजाय घटाइपाउँ भनी लिएको जिकिर कानूनसम्मत नदेखिने।

अतः माथि विवेचित तथ्य, आधार प्रमाणबाट र विवेचनाबाट पुनरावेदक प्रतिवादी जीवन खवासलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू इलाम जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६८।१।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ५ गते रोज ४ शुभम्।

१६

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०३६७, कर्तव्य ज्यान, *करन राना वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले मृतकलाई मार्नु पर्नेसम्मको पूर्वइवीलाग केही नभएको र पूर्वयोजना नभएको भन्ने देखिए पनि पुनरावेदक प्रतिवादीले मृतकलाई जङ्गलदेखि लखेट्दै विवाह घरसम्म पुऱ्याएको भन्ने देखिँदा उसै मौकामा उठेको रिस थाम्न नसकी साधारण लाठा, ढुङ्गा, लात, मुक्का आदिले हान्दा मृतकको मृत्यु भएको भनी अर्थ गर्न मिल्ने देखिएन। एक भाइले मृतकको हात समाती अर्को भाइले टाउकोजस्तो संवेदनशील अङ्गमा साजको लाठाले हान्ने कार्य गरेको देखिँदा त्यस्तो कार्यलाई आवेशप्रेरित हत्या हो भनी अर्थ गर्न नमिल्ने।

सामान्य समझ भएका व्यक्तिलाई टाउकोजस्तो संवेदनशील भागमा लाठाले हान्दा मानिस मर्नसक्छ भन्ने ज्ञान थिएन भनी कल्पना गर्न सकिँदैन। आफ्नी सालीसँग बसेको देखेको अवस्थामा सोही स्थानमा नै वारदात घटेको भन्ने नदेखिई विवाद सुरू भएको स्थानबाट अर्को स्थानमा पुगीसकेका मृतकलाई दुई भाइले मिली एउटाले हात समात्ने र अर्कोले काठको लाठाले टाउकोजस्तो संवेदनशील अङ्गमा प्रहार गर्ने कार्य गरी हत्या गरेको देखिँदा प्रतिवादीको मृतकलाई मार्ने मनसाय थिएन कि भन्ने अनुमानसम्म गर्न सकिने अवस्था देखिएन। कुटपिटमा प्रयोग भएको साधन र कुटपिट गरिएको अङ्गसमेतको अवस्थालाई हेर्दा उक्त वारदात भवितव्यबस भएको भनी मान्न नमिल्ने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था, आधार र प्रमाणसमेतबाट पुनरावेदक प्रतिवादी करन रानालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी भएको कञ्चनपुर जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६८।२।१८ मा भएको फैसला मिलेको देखिँदा

सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ३ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-१०३१, लागु औषध (खैरो हेरोइन), *सन्तोष साह वि. नेपाल सरकार*

मौकामा साबिती बयान गर्ने प्रतिवादीले अदालतमा इन्कारी बयान गर्दा साबिती बयान खण्डन हुने प्रमाण पेस गरेको हुनु वाञ्छनीय हुन्छ । कुन अपराधमा प्रमाणको भार कसमा राख्ने भन्ने कुरा विधायिकी नीतिको कुरा हो । अपराधको प्रकृति, यसमा संलग्न पक्षहरूको भूमिकाजन्य प्रकृति र आपराधिक कार्यशैलीको आधारमा राज्यले प्रमाणको भारसम्बन्धी व्यवस्था निर्धारण गरेको हुन्छ । राज्यले सामान्य परम्परागत अपराधहरूमा प्रमाणको भार वादीमा राखेको छ भने यस प्रकृतिको विषयगत मुद्दामा प्रमाणको भार प्रतिवादीमा राखेको छ । तीन जना प्रतिवादी सँगसाथमा रहेको अवस्थामा प्रतिवादी राकेश चौधरीबाट उपर्युक्त (७४ ग्राम) परिमाणको लागु औषध (खैरो हेरोइन) बरामद भएको देखिन्छ । मौकामा तीन जना प्रतिवादीले एकै बेहोराले योजनाअनुसार लागु औषध बिक्री गर्न बरामदस्थल मनहरा पुलको मुखमा पुगेको स्वीकार गरेकोमा अदालतको बयानमा प्रतिवादी राकेश चौधरी र नवराज चौलागाईको सँगसाथमा नरहेको र आफू बाबा सप्तरी होटलबाट पक्राउ परेको भनी इन्कार रहेको प्रमाण पेस गर्नसकेको नदेखिने ।

लागु औषधको कारोबार गर्न सँगै रहेका धेरै जना छन् र लागु औषध एक जनाबाट मात्र बरामद भई अन्य सँगै रहेका व्यक्तिबाट लागु औषध बरामद भएन भने लागु औषध बरामद नहुने प्रतिवादीको हकमा के हुने भन्ने पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा यी पुनरावेदक प्रतिवादीबाट लागु औषध बरामद भएको देखिँदैन । तर निजसँगबाट लागु औषध खरिद गर्न रकम पठाएको International money express (IME) pvt. ltd. को रसिद फेला परेको छ । त्यो रसिदबमोजिमको रकम लागु औषध खरिद गर्न सुनैनादेवीलाई पठाएको होइन, अरू नै प्रयोजनको लागि पठाएको भन्ने कुरा प्रमाणित गर्नसकेको अवस्थाको विद्यमानता देखिएको नपाइने ।

अतः माथि गरिएको विवेचना, आधार, कारण, प्रतिपादित सिद्धान्त र लागु औषध बरामद नभएका समान अवस्थाका प्रतिवादी नवराज चौलागाईंले मुद्दा फिर्ता लिई कसुर साबित गरेबाट समेत यी पुनरावेदक प्रतिवादीको हकमा पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१२।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल जेठ २३ गते १ रोज शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-WO-०८३२, उत्प्रेषण, *शंकरमान डंगोल वि. ऋण असुली पुनरावेदन न्यायाधिकरण, अनामनगर, काठमाडौंसमेत*

कुनै कुराको कानूनमा स्पष्ट व्यवस्था भएकोमा सो कानूनको अक्षरश: पालना गर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा रिट निवेदकले कानूनअनुरूप दिएको सुविधा एवम् व्यवस्थाको पालना गरेको पाइएन । प्रस्तुत मुद्दामा पुनरावेदन दिने कानूनी व्यवस्था नभएको अवस्था नभई ऐनमा पुनरावेदन दिन पाउने अवस्था हुँदाहुँदै पुनरावेदनको रोहमा प्रवेश नगरी रिट क्षेत्रबाट आएको देखियो । कानूनी उपचारको अवस्था हुँदाहुँदै रिटक्षेत्र आकर्षित नहुने ।

रिटक्षेत्र आफूलाई परेको पीर मर्का समस्या समाधान गर्न कुनै कानूनी एवम् अन्य कुनै वैकल्पिक उपचार नभएको अवस्थामा रिट क्षेत्र आकर्षित हुने हो तर प्रस्तुत मुद्दामा अन्य वैकल्पिक उपाय पुनरावेदन गर्ने व्यवस्था हुँदाहुँदै रिट क्षेत्रबाट आएको देखिँदा

प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृत: जयराम श्रेष्ठ
कम्प्युटर: देवीमाया खतिवडा
इति संवत् २०७३ साल पुस २५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७३-WH-००३३, बन्दीप्रत्यक्षीकरण, *रोना राना वि. कारागार कार्यालय, कञ्चनपुर महेन्द्रनगरसमेत*

प्रतिवादी बन्दी रोना राना मगर मिति २०६९।१।६ को कञ्चनपुर जिल्ला अदालतको फैसला र मिति २०७०।११।५ को पुनरावेदन अदालत, महेन्द्रनगरको फैसलाबाट कैद तथा जरिवानाबापत मिति २०६९।१।६ देखि कैदमा रहिरहेको देखियो । सम्मानित सर्वोच्च अदालतको पूर्ण इजलासबाट ने.का.प. २०६७, अङ्क १२, नि.नं. ८५१६ मा प्रतिपादित कानूनी सिद्धान्तमा "जबरजस्ती चोरी गर्नेलाई जरिवानाबापत पनि कैद गर्नुपर्छ" भन्ने व्यवस्थाबमोजिम जरिवाना बापत कैद गर्दा दण्ड सजायको ३८ नं.ले अधिकतम ४ वर्षभन्दा बढी कैद गर्न नहुने भन्ने सिद्धान्त देखिएकोमा यी बन्दी २०६९।१।६ देखि कैद थुनामा रहिरहेको देखिँदा निजलाई लागेको कैद तथा जरिवानाबापत बस्नु पर्ने कैद वर्ष ४ तथा चोरीबापतको १ महिना १५ दिनसमेत गरी जम्मा ४ वर्ष १ महिना १५ दिन कैद भएकोमा सो कैद भुक्तान भइसकेको कुरा निजको कैदी पूर्जीबाट गणना गर्दा देखिन आएकोले कैद तथा जरिवानाबापत कैद भुक्तान भइसकेको व्यक्तिलाई अरू कैदमा राख्नु उक्त ३८ नं. समेतको विपरीत हुने देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।
इजलास अधिकृत: जयराम श्रेष्ठ
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल पुस २५ गते रोज ०२ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०३७०, ०७९०, ०९२३, ०९३५, जबरजस्ती करणी र चोरी, *विशाल लामा भन्ने अर्जुन ब्लोन वि. नेपाल सरकार, जीवन स्याङ्बो लामा वि. नेपाल सरकार, सुनिल रोक्कामगर वि. नेपाल सरकार, करण धामी वि. नेपाल सरकार*

जाहेरवालीहरूले मौकामा पुनरावेदक प्रतिवादीहरूले जबरजस्ती करणी गरी धनमाल चोरी गरेको भनी लेखाएकोमा अदालतमा पनि सो बेहोरा समर्थन गरी बकपत्र गरेको देखिन्छ । यस सम्बन्धमा पुनरावेदक प्रतिवादीहरूले जाहेरवालीहरू बेहोस अवस्थामा भएको हुँदा उनीहरूलाई करणी भएको वा नभएको सम्बन्धमा थाहा नहुने हुँदा प्रमाणमा लिन नमिल्ने जिकिर गरेको देखिन्छ । तर पीडितहरूले आफूलाई परेको पीडा दर्शाई लेखाएको अवस्थामा झिनामिना कुरा फरक परेको कुरालाई आधार बनाई यस अदालतले कसुरदारलाई सफाई दिन नमिल्ने।

प्रत्यक्ष असरका कारण पीडित अविवाहित अवस्थामा अध्ययनरत रहँदारहँदै गर्भवती भई गर्भपतन गराउन विवश भएको कुरा मिसिल संलग्न नेपाल परिवार नियोजन संघ चितवन शाखाको पुर्जीबाट देखिन्छ । त्यस्तो अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १० को उपदफा (१) को खण्ड (ख) अनुसार कुनै काम घटना वा अवस्थाका सम्बन्धमा सो काम घटना वा अवस्थाबाट पीडित भएका व्यक्तिले मौकामा समेत व्यक्त गरेका कुरा प्रमाणमा लिन मिल्ने नै हुँदा जाहेरवालीहरूको मौकाको कागज र बकपत्रसमेत प्रतिवादीहरू विरूद्ध प्रमाणयोग्य देखिने।

मौकामा कागज गर्नेहरूले जबरजस्ती करणी भएको देखेकै हुनुपर्दछ भन्ने हुँदैन। किनभने जबरजस्ती करणी कसैले नदेख्ने गरी गरिने क्रियाकलाप हो । त्यो कुरा पीडित र कारणीलाई थाहा हुने हो । जबरजस्ती करणी गर्ने व्यक्ति आफूले गरेको कसुरबाट उम्कन सदैव प्रयत्नरत हुन्छ। त्यसैले अदालतमा इन्कारी बयान गर्ने कार्य भएको हुन्छ । यस अवस्थामा पीडितले व्यक्त गरेको कुराले यस्तो विवादमा मान्यता पाउने हुन्छ । एवम् प्रकारले पीडितले अरूसमक्ष व्यक्त गरेको सुनेर पुन व्यक्त गर्नेहरूले पनि पीडितको भनाई नै व्यक्त गर्ने

हुँदा मौकामा कागज गर्ने लक्ष्मी सापकोटा, यज्ञप्रसाद सापकोटा र विवमाया वि.क.को बकपत्र प्रमाणयोग्य देखिँदा पुनरावेदक प्रतिवादीहरूले जाहेरवालीहरूलाई जबरजस्ती करणी अभियोग दाबीबमोजिमको कसुर गरेको तथ्य स्थापित हुन आउने।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं.को देहाय ५ मा बीस वर्ष वा सोभन्दा बढी उमेरकी महिलालाई जबरजस्ती करणी गर्नेलाई पाँच वर्षदेखि सातवर्षसम्म कैद सजाय हुने र दफा ३ क बमोजिम महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप ५ वर्ष कैद गर्नुपर्छ भन्ने व्यवस्था भएको देखिन्छ। माथि गरिएको विश्लेषणबाट पुनरावेदक प्रतिवादीहरूले जाहेरवालीहरूलाई सामूहिक रूपमा जबरजस्ती करणी गरेको तथ्य स्थापित भएको छ । सुरू अदालतले जबरजस्ती करणी गरेकोमा प्रतिवादीहरू करण धामीले बाहेक अन्य पुनरावेदक प्रतिवादीले पुनरावेदन नगरी स्वीकार गरेको देखिन्छ। पुनरावेदन अदालत, हेटौंडाले कसुरदार ठहर गरेकोमा कसुरदार देखिएका राजु कार्कीले सो फैसला स्वीकार गरेको देखियो। यसरी फैसला स्वीकार गर्ने ५ जनाको समूहमा संलग्न रही सामूहिक जबरजस्ती करणीको वारदात भएको विद्यमानतामा पुनरावेदन अदालत, हेटौंडाबाट पुनरावेदक प्रतिवादीहरूलाई जबरजस्ती करणीको महलको ३ नं. को देहाय ५ अनुसारको ५ वर्ष र ऐ. को ३ क नं. बमोजिमको थप ५ वर्षसमेत गरी १० वर्ष कैद सजाय हुनेसमेत ठहर गरी गरेको फैसला तथ्यगत रूपमा अन्यथा नदेखिने।

जाहेरवाली... माया गुरूङको घरबाट चोरी भएका धनमालमध्ये मोबाइल, सुनको सिक्री र नौगेडी जाहेरवाली... माया गुरूङले फिर्ता लगी अन्य समानहरू प्रतिवादीहरूले बिक्री गरी नगदमा परिणत गरी चोरीको नगदसमेत यी ४ जना पुनरावेदक प्रतिवादीले बाँडी लिएको भन्ने कुरा प्रतिवादी जीवन स्याङ्वो लामाको अदालतको बयानबाट देखिँदा प्रतिवादीहरूले चोरी गरेकोसमेत ठहर्ने।

पुनरावेदक प्रतिवादीहरूले जाहेरवालीहरूलाई नसालु पदार्थ हाली खुवाई लठ्याई लट्ठिएपछि जबरजस्ती करणी गरी घरमा भएका धनमालसमेत चोरी गरेकोमा जबरजस्ती करणी गरेको कसुरमा ठूलो हद १० वर्ष कैद सजाय भएपछि चोरीको महलको १२ र १८ नं. बमोजिमको सजाय गर्न मिल्ने नदेखिँदा पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।३।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल जेठ २६ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-WO-०७२५, उत्प्रेषण / परमादेश, *हृदयरत्न शाक्य वि. नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

आफूभन्दा तल्लो दर्जाको कर्मचारीको काम कारवाही व्यवहार निवेदकलाई मन नपर्न सक्छ। तर, त्यसको समाधान मन नपर्ने व्यक्तिलाई कुटपिट गर्नु नभई अधिकारप्राप्त अधिकारीसमक्ष मौखिक लिखित उजुरी गरी समस्याको समाधान गर्नुपर्ने दायित्व पनि हो। उक्त प्रक्रिया नअपनाई निवेदकले निम्न स्तरको कार्यालय सहयोगीलाई कुटपिट गरेको कार्य सर्वथा अनुचित छ। उपर्युक्त तथ्यलाई निवेदकको निवेदनमा अन्यथा भन्न नसकेको हुँदा निजले अनुशासनहीन कार्य गरेको भन्ने नै देखिन आउने।

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति कर्मचारी सेवासर्त नियमावली, २०६५ को नियम ११६(३)मा "कर्मचारीले आफूभन्दा माथिका सबै कर्मचारीहरूप्रति उचित आदर देखाउनु पर्नेछ र आफूमुनिका सबै कर्मचारीहरूप्रति उचित व्यवहार गर्नुपर्नेछ" भनी कर्मचारीले कार्यालयमा काम गर्दा अवलम्बन गर्नुपर्ने अनुशासन आज्ञापालनसम्बन्धी कानूनी व्यवस्था गरेको पाइयो । आफूभन्दा तल्लो

स्तरको कर्मचारी रामसिंह साउदलाई कुटपिट गरेको कार्य अनुशासनविपरीतको रहेको भन्नेमा विवाद छैन। अनुशासनहीन कर्मचारीलाई कारवाही गर्ने, नगर्ने, के कस्तो कारवाही गर्ने भन्ने विषय कानूनले अधिकार दिएको कार्यालय, प्रमुखको विवेकको विषय हो। प्रत्यक्ष रूपमा कानूनको त्रुटि नदेखिएसम्म यो यस्तो सजाय गर भनी अदालतले निर्देश गर्नु उपयुक्त नहुने।

निवेदकलाई सजाय गर्नुभन्दा अगाडि ऐ. नियमावलीको नियम १४८(१) बमोजिम स्पष्टीकरण सोधी निजलाई आफ्नो भनाई पेस गर्ने मौका दिएको देखिन्छ । निवेदकलाई ऐ. नियमावलीको नियम १४२(क) को कसुरमा ऐ. नियमावलीको नियम १४०(क)(३) बमोजिम सजाय गरेको अवस्था छ । नियम १४२(क) बमोजिमको अनुशासनहीन कार्य गरेमा त्यस्तो कर्मचारीलाई नियम १४०(क)(३) अनुसार दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलब वृद्धिसम्म रोक्का गर्न सक्ने अधिकार ऐ. नियमावलीको नियम १४४(१) को देहाय (ख) नं. ले विपक्षी कार्यकारी निर्देशकलाई अधिकार दिएको देखिन्छ। कार्यकारी निर्देशकबाट निवेदकको दुई तलब वृद्धि रोक्का गर्ने गरी भएको सजाय ऐ. नियम १४०(क)(३) मा भएको सजायको न्यूनतम हदको रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाको सन्दर्भमा समेत कार्यालय समयमा सहयोगी कर्मचारीमाथि कुटपिट गर्ने कार्य कसुरको दृष्टिकोणबाट विपक्षी कार्यकारी निर्देशकले निवेदकको दुई तलब वृद्धि रोक्का गर्ने गरी मिति २०६६।१।९ मा गरेको निर्णय न्यायोचित नै रहेको पाइने।

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति (गठन) आदेश, २०५२ को दफा ५ बमोजिम पचास प्रतिशत सदस्यहरू उपस्थित भएपछि गणपूरक संख्या पुगेको मानिने र बहुमतको राय मान्य हुनेसमेतको कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा सुरू सजाय गर्ने अधिकारी कार्यकारी निर्देशक, समितिमा रहेकै कारणले निवेदकलाई मिति २०६६।१।९ मा भएको दुई तलब वृद्धि गर्ने सजायलाई सदर गरेको मिति २०६८।८।१६ को समितिको निर्णयमा सदस्य सचिवको हैसियतले विपक्षी कार्यकारी निर्देशकले पूर्वाग्रही भूमिका निभाउन सक्ने अवस्था र विश्वासिलो आधार देखिँदैन र तथ्यगत रूपमा प्रमाणबाट निवेदकले पुष्टि गर्नसकेको पनि पाइएन। यसप्रकार पुनरावेदनको रोहमा भएको समितिको निर्णयसमेतमा कुनै कानूनी त्रुटि रहेको नदेखिने।

अतः माथि विवेचित आधार र प्रमाणबाट निवेदक हृदय रत्न शाक्यलाई राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति कर्मचारी सेवासर्त नियमावली, २०६५ को नियम १४२ को खण्ड (क) बमोजिमको कसुरमा ऐ. नियम १४२ को खण्ड (क)(३) बमोजिम निजको दुई तलब वृद्धि रोक्का गर्ने गरी ऐ. कार्यकारी निर्देशकबाट मिति २०६६।१।९ मा भएको निर्णय र उक्त निर्णयउपर पुनरावेदन सुनी पुनरावेदनको रोहमा उक्त निर्णय सदर हुने ठहऱ्याई समितिबाट मिति २०६८।८।१६ मा भएको निर्णयसमेतमा कुनै कानूनी त्रुटि नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल फागुन १७ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६६-WO-१३०३, उत्प्रेषण / परमादेश, *बद्रीप्रसाद शर्मा घिमिरे वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत*

सामान्यत: बढुवा नियुक्तिसमेतका कुनै किसिमको नियुक्ति विज्ञापन भएको पदसंख्याभित्र नै सीमित रहनु पर्ने हुन्छ । निवेदकको विज्ञापन भएको पद संख्याभित्र बढुवा नियुक्ति हुने अवस्था देखिँदैन । अदालतबाट जारी भएको उल्लिखित उत्प्रेषणयुक्त परमादेशबाट निवेदक विज्ञापन भएको पदसंख्या १९ भित्र बढुवामा पर्न नसकेपछि परिणामत: निवेदकको तत्कालीन बढुवा कायम रहन सक्ने अवस्था नै देखिन आउँदैन । तसर्थ विज्ञापन

नं.१८०।०६० अन्तर्गत कार्यक्षमताको आधारमा हुने निम्न माध्यामिक विद्यालय द्वितीय श्रेणीको शिक्षक पद संख्या १९ भएकोमा सोही पद संख्याभित्र नै उल्लिखित संशोधित सूचनाबाट हटाएका गोपिचन्द्र साहलाई बढुवा नियुक्ति दिनु पर्ने स्थितिमा १९ औ नं.का निवेदक बद्रीप्रसाद शर्मा घिमिरे स्वत: हट्न जाने स्थिति देखिन आएकोले यी निवेदक बद्रीप्रसाद शर्मा घिमिरेको नाम बढुवा सूचीबाट हट्न जाने भएको भनी जिल्ला शिक्षा कार्यालय, सर्लाहीसमेतले उपर्युक्त निम्न माध्यामिक विद्यालय द्वितीय श्रेणीको शिक्षक पदको नियुक्ति बदर गरेको निर्णय अदालतको उल्लिखित उत्प्रेषणयुक्त परमादेशको प्रभाव र परिणामलाई विचार गरी गरेको देखिँदा कानूनसम्मत भई मिलेकै देखिँदा उत्प्रेषणको आदेशद्धारा बदर हुने नदेखिने।

बढुवा ऐन, नियमबमोजिम हुने भई बढुवाका आधारहरू पनि कानूनले निश्चित गरेको हुन्छ। तथापि अघिल्लो विज्ञापनको बढुवा कायम नरहेपछि पछिल्लो विज्ञापनमा अन्यसरह बढुवा हुन पाउनु पनि निवेदकको अधिकार नै रहेकोमा मुद्दाको कामकारवाहीको ढिलाइसमेतका कारणले निवेदक सो पछिल्लो पटकको निश्चित रहेको बढुवाबाट वञ्चित हुँदा अन्यसरह बढुवा पाउने समान अधिकारबाट वञ्चित हुने, निवेदकलाई मर्का पर्ने पनि निश्चित देखिएको छ। यस किसिमको अवस्था परिस्थितिको सिर्जना अन्तत: कानूनी व्यवस्थाबमोजिमको सारवान् नियमको कारणले भन्दा पनि कार्यविधिगत नियमको व्यवहारिक प्रयोगका क्रममा आउने व्यवहारिक कठिनाई, बाधा अवरोध, ढिलाईसमेतको कारण र परिणामस्वरूप भएको देखियो। त्यसरी अघिल्लो बढुवा बदर भएकोमा पछिल्लो बढुवा विज्ञापनमा कानूनबमोजिम अन्यसरह जेष्ठता कायम गर्दा पोजेटिभ लको मेन्टेनेन्स (Maintenance of positive order) सम्म हुन जाने हुन्छ। त्यस किसिमको नियम (Maintenance of positive order by the conscientious application of appropriate general rule) बमोजिम पछिल्लो विज्ञापनमा अन्यसरह जेष्ठता कायम गर्दा विधि र न्यायसङ्गतसमेत हुने नै देखियो। अतएव: अघिल्लो विज्ञापन नं.१८०।०६० बाट बढुवा भएको कारणले पछिल्लो विज्ञापनको बढुवामा समावेश हुन नपाएको तर अघिल्लो विज्ञापनअनुसारको बढुवा बदर भएको स्थिति देखिएकोले तत्पश्चात्को पछिल्लो विज्ञापनमा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २८ समेतका आधारमा मूल्याङ्कन गरी जेष्ठता कायम गर्नुपर्ने देखिन आउने।

तसर्थ निवेदकले अघिल्लो विज्ञापनमा अङ्क गणना गर्दा ८१.६७ अङ्क ल्याएको देखिँदा पछिल्लो विज्ञापन नं.००३।०६४-०६५ बाट निवेदक बद्रीप्रसाद शर्मा घिमिरेको मूल्याङ्कनको अङ्कभन्दा कम अङ्क हुने शिक्षकहरूले समेत बढुवा नियुक्ति पाएको स्थितिमा पछिल्लो बढुवा सूचना नं. ००३।०६४-०६५ अनुसार बढुवा सिफारिस गरिएका योग्यताक्रमका उम्मेदवारसरह जेष्ठता गणना हुने गरी बढुवा हुँदा कानून र न्यायसङ्गत हुने देखिएकोले सोअनुसार जेष्ठता कायम गरी बढुवा गरी नियुक्ति दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसम्म जारी हुने।

इजलास अधिकृत**:** हर्कबहादुर क्षेत्री

कम्प्युटर**:** मन्दिरा रानाभाट

इति संवत् २०७३ साल फागुन ९ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-WO-०७३५, परमादेश, *सिवानी खरेल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंसमेत*

निवेदकमध्येकी शर्मिला गौतमले विपिन खरेल आफ्नो लोग्ने भएको र छोरीको नागरिकता बनाउन पिता विपिन खरेललाई खोजतलास गरिपाउँ भनी जिल्ला प्रशासनमा निवेदन गरेको भन्ने देखिएकोमा सोही विषयमा सोधपुछ गर्न विपिन खरेललाई महानगरीय प्रहरी परिसर काठमाडौंले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा उपस्थित गराएपश्चात् विपिन खरेलले पुनरावेदन अदालत, पाटनमा निषेधाज्ञाको

रिट निवेदन दिएको भए पनि शर्मिला गौतम पत्नी र सिवानी खरेल छोरी नभएको भनी निज विपिन खरेलले पुष्ट्याईं गरेकोसमेत मिसिल प्रमाणबाट देखिन आउदैन। निवेदकको प्रमाणपत्रमा उल्लिखित विवरण खुलाउन बाबुको भुमिका रहेको भन्ने नदेखिए तापनि आमाले खुलाएका विवरणको आधार पनि अन्यथा प्रमाणित नभएसम्म प्रमाणिक महत्त्व रहने हुँदा त्यस्तो कथनलाई नजर अन्दाज गर्न नमिल्ने।

प्रस्तुत मुद्दाको प्रकृति हेर्दा हाल बाबु पत्ता लाग्न नसकेको र बाबुको नागरिकता पेस नभएको कारणले नागरिकता प्राप्तिमा निवेदकले कठिनाई (Hardship) भोग्नु परेको अवस्थासम्म देखिन्छ। तथापि आमाको ठेगाना स्पस्ट खुल्न आएको देखिँदा निवेदकको मागबमोजिम आमाको ठेगानाबाट नागरिकता जारी गर्दासमेत कानूनविपरीत हुने नदेखिने।

नेपालको संविधान, कानून र प्रतिपादित नजिर सिद्धान्तसमेतले बाबु वा आमा नेपाली नागरिक भएमा वंशजको आधारबाट नागरिकता लिनसक्ने नै कानूनी व्यवस्था देखिएको र सन्तानको लागि बाबु वा आमा समान वंशीय आधारसमेत हो। बाबु बेपत्ता भएको कारण वा बाबुले सहयोग नगरेको कारणले बाबुको ठेगानाबाट नागरिकता लिन नसक्ने अवस्था पनि रहने हुँदा बाबुको पहिचानसँग सम्बन्धित नामथरलाई निवेदकले खुलाउन चाहेकोमा आमा वा सन्तानले खुलाएको बाबुको नामथर वा बाबुको थाहा हुन आएको नामथर लेख्न चाहेको कारणले मात्र नागरिकताबाट वञ्चित गरिनु पनि मनासिब मान्न मिल्ने नदेखिने।

निवेदकले भरेको नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची १ र सोसाथ पेस भएका कागजातहरू तथा बुझ्नु पर्ने प्रमाण कागजात भए बुझी संवैधानिक र कानूनी व्यवस्था एवम् प्रतिपादित नजिर सिद्धान्तबमोजिम नागरिकको नागरिकता पाउने हकाधिकारलाई सहज र सरलीकृत गर्नुपर्नेमा विपक्षी जिल्ला प्रशासन कार्यालयले निवेदकको निवेदनमा प्रवेश नै नगरी वा गर्न नचाही प्रस्तुत नागरिकता जारी गर्ने वा नगर्ने विषयमा कानूनबमोजिमको सार्वजनिक पदाधिकारीको दायित्व पालन नगरेकोसमेत देखिन आउने।

कानूनबमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीले कुनै पनि उचित आधार र कारण नखुलाई नागरिकता नदिने कार्य कानूनसङ्गत र उपयुक्त व्यवहार मान्न नमिल्ने हुँदा कानूनी व्यवस्थाबमोजिम नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यमा सहजीकरण र सरलीकरणका उपायहरू खोजी गर्नुपर्ने र कारणसहितको निर्णयबिना नागरिकता प्रदान नगर्ने वा नागरिकता दिने / नदिने निर्णय गर्न ढिलाई गर्ने कार्य कानून कार्यान्वयनको उचित मार्ग हुन नसक्ने।

नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ समेतबमोजिम जो जे बुझ्नुपर्छ यथाशीघ्र बुझी निवेदक सिवानी खरेलले Certificate समेत अनुरूप हुने गरी बाबुको नामथर उल्लेख गरी आमाको वतनअनुरूप नागरिकता लिन चाही निवेदन दिएमा आमाले अड्डामा सनाखत गरे बुझ्नु पर्ने कुरा बुझी निवेदन मागबमोजिम निवेदकको प्रमाणपत्रमा उल्लिखित बाबुको नामथर र आमाको वतन लेख्न चाहेकै आधारमा मात्र नागरिकतासम्बन्धी सिफारिस र नेपाली नागरिकताको प्रमाणपत्र दिन वञ्चित नगरी अविलम्ब नागरिकता सम्बन्धमा निर्णय गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७३ साल भदौ १३ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-WO-१०९०, परमादेश, *पूजा सुवेदी (उप्रेती) समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

नेपालको संविधान, कानून र प्रतिपादित

नजिर सिद्धान्तसमेतले बाबु वा आमा नेपाली नागरिक भएमा वंशजको आधारबाट नागरिकता लिनसक्ने नै कानूनी व्यवस्था देखिएको र सन्तानको लागि बाबु वा आमा समान वंशीय आधारसमेत भएको परिप्रेक्ष्यमा बाबु बेपत्ता भएको कारणले बाबुको ठेगाना नखुलेको अवस्थामा आमाले खुलाएको बाबुको नामथर वा बाबुको थाहा हुन आएको नामथर लेख्न चाहेको कारणले मात्र नागरिकताबाट वञ्चित गरिनु पनि मनासिब मान्न मिल्ने नदेखिने।

विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंले निवेदकको बेहोरा अन्यथा भई नागरिकता जारी हुन नसक्ने तथ्यगत वा कानूनी आधार खुलाई लिखित जवाफबाट खण्डन गर्नुपर्नेमा लिखित जवाफमा बाबुको नाम उल्लेख भएको अवस्थामा मात्र नागरिकता दिनसक्ने भनी हचुवाको भरमा निवेदकले नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची १ बमोजिम दिएको निवेदनको बेहोरालाई ध्यान नदिएको भन्ने एकातिर देखिन आएको तथा संवैधानिक र कानूनी व्यवस्था एवम् प्रतिपादित नजिर सिद्धान्तबमोजिम नागरिकको नागरिकता पाउने हकाधिकारलाई सहज र सरलिकृत गर्नुपर्नेमा विपक्षी जिल्ला प्रशासन कार्यालयले निवेदकको निवेदनमा प्रवेश नै नगरी वा गर्न नचाही प्रस्तुत नागरिकता जारी गर्ने वा नगर्ने विषयमा कानूनबमोजिमको सार्वजनिक पदाधिकारीको दायित्व पालन नगरेकोसमेत देखिन आउने।

कानूनबमोजिम अधिकारप्राप्त निकाय वा अधिकारीले कुनै पनि उचित आधार र कारण नखुलाई नागरिकता नदिने कार्य कानूनसङ्गत र उपयुक्त व्यवहार मान्न नमिल्ने हुँदा कानूनी व्यवस्थाबमोजिम नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यमा सहजीकरण र सरलीकरणका उपायहरू खोजी गर्नुपर्ने र कारणसहितको निर्णयबिना नागरिकता प्रदान नगर्ने वा नागरिकता दिने / नदिने निर्णय गर्न ढिलाइ गर्ने कार्य कानून कार्यान्वयनको उचित मार्ग हुन नसक्ने।

नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ समेतबमोजिम जो जे बुझ्नुपर्छ यथाशीघ्र बुझी निवेदक रोजनले Certificate समेत अनुरूप हुने गरी बाबुको नामथर उल्लेख गरी आमाको वतनअनुरूप नागरिकता लिन चाही निवेदन दिएमा आमाले अड्डामा सनाखत गरे बुझ्नु पर्ने कुरा बुझी निवेदन मागबमोजिम निवेदकको जन्मदर्ता र प्रमाणपत्रमा उल्लिखित बाबुको नामथर र आमाको वतन लेख्न चाहेकै आधारमा मात्र नागरिकतासम्बन्धी सिफारिस र नेपाली नागरिकताको प्रमाणपत्र दिन वञ्चित नगरी अविलम्व नागरिकता सम्बन्धमा निर्णय गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौं र काठमाडौं महानगरपालिका वडा नं. ३४ को कार्यालयका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ १३ गते रोज ५ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-२१३४, सवारी ज्यान, *इन्द्रबहादुर गन्द्रामा मगर वि. नेपाल सरकार*

मोटरसाइकल चालकको मृत्यु हुनुमा प्रतिवादीले जानाजान लापरवाही गरी सवारी चलाएकै कारण भएको भन्ने देखिँदैन। सवारी साधन चलाउन सवारीचालक अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने कानूनी व्यवस्था छ । तर मोटरसाइकल चालक विजय थापाले सवारी चालकका अनुमति प्राप्त नगरी सवारी चलाएको देखिएको छ। सवारी चलाउने अनुमति पत्र प्राप्त नगरेका व्यक्तिलाई कानूनी व्यवहारमा सवारी चलाउने सीप नभएका व्यक्ति भनी सम्झनु पर्ने हुन्छ। यस अवस्थाका व्यक्तिले व्यस्त सार्वजनिक सडकमा सवारी चलाउनुबाट मृतक स्वयम्ले लापरवाही गरेको पुष्टि भएको छ । मृतक स्वयम्को लापरवाहीको परिणामस्वरूप भएको दुर्घटनाको दायित्व प्रतिवादीलाई

बहन गराउनु उचित नहुने।

अतः प्रतिवादी इन्द्रबहादुर गन्द्रामा मगरले चलाएको माइक्रो बसले विपरीत दिशाबाट आएको मोटरसाइकललाई ठक्कर दिई सवारीचालक अनुमतिपत्र नभएका मोटरसाइकल चालक शिशिर भन्ने विजय थापाको मृत्यु भएको देखिएको र प्रतिवादीको लापरवाहीको कारणबाट दुर्घटना भएको भन्ने नदखिएको हुँदा प्रतिवादी इन्द्रबहादुर गन्द्रामा मगरलाई अभियोग दाबीअनुसार सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम तजबिजी दुई वर्ष कैद सजाय हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, पोखराको मिति २०६९।११।१६ गतेको फैसला केही उल्टी भई निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम कैद महिना ३ (तीन) तथा जरिवाना रू. २,०००।– (दुई हजार) समेत गर्ने गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०६८।३।२२ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-००२६, मानव अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. उमेश राई*

जाहेरवालीको अदालतमा भएको बकपत्रको स.ज. ८ मा प्रतिवादीलाई पाहुनाको रूपमा राखेको भन्ने र स.ज.१८ मा दाल, भात, तरकारी पकाएर खान दिएको, स.ज.१५ मा राति १० बजेसम्म दुवैजना मात्र राजीखुसीसाथ गफ गरेको भनी लेखाएको पाइन्छ । त्यस्तै स.ज.२५ देखि स.ज. ३० सम्मलाई अध्ययन गर्दा बुधबारेको पसलमा सँगै गएर पसलको बाहिरपट्टि बेञ्चमा सँगै बसेको अवस्थामा प्रतिवादीले कोक मागेर जाहेरवाली र प्रतिवादीले सँगै खाएको कुरा स्वीकार गरी बकपत्र गरिदिएकी छन्। यसरी पसलको बाहिरपट्टी सार्वजनिक स्थानमा कोक खाएको कुरा स्वीकार गर्नुले जबरजस्ती गरेर नशालु पदार्थ खुवायो भन्ने भनाई पत्यारलायक देखिन नआउने।

मिति २०६८।१।२४ गते दमकबाट आपसी सल्लाहमा जाहेरवाली र प्रतिवादी दुवै जना इटहरी गएको देखिन्छ। सो दिन ९:३० बजे इटहरीमा दुवै जना पुगेपछि चौतारोजस्तो ठाउँमा छाडी हिँडेको भन्ने र स.ज. ४९ मा आधा घण्टाजति सँगै घुमाए भन्ने कथन उल्लेख हुनुले दमकबाट इटहरीसम्म दुवैजना आपसी सरसल्लाहबाट गएको देखिन आउँछ । जाहेरवालीको मन्जुर नभएको भए सार्वजनिक बसमा यात्रा गरेको अवस्थामा सो बसमा यात्रा गर्ने अरू यात्रीलाई समेत हारगुहार गर्नसक्ने अवस्था देखिन्छ । सो समयमा जाहेरवालीले प्रतिवादीको पन्जाबाट फुर्सद पाउन कुनै प्रयास गरेको पाइँदैन । यस अवस्थामा के कति कारणबाट प्रतिवादीको पन्जाबाट उम्कने प्रयास नगरेको हो सो कुरा स्पष्टसमेत छैन । यस अवस्थामा जाहेरवाली र प्रतिवादीबीच आपसी समझदारीमा विवाह गर्ने कुरासम्म कुरा भएको र सो विवाह गर्ने कुरामा प्रतिवादी इन्कार भएपछि घटनाको छ दिनपछि मात्र जाहेरी दिएको देखिनाले प्रस्तुत मुद्दामा अपहरणको वारदात स्थापित हुने अवस्था नदेखिने।

जाहेरवालीको जाहेरी दरखास्त र बकपत्र स्वयम् एकआपसमा बाझिएको र जाहेरवालाको प्रतिवादीसँग प्रत्यक्ष भेटघाट हुनुअघि पटकपटक फोनमा कुरा भइसकेपछि पाहुनाको रूपमा मामाको घरमा बोलाई आफ्नो परम्परा, रितिरिवाजबमोजिम दाल, भात, तरकारी खुवाई, प्रतिवादीसँग एक्लै रातको १० बजेसम्म सौहार्द वातावरणमा गफ गरेको, भोलीपल्ट प्रवेश पत्र लिने बहानामा सँगसाथ गई उतैबाट प्रतिवादीसँग दमक गई बसेको देखिएको छ । यस सन्दर्भमा आफ्नो र प्रतिवादीको कामको प्रकृति र परिणाम बुझेर स्वतन्त्ररूपमा आफ्नो राजीखुसीसाथ प्रतिवादीको करबलमा नपरी स्वतन्त्रताको भरपुर मनोरन्जन गरी स्वेच्छापूर्वक ४/५ दिन सँगै बिताएको कुरालाई बेवास्ता गरी आरोपित कसुरबमोजिम अपहरणको कसुर ठहर गर्न मिल्ने देखिन नआउने।

तसर्थ माथि विवेचित तथ्य र कारणको आधारमा प्रतिवादीलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको ३ नं.को अन्तिम वाक्यांशअनुसार ४ वर्ष कैद र रू.२५,०००।- जरिवाना हुने ठहर गरेको झापा जिल्लाको मिति २०६८।९।१२ गतेको फैसला उल्टी गरी प्रतिवादी डेनिस भन्ने उमेश राईले सफाई पाउने ठहर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९।११।६ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-०३५८ र ०७०-CR-०८९६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ओपेन्द्रबहादुर के.सी. र ओपेन्द्रबहादुर के.सी. वि. नेपाल सरकार*

मृतकसँग ११/१२ बजेसम्म सँगै बसेको बेहोरालाई स्वीकार गरी बयान गर्नेले सोही समयमा हत्या भएका मृतकको सोधखोज भई गाउँमा हल्ला हुँदासमेत सँगै बसेर तास खेलेका मृतकको बारेमा कुनै जानकारी नराखी मौनता साँध्नुले मृतकलाई स्वयम्ले नमारे पनि मृतकलाई हत्या गर्ने व्यक्तिको बारेमा थाहा जानकारी थिएन भन्ने कुरा मिसिल संलग्न सङ्कलित विभिन्न परिस्थितिजन्य प्रमाणको आधारमा विश्वास गर्ने स्थिति नरहने।

प्रतिवादी रातको ११/१२ बजेसम्म तास खेलेर घर फर्कंदाको समयमा मृतक र नरेन्द्र विष्टसँगै तास खेलेको पाइन्छ। यी प्रतिवादी तास खेली घर फर्केको लगत्तै मृतकको मृत्यु भएको देखिन्छ। उक्त वारदातमा मुख्य आरोपीको रूपमा नरेन्द्र विष्ट रहेका छन्। वारदातको प्रकृति हेर्दा आपसी विवादको कारण मृतकको मृत्यु भएको देखिन्छ। मृतक र नरेन्द्र विष्टको बीचमा भएको विवादको साक्षी यी प्रतिवादीलाई सो घटनाको बारेमा थाहा जानकारी प्राप्त भई सम्भावित घटना रोक्ने यथेष्ट समय हुँदाहुँदै सोको यथासमयमै जानकारी नदिइकन यी प्रतिवादी बसेको कारण सो घटना भएको देखिन आउने।

कर्तव्य ज्यान जस्तो गम्भीर अपराधमा घटनामा प्रत्यक्षदर्शी नभएकी जाहेरवालीले दिएको किटानी जाहेरी र सोही जाहेरीलाई आधार बनाई कागज गर्नेहरूको घटनामा उपस्थित नभई गाउँघरमा चलेको हल्लाको आधारमा भएको बकपत्र प्रमाण ऐन, २०३१ को दफा ३७(२) बमोजिम प्रमाणको रूपमा ग्रहणयोग्य नदेखिने।

मृतकको मृत्यु भएको कुरालाई मात्र मुख्य आधार बनाई मृतकसँगै ताससम्म खेली मृतकको मृत्यु भएको कुरालाई जानकारी नदिएको आधारमा निजको कसुर ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम नभई प्रतिवादी नरेन्द्र विष्टले मारेको कुरा थाहा पाउँदा पाउँदै आफूलाई थाहा नभएको भनी सत्य तथ्य लुकाई उम्किन खोजेको देखिन आई निजको कसुर ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम मतलबीमासम्म भूमिका खेलेको देखिन आयो। प्रत्यक्षदर्शीको अभावमा शङ्काको भरमा दिएको जाहेरीको आधारमा सर्वस्वसहित जन्मकैद जस्तो गम्भीर कसुरमा सजाय गर्न मनासिब देखिन नआएकाले यी प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

तसर्थ, पुनरावेदक प्रतिवादी ओपेन्द्रबहादुर के.सी.ले अख्तियारप्राप्त अधिकारीसमक्ष र अदालतमा गरेको बयानमा आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिएको, निजका साक्षीहरूले अदालतमा गरेको बकपत्रमा निर्दोष छन् भनी बकिदिएका, निजको घटनामा प्रत्यक्ष संलग्नता पुष्टि गर्ने ठोस भरपर्दो प्रमाणको अभावमा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई भएको सुरू फैसला उल्टी गरी ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष कैद सजाय हुने ठहरी भएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६९।११।९ गतेको फैसला

मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-१२४७, लेनदेन, *सोना लोधिन वि. रूदल लोध*

मिति २०६२।१०।९ को सक्कल राजीनामा लिखतमा लागेको सहिछाप मेरै हो भनी प्रतिवादी रूदल लोधले अ.बं. ७८ नं. बमोजिमको बयान गर्दा स्वीकार गरेको देखिन्छ । वादीले करकाप गरी लिखतमा सहिछाप गराएको कुराको जिकिर प्रतिवादीले गरे पनि करकापतर्फ उजुरी गर्नसकेको देखिँदैन । लिखतमा साक्षी रामदयाल अहिर तथा बिन्दकुमार लोधले लिखतमा आफूहरू साक्षी बसेको र वादीले दाबीअनुसारको रकम पाउनु पर्ने भनी बकपत्र गरेकाबाट वादी प्रतिवादीबीच रकम लिनुदिनु भएको तथ्य समर्थित भएको पाइन्छ । यसैगरी प्रतिवादीको समेत सहिछाप परेको लिखतमा लेनदेन गरेको जग्गा र थैलीसमेत उल्लेख भएको लिखत वादीसँगै रहेको देखिन्छ । वास्तवमा रकम नपाएको भए सो कागज प्रतिवादीले आफ्नै साथमा राख्न पर्ने तर सोबमोजिम नगरेबाट पनि प्रतिवादीले वादीसँग जग्गा पास गरिदिने गरी रकम लिएको तर जग्गा पास नगरेको भन्ने वादी जिकिरको पुष्ट्याईं तर्कसम्मत रूपबाट भएको पाइने।

मुलुकी ऐन, रजिस्ट्रेसनको ६ नं. मा रजिस्ट्रेसन गराउनु पर्ने घरायसको लिखत यसै महलको ५ नं. बमोजिम रजिस्ट्रेसन गराई लिनसकेको रहेनछ भने त्यस्तो लिखतबाट कुनै अचल सम्पत्ति पक्री दाबी गरेको नालिस लाग्न सक्तैन । थैली परेकोमा सो थैली र लिखतबमोजिमको सम्पत्ति भोग गर्न नपाएकोमा भोग गर्न नपाएजतिको कानूनबमोजिमको ब्याजसमेत साहुले कपालीसरह भराई लिन पाउँछ भन्ने व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीले वादीसँग रकम लिएको र लिखतबमोजिमको सम्पत्ति भोग गर्न नपाएको अवस्था हुँदा कानूनबमोजिमको साँवा ब्याजसमेत वादीले प्रतिवादीबाट भराई लिन पाउने नै देखिन आउने।

अत: वादीले प्रतिवादीबाट रकम लिएको तथ्य समर्थित भएकोले लिखतबमोजिमको साँवा रू.२,२५,००,०००।– र सोको भरिभराउ हुँदाका दिनसम्ममा कानूनबमोजिम हुने ब्याजसमेत भराई लिन पाउने ठहरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६६।१।७ मा भएको फैसला मनासिब देखिन आउने।

तसर्थ विवेचित तथ्य, प्रमाण एवम् कानूनी प्रावधानसमेतबाट सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६६।१।७ मा भएको फैसलालाई उल्टी गर्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।९।२२ को फैसला मिलेको नदेखिँदा उल्टी भई दाबीबमोजिमको रकम वादीले प्रतिवादीबाट भराई पाउने ठहर्‍याएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल माघ १० गते रोज २ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-CI-१२८२, उत्प्रेषण / परमादेश, *सिर्जना मानन्धर वि. गोरखापत्र संस्थान, के.का. धर्मपथ काठमाडौंसमेत*

निवेदकले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा (१) को व्यवस्थाको अनुशरण गरी गोरखापत्र संस्थानको महाप्रवन्धकसमक्ष निवेदन दिएको पनि देखिन्छ । त्यस्तो निवेदनउपर सम्बन्धित सार्वजनिक निकाय गोरखापत्र संस्थानका महाप्रबन्धकले नै निर्णय गर्नुपर्ने व्यवस्था सोही ऐनको दफा ४७ (६) ले गरेको पाइन्छ । सोबमोजिम

सम्बन्धित सार्वजनिक निकायका प्रमुखले निर्णय नगरेमा वा निजले गरेको निर्णयमा चित्त नबुझेमा सोही ऐनको दफा ४९ बमोजिम सम्बन्धित पुनरावलोकन समितिसमक्ष पुनरावलोकनका लागि निवेदन दिन सकिने स्पष्ट कानूनी व्यवस्था भएको पाइन्छ । ऐनको उपर्युक्त प्रक्रिया अवलम्बन गरेमा निवेदकलाई न्याय पुग्ने नै देखिन्छ । सो प्रक्रिया अवलम्बन नै नगरी ऐनको उक्त व्यवस्था प्रभावकारी नभएको भन्ने निवेदकको मनोगत पुनरावेदन जिकिरसँग सहमत हुनसक्ने स्थिति नरहने ।

तसर्थ, उल्लिखित आधार कारणबाट वैकल्पिक उपचारको बाटो छँदाछँदै सो बाटो अवलम्बनसमेत नगरी उक्त वैकल्पिक उपचार प्रभावकारी नभएको जिकिर लिई दायर भएको प्रस्तुत निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।९।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल मङ्सिर २५ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-WO-०३२८, उत्प्रेषण, *बाबुराम पौडेल वि. नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबार प्लाजा काठमाडौंसमेत*

नेपाल कृषि अनुसन्धान परिषद् (कर्मचारी प्रशासन) विनियम, २०४९ को १९ञ को देहाय (२)मा "तालिमको अङ्क गणना गर्दा जुन पद / तहमा हुँदा तालिमको लागि मनोनयन भएको हो सो अङ्क सोही पद / तहको लागि मात्र गणना गरिनेछ" भन्ने उल्लेख भएको देखिएको हुँदा उक्त तालीमका सम्बन्धमा पदपूर्ति समितिको कार्यविधि-२०६१ को दफा ४५(क) र (ग) मा भएको व्यवस्था र कर्मचारी प्रशासन विनियम, २०४९ को विनियम १९ञ मा भएको व्यवस्था एक आपसमा बाझिएको देखिए तापनि पदपुर्ति समितिको कार्यविधि-२०६१ को प्रस्तावनामा नै "कर्मचारी प्रशासन विनियम, २०४९ को परिच्छेद २ को विनियम १८(क)(१) को खण्ड (छ) ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको कार्यविधि २०६१ लागु गरेको छ" भन्ने उल्लेख भएको देखिँदा उक्त कार्यविधि कर्मचारी प्रशासन विनियम, २०४९ बाट निसृत कानून भएकोले उक्त बढुवा प्रयोजनको निमित्त तालिमबापतको अङ्क प्रदान हुने विषयमा उक्त कार्यविधिमा भएको व्यवस्था लागु नभई कर्मचारी प्रशासन विनियम, २०४९ ले नै प्राथमिकता पाउने हुँदा सोही विनियमअनुसार तालिमबापतको अङ्क निवेदकलाई समेत प्रदान गर्ने गरी भएको मिति २०७१।०५।१६ को निर्णयसमेत कानूनसम्मत रहेको देखिने ।

विपक्षी पदपूर्ति समितिको मिति २०७१।६।१ को निर्णयसमेतका आधारमा निवेदकले प्राप्त गरेको समग्र अङ्कको मूल्याङ्कनका आधारमा निजले पाएको बढुवा नियुक्ति कानूनसङ्गत रहेको देखिएको छ । निवेदकले दाबी गरेबमोजिम उक्त बढुवा प्रयोजनको लागि शैक्षिक योग्यताबापतको अङ्क प्राप्त गर्न सक्ने नै देखिन्छ । तथापि उक्त पदपूर्ति समितिको बढुवा सिफारिस तथा नियुक्तिसमेतको निर्णयबाट निवेदकलाई विद्यमान अवस्थामा कुनै क्षति वा असर पुगेको देखिन नआएकोले निजलाई उक्त पदमा बढुवा गर्ने गरी भएको निर्णयमा कुनै फेरबदल गर्नुपर्ने अवस्थासमेत विद्यमान नरहेको हुँदा उक्त अङ्कसमेत थप गरी पूनः मूल्याङ्कन गरी बढुवा गरिरहनु पर्ने अवस्था नदेखिने ।

निवेदकलाई शैक्षिक योग्यताबापत कम अङ्क दिएकोले गणना नगर्ने हदसम्मको निर्णय बदरतर्फ दाबी रहेकोमा यी निवेदकले विनियमावलीबमोजिम शैक्षिक योग्यताबापत दाबी गरेबमोजिम अङ्क पाउने नै देखिएको छ । यसरी निवेदकको शैक्षिक योग्यताबापतको अङ्क कम गणना गरेको सम्बन्धमा निजले दाबी गरेबमोजिमको अङ्क पाउने नै हुँदा हाल निजको बढुवा भइसकेको देखिँदा बढुवा निर्णय बदर गरी रहन पर्ने औचित्यपूर्ण देखिन नआएकोले रिट

निवेदन खारेज हुने ।

इजलास अधिकृतः उद्धव गजुरेल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा यसैअनुसार फैसला भएका छन्:

- ०७१-WO-०१८१, उत्प्रेषण / परमादेश, अनुपराज सत्याल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग नक्साल काठमाडौंसमेत
- ०७१-WO-०७३१, उत्प्रेषण, *अनुपराज सत्याल वि. कृषि विकास मन्त्रालय सिंहदरबार काठमाडौंसमेत*

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-१०६७, लागु औषध (खैरो हेरोइन), *विजय महतो वि. नेपाल सरकार*

लागु औषध खैरो हेरोइन यी पुनरावेदकको सँगसाथबाट बरामद भएको नभए पनि भारतको रक्सौलबाट वीरगञ्ज हुँदै काठमाडौंसम्म अर्का प्रतिवादी पर्शुरामसँगै आएका, उक्त लागु औषध काठमाडौंमा विकासले भनेको मानिसलाई हस्तान्तरण गर्न दुवैजना सँगै कालिमाटीस्थित माली आयल पम्पअगाडि प्रतिक्षा गरिरहेको अवस्थामा दुवैजना सँगै पक्राउ परेका एवम् उक्त लागु औषध हस्तान्तरण गरेबापत यी पुनरावेदकलेसमेत काठमाडौं आवतजावत गर्ने गाडी भाडा तथा अन्य खर्च पाएको र रू २००० भारतीय रूपैयाँ पाउने सर्त रहेको भन्ने प्रतिवादी पर्शुराम एवम् स्वयम् यी पुनरावेदकले समेत मौकाको बयानमा उल्लेख गरेको र मौकाको उक्त बयानमा रहेको हस्ताक्षर आफ्नो हो भनी स्वीकार गरेको सन्दर्भमा उक्त बयान बेहोरा पनि प्रमाणयोग्य रहेको हुँदा यी पुनरावेदक पनि उक्त कसुरमा मतियारको रूपमा संलग्न रहेको देखिन आएकोले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ को कसुर स्थापित हुन आउने ।

तसर्थ उल्लिखित आधार, कारण, प्रमाणबाट यी पुनरावेदकलाई अभियोगदाबीबमोजिमको कसुरमा सजाय गरेको काठमाडौं जिल्ला अदालतको मिति २०६९।४।२१ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।२९ को फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी हुन्छ । यी पुनरावेदक विजय महतोले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ को कसुर गरेको स्थापित भएको हुँदा निजलाई ५ वर्ष ६ महिना कैद र रू.५०,०००।- जरिवाना हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल फागुन ३ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७३-RC-०१२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. आशबहादुर राई*

प्रतिवादी आशबहादुर राईको मिति २०६५।८।१२ को अनुसन्धानमा गरेको बयानमा रातीको समयमा मृतकले खोकेको सुनी बोक्सी भनिएकी महिला यिनै हुनुपर्छ भन्ने उद्देश्यले आफूले बोकेको खुकुरीले मृतकको टाउकोमा हान्दा निजले बोकेको कोक्रोको बच्चा उछिट्टिएर निज भुईंमा लम्पसार भई लडेपछि पुनः २ पटक निजको टाउकोमा खुकुरी प्रहार गरेँ भनी गरेको बयान र निजको मिति २०६५।८।२३ को अदालतसमक्षको बयानमा समेत आफूले प्रहार गरेको धारिलो हतियारले मृतक विषमाया राईको मृत्यु भएको हो भन्ने कुरा स्वीकार गरेको मिसिलसंलग्न प्रमाणबाट देखिएको र उक्त बयानलाई समर्थित हुने गरी घटना विवरण कागज र बरामदी मुचुल्का भएको देखिँदा प्रतिवादी कसुरदार हैनन् भन्न सकिने अवस्था नदेखिने ।

प्रतिवादी आशबहादुर राईले खुकुरी जस्तो धारिलो जोखिमी हतियारको प्रयोग गरी मृतक विषमाया राईको टाउकोमा पटकपटक प्रहार गरी मार्ने उद्देश्यले नै हानेको भन्ने देखिएको र उक्त वारदात आफूले नै गरेको हो भनी अदालत र अनुसन्धानमा समेत स्वीकार

गरेको देखिँदा निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने ।

तसर्थ उल्लिखित विवेचनासमेतको आधारमा प्रतिवादी आशबहादुर राईले आफूले धारिलो हतियार प्रयोग गरी विषमाया राईलाई कर्तव्य गरी मारेको कुरामा साबित रहेको देखिँदा अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरेको सुरू सोलुखुम्बु जिल्ला अदालतको मिति २०६७।८।२३ को फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७२।११।१८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७४ साल साउन १७ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७४-WH-०००२, बन्दीप्रत्यक्षीकरण, *तपस घोस वि. काठमाडौं जिल्ला अदालतसमेत*

समानताको सिद्धान्तलाई सापेक्षतामा हेरिनुपर्ने हुन्छ । असमानहरूबीच असमान व्यवहार हुनुलाई सैद्धान्तिक रूपमा पनि समानताको सिद्धान्तप्रतिकूल मानिँदैन । विधायिकी कानूनले नै नेपाल राज्यभित्र स्थायी बसोबास नभएको अभियुक्तलाई थुनछेक आदेशको सम्बन्धमा नेपाल राज्यभित्र स्थायी बसोबास भएको अभियुक्तको भन्दा फरक दृष्टिकोण अपनाउन निर्देश गरेको कानूनी व्यवस्था निवेदकको काठमाडौं जिल्ला अदालतमा दायर भएको ठगी मुद्दाको सन्दर्भमा आकर्षित हुने र सोही कानूनी व्यवस्थाको आधारमा मुद्दा पुर्पक्षको लागि निवेदकलाई थुनामा राखिएकोमा उक्त थुना गैरकानूनी, असमानतामूलक तथा प्रचलित संविधान र ICCPRको प्रावधानविपरीत भएको भन्ने निवेदकको दाबी समानतासम्बन्धी सैद्धान्तिक तथा प्रचलित विधायिकी कानूनको व्यवस्थाको आधारमा समेत उचित र तर्कसङ्गत नदेखिने ।

विद्युत् चोरी नियन्त्रण ऐनअनुसार मुद्दा चलाउनु पर्नेमा मुलुकी ऐनअनुसार मुद्दा चलाएको मिलेको छैन भनी निवेदकले दाबी लिए पनि सो विषय दायर भएको सम्बन्धित मुद्दाको अन्तिम किनारा हुँदा विश्लेषण गरी यकिन गरिने विषयभित्र पर्ने भएकाले प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनबाट उक्त विषयका सन्दर्भमा निर्णय दिन मिल्ने नदेखिने ।

अतः माथि विवेचित तथ्य र कारणसमेतका आधारबाट रिट निवेदकको स्थायी बसोबास नेपालमा रहे भएको नदेखिएको अवस्थामा निजलाई मुलुकी ऐन, अ.बं. ११८ को देहाय ३ बमोजिम थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने गरी भएको जिल्ला अदालतको थुनछेक आदेश सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७४।०३।०८ को आदेश कानूनअनुरूप नै भए गरेको देखिई निवेदकको थुना गैरकानूनी भएको नदेखिँदा प्रस्तुत मुद्दामा निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल साउन २९ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WO-०७३६, परमादेश, *सरोजलाल वैद्य वि. नेपाल मेडिकल काउन्सिल बाँसबारी काठमाडौंसमेत*

निवेदक सरोजलाल वैद्यले, त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थान महाराजगञ्ज काठमाडौंबाट २०१२ मा पोस्ट ग्राजुएट MS General Surgery परीक्षा उत्तीर्ण गरेको भन्ने कुरा मिसिल संलग्न निजको Character Certificate को प्रतिलिपिबाट देखिन आएको छ । यसरी निवेदकले विशेषज्ञ चिकित्सकको रूपमा दर्ता हुन तोकिएको योग्यता पूरा गरेको देखिन आयो । निजले कानूनले तोकेबमोजिमको योग्यता हासिल गरेको हुँदा निर्धारित सर्त र प्रक्रियाअनुसार

निवेदन दिई परीक्षामा समावेश हुन रोक लगाउनु न्यायोचित हुने नदेखिने।

निवेदक नेपालमा जन्मेका, निवेदकका पिता नेपाली नागरिक रहेका, निवेदक नेपाली मूलको भई नेपाली नागरिकता लिएको र बंगलादेशबाट MBBS उत्तीर्ण गरी नेपालमा स्थायी चिकित्सकको रूपमा दर्ता रहेको र त्यसपछि बेलायती नागरिकता लिई त्रिभुवन विश्वविद्यालय चिकित्सा शास्त्र अध्ययन संस्थानबाट MS General Surgery परीक्षासमेत उत्तीर्ण गरेको र विशेषज्ञ चिकित्सकको हैसियत प्राप्त गर्नको लागि आवेदन गरेको अवस्था रहेको देखिँदा नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ को नियम ७ को व्यवस्थाबमोजिम विशेषज्ञ चिकित्सकमा दर्ता हुनको लागि फाराम भर्न र परीक्षामा समावेश हुन नपाउने हो भने निजको पेसागत हकहितमा आघात पुग्न गई अन्याय हुन जाने हुँदा निवेदकको हकमा विशेषज्ञ चिकित्सकको दर्ता किताबमा दर्ता हुन पाउँ भन्ने निवेदन दिन आएमा दर्ता गरी नेपाल मेडिकल काउन्सिलबाट लिने परीक्षामा सामेल हुन वञ्चित नगर्नु नगराउनु भनी विपक्षीका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल वैशाख २४ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-RC-००३२, ०७०-CR-०७६३, जबरजस्ती करणी, कर्तव्य ज्यान, जबरजस्ती चोरी, *नेपाल सरकार वि. पन्थे भन्ने नितेश वि.क.समेत, नेपाल सरकार वि. पन्थे भन्ने नितेश वि.क.समेत*

नर्वदा लिम्बुको साथमा भएको नगद रू.८०,०००।– र रू.५८,७००।– बराबरको कानमा लगाएको कुण्डलसमेतको बिगो रू.१,३८,७००।– प्रतिवादीहरूले जबरजस्ती चोरी गरी लगेको भन्ने अभियोग दाबी रहेको देखिन्छ। प्रतिवादीहरूले नर्वदा लिम्बुलाई करणी गरी लाठीसमेतले कुटपिट गर्दा नर्वदा लिम्बुको पोल्टामा भएको रू.३०,०००।– खसेको र सो रकम प्रतिवादीहरूले टिपी तीन जनाले दश दश हजार बाँडी लिएको तथ्यमा साबित रहेका पाइन्छन्। सोबाहेकको रकम वा गहना प्रतिवादीहरूबाट बरामद भएको पनि देखिँदैन। अभियोग दाबीलाई पुष्टि गर्ने ठोस प्रमाण वादी पक्षबाट पेस हुन नसकेको यस अवस्थामा प्राप्त प्रमाणबाट प्रतिवादीहरूले रू.३०,०००।– जबरजस्तीका रीतले चोरी गरेको ठहऱ्याई सो रकम प्रतिवादीहरूबाट जाहेरवालीलाई भराई दिने गरेको फैसला अन्यथा देखिन आएन। बढी बिगो कायम हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रस्तुत मुद्दामा जबरजस्ती करणी, कर्तव्य ज्यान र जबरजस्ती चोरी ३ वटा विषयको कसुरमा प्रतिवादीहरूउपर एउटै अभियोगपत्र दायर भएको छ। सुरू तथा पुनरावेदन अदालतले तीनवटै विषयको कसुरलाई जानकारीमा लिई ठूलो खत ज्यानतर्फ सजाय गरेको देखियो। मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. मा एकै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नुपरेमा जुन कलममा कैदको सबभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी एकै वा धेरै मुद्दामा एकै वा धेरै कलममा गरी कैद ठेक्नुपर्छ भन्ने उल्लेख छ। सोबमोजिम ठूलो कैदको लगत कायम हुने स्पष्ट बेहोरा लेख्नुपर्नेमा सोसम्म नगरेको भए पनि मिसिल संलग्न सबुद प्रमाणको मूल्याङ्कन, विश्लेषण गरी हेर्दा इन्साफको परिणाममा तात्विक फरक पर्ने नदेखिँदा विपक्षी झिकाई रहनुपर्ने नदेखिने।

प्रतिवादीहरू शेरबहादुर तामाङ, पन्थे भन्ने नितेस वि.क. र गगन तामाङलाई ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय हुने गरी भएको सुरूको फैसलालाई सदर हुने गरी भएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७०।२।२० को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

उपर्युक्त विवेचित तथ्य, आधार, प्रमाणहरूबाट जबरजस्ती करणी र चोरीतर्फको कसुरदार ठहर गरी दण्डसजायको ८ नं. बमोजिम ठूलो

खतको मात्र सजायको लगत कायम गर्ने र चोरीतर्फ अभियोग दाबीबमोजिमको बिगोतर्फ सजाय नगरी प्राप्त प्रमाणबाट ठहरेबमोजिम रू. ३०,०००।– जबरजस्ती चोरी गरेको ठहरिएको सुरूको फैसला सदर गर्ने गरी भएको पुनरावदेन अदालत, धनकुटाको मिति २०७०।२।२० को फैसला कानून र न्यायको रोहमा मिलेकै देखिँदा परिवर्तन गरिरहन नपर्ने ।

इजलास अधिकृत: शिवहरी पौड्याल
कम्प्युटर: बासुदेव गिरी
इति संवत् २०७३ साल माघ ११ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०६५०, कर्तव्य ज्यान, *गंगा के.सी. (पुन) वि. नेपाल सरकार*

किटानी जाहेरी दरखास्त, प्रतिवादी गंगा के.सी. (पुन) को अधिकारप्राप्त अधिकारीसमक्षको बयान र सो बयानलाई समर्थन गरी अदालतमा भएको बयान, घटनास्थल प्रकृति मुचुल्का, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, खानतलासी मुचुल्काबाट मृतकलाई मार्न प्रयोग गरेको खुकुरी बरामद भएको, सो खुकुरीले मृतकलाई प्रहार गरेको कुरा स्वयम् प्रतिवादीले विभिन्न मौकामा व्यक्त गरेको सहज र सहर्ष भनाई तथा शव परीक्षण प्रतिवेदनबाट मृतकको मृत्यु धारिलो हतियारबाट भएको भनी पुष्टि हुनाले प्रतिवादीको कर्तव्यबाट मृतकको मृत्यु भएको तथ्यमा कुनै विवाद नरहने ।

वारदात हुनुअघिसम्म मृतकलाई मार्नुपर्नेसम्मको कुनै रिसइवी भएको पाइँदैन । मृतकलाई मार्छु भनी कोही कसैसँग सरसल्लाह गरी कुनै पनि किसिमको तयारी गरेकोसम्म पनि देखिँदैन । बारम्बार हुने झैझगडाजस्तै सो दिन पनि मृतक स्वयम्ले खुकुरी आफ्नो सिरानीमुनि राखेको र मार्छु काट्छु भनी धम्की दिई गाली गलौज गरेको अवस्थामा मार्छ र काट्छ कि भन्ने डरले आफ्नो ज्यान जोगाउने उद्देश्यले मृतकको सिरानीमुनि राखेको खुकुरीले मृतकको घाँटीमा प्रहार गर्दा मृतकको मृत्यु भएको कुरा देखिन आउँछ । यसरी मृतकले प्रतिवादीलाई बारम्बार प्रताडित (Battered) गरेको र सो पीडाबाट उत्पन्न भएको अवस्थाको (Battered Women Syndrome) कारण प्रस्तुत वारदात घटित भएको बेहोरामाथि उल्लिखित विवेचित तथ्यले समेत पुष्टि गरेको देखिने ।

फौजदारी अभियोगमा कसुरदारलाई सजाय गर्दा कसुरको मात्राअनुसार गरिनु पर्छ भन्ने सर्वमान्य सिद्धान्त कायम भई आएको पाइन्छ । ऐनले तोकेको माथिल्लो कसुर कायम गरी घटना हुनुको पृष्ठभूमि, घटना हुँदाको परिस्थिति, मृतकको व्यवहार, प्रतिवादीलाई वारदात घटाउन सहयोग गर्ने तत्त्व, प्रतिवादीको आर्थिक तथा पारिवारिक स्थितिलाई समेत मध्यनजर राखी सजायको निर्धारण गर्नुपर्ने ।

Battered Women Syndrome को अवस्था हिंसाबाट प्रताडित महिलाको त्यस्तो अवस्था हो जहाँ हिंसाको कारणले व्यक्ति मानसिक र शारीरिक तनावको स्थितिमा पुग्दछन् । डर र त्रासको भयपूर्ण अवस्थामा आफ्नो तथा सन्तानको जीवनको सुरक्षाको लागि वा Traumaको कारण केही गर्दा पीडकको ज्यान नै जान्छ भन्ने पनि त्यस्तो अवस्थालाई मनसायसहित गरिने कर्तव्य अपराधभन्दा फरक तरिकाले हेर्न आवश्यक हुन्छ । Battered Women Syndrome लाई criminal Defenceको रूपमा पनि हेर्न आवश्यक हुने ।

तसर्थ विवेचित तथ्य, प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान र अदालतमा व्यक्त गरेको साबिति बयान, किटानी जाहेरी, शव परीक्षण प्रतिवेदन, मौकामा कागज गर्ने इन्द्रबहादुर बस्नेतले गरेको बकपत्रसमेतबाट निजको कार्य Battered Women Syndrome को कारणले भएको देखिए तापनि स्पष्ट कानूनको अभावमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. ऐनको १३(१) नं.को कसुर पुष्टि भएकाले सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०५१।८।८ गते भएको फैसला सदर गरेको पुनरावेदन अदालत

तुलसीपुरको मिति २०७२।४।१९ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी र मृतकबीच लोग्ने स्वास्नीको नाता सम्बन्ध भएकोमा विवाद छैन। दुवैको तर्फबाट दुई छोराछोरी भएको देखिन्छ । यी सन्तानको समय सुहाउँदो, आफ्नो आर्थिक हैसियतबमोजिम शिक्षा दिक्षा, भरणपोषण गर्ने दायित्व यी दुवैमा रहन्छ । श्रीमान् श्रीमतीबीचको दैनिक झै-झगडाबाट यी अन्जान बालबालिकामा कस्तो असर परेको होला भनी सहजै अनुमान गर्न सकिन्छ। बाबुले मादक पदार्थ सेवन गरी मार्छु, काट्छु भनी धम्की दिने, बारम्बार कुटपिट, गालीगलौज गरी प्रताडना दिई निरन्तर हिंसा (violence) गर्ने गरेबाट यी बालबालिकामा पक्कै पनि नकारात्मक असर परेको होला भनी सहजै अनुमान लगाउन सकिन्छ । आफूलाई मात्र होइन बालबालिकालाई समेत मार्छु र काट्छु भन्ने मृतकले वारदातको दिनसमेत मादक पदार्थ सेवन गरी शारीरिक र मानसिक यातना दिएको मिसिल संलग्न प्रमाण कागजबाट देखिने।

अतः उल्लिखित घटना विवरण, मिसिल संलग्न तथा प्रमाणको आधारमा प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतसमक्षसमेत कसुरमा साबित भई अदालती प्रक्रियालाई सहयोग पुऱ्याएको अवस्थामा निजसँगै आश्रित नाबालक छोराछोरीलाई पालन पोषण, शिक्षा दिक्षा गर्ने दायित्व निजमा नै रहेको, प्रतिवादीको उमेर, श्रीमान् श्रीमतीको नाता भएका र मार्नुपर्नेसम्मको पूर्वरिसइवी, योजना, तयारीसमेत नभएको अवस्थामा ऐनबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखी पुनरावेदन अदालत, तुलसीपुरबाट मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद सजाय हुने राय पनि चर्को देखिएकाले अपराध हुँदाको अवस्था र प्रतिवादी महिलाको बालबच्चाप्रतिको दायित्वलाई तथा सर्वोच्च अदालतबाट (ने.का.प. २०७१ अङ्क ९ नि.नं. ९२४२ पृष्ठ १४१७) मा प्रतिपादित नजिरलाई समेत ध्यानमा राखी पुनरावेदन अदालत, तुलसीपुरबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १८८ नं. बमोजिम व्यक्त गरेको १२ वर्षको सजायभन्दा पनि कम सजाय गर्दा पनि ऐनको मनसाय पूरा हुने देखिएकाले ७ (सात) वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ २५ गते रोज ५ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६५-CI-०३२५, जग्गा खिचोला चलन, *रामप्रित महतो कोइरी वि. सचिदानन्द चौधरीसमेत*

वादीले आफ्नो जग्गाको पश्चिमतर्फका सँधियार सचिदानन्दले कि.नं.१३५ को जग्गामा घुसाई खिचोला गरेको भनी दाबी लिएकोमा नापी कार्यालयबाट प्राप्त नक्सा प्रिन्ट तथा अदालतबाट मिति २०६०।९।२८ मा भई आएको नक्सा मुचुल्का हेर्दा वादीको जग्गाको पश्चिमतर्फ प्रतिवादी सचिदानन्दको कि.नं. १३५ को जग्गा नभई कि.नं. १३८ को जग्गा भएको देखिन्छ। सुरू अदालतले फैसला गर्दा वादी दाबीभन्दा बाहिर गई कि.नं. १३८ को जग्गामा मिसाई खिचोला गरेको ठहर गरेको देखिन्छ। दाबीको कि.नं. १३५ भन्दा फरक कित्ता नम्बरको जग्गावालाले समेत खिचोला गरेको भनी वादी दाबीभन्दा बाहिर गई इन्साफ गर्न मिल्नेसमेत नदेखिने।

कुन कुन प्रतिवादीहरूले वादीको कुन कुन कित्ता नम्बरको जग्गा कुन तर्फबाट के, कति क्षेत्रफल कब्जा खिचोला गरेका हुन् सो सम्बन्धमा स्पष्टरूपमा वादीले आफ्नो फिरादपत्रमा खुलाउन नसकेको अवस्थामा अदालत, स्वयम्ले वादी दाबीको कित्तैपिच्छेको क्षेत्रफल यकिन गरी यो यो प्रतिवादीले यो यसतर्फबाट यति क्षेत्रफल जग्गा खिचोला गरेका हुन्

भनी वादीले दाबी नै गर्न नसकेको विषयमा प्रवेश गरी इन्साफ गर्न मिल्ने नदेखिने।

वादी दाबी खारेज गर्नुपर्नेमा सुरू अदालतले आफैँ वादीको स्थान ग्रहण गरी प्रत्येक कित्ताको क्षेत्रफल र प्रतिवादीसमेत यकिन गरी खिचोला ठहर गरेको सुरू महोत्तरी जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ प्रतिवादीहरूबाट वादीले खिचोला मेटाई चलन चलाई पाउने ठहर गरेको सुरू महोत्तरी जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६५।३।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यमप्रसाद बास्कोटा

कम्प्युटर अपरेटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल माघ १८ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CI-००६७, हक कायम गरी खिचोला मेटाई पाउँ, *त्रिलोकीनाथ पाण्डे वि. रामहित कुर्मी*

सुरू अदालतबाट मिति २०६८।३।४ मा भएको मिसिल संलग्न नक्सा मुचुल्का हेर्दा नक्सा नम्बर १, २, ३ र ४ मा क्रमश कि.नं. ५६५, ५६४, ५५४, ५४६ का जग्गाहरू साबिक कि.नं. ३२८ को जग्गा देखियो । उक्त नक्सा मुचुल्कामा उल्लिखित कि.नं. ३२९ को जग्गाको चार किल्ला र मिति २०२४।३।४ जगदम्बाप्रसाद पाण्डेले प्रत्यर्थी वादी रामहित कुर्मीलाई गरिदिएको घरसारको राजीनामामा उल्लिखित चौकिल्ला भिडाई हेर्दा पूर्व कि.नं. ३३० पश्चिम रामअसारे भनेकोमा हाल न.नं. ५ अर्थात् कि.नं. ३२७ को साबिक बलराज हाल बाबुलाल पासीको जग्गा रहेको देखिन्छ । पश्चिम सिमानाको जग्गा तह तह हुँदै बाबुलाल पासीको नाममा आएको हुँदा उक्त राजीनामाको पश्चिम साँध पनि मिले भिडेकै देखियो। मिति २०२४।३।४ को घरसारको राजीनामा र सो लिखत मालअड्डाबाट मिति २०२४।५।१९ मा पारित राजीनामाको लिखतमा उत्तर सिमाना आफैँ भनी लेखिएको र जगदम्बा पाण्डे र त्रिलोकनाथ पाण्डे दाजुभाइ हुँदा कि.नं. ५२८ बाट कित्ताकाट भएर कायम भएको जग्गाहरू कि.नं. ३२९ को उत्तरतर्फ देखिँदा राजीनामामा भएको चारकिल्ला अदालतबाट भएको नापनक्सा मुचुल्काको चार किल्लासँग मिले भिडेको देखिने।

वादीको राजीनामाको चार किल्ला र नक्सा मुचुल्काको चार किल्लाभन्दा प्रतिवादी त्रिलोकीनाथ पाण्डेले भरेको भूमिसुधारको अनुसूची ७ नं. फाराममा उल्लेख भएको चार किल्ला फरक देखिँदा प्रतिवादीले उल्लेख गरेको चार किल्लासँग मिले भिडेको देखिँदैन। २०२७ सालमा सर्भे नापी हुँदाका बखत यी पुनरावेदक प्रतिवादी त्रिलोकीनाथ पाण्डेले आफ्नो कि.नं. ३२८ र कि.नं. ३३० को जग्गा नापी गराई आफ्नो नाउँमा दर्ता गराएको देखिन्छ। कि.नं. ३२९ को जग्गासमेत आफ्नै भोग स्वामित्वको भए सोहीबखत नाप जाँच र दर्ता गराउनु पर्नेमा छुट गराई सोसरहका कि.नं. ३२८ र ३३० नं.को जग्गा मात्र दर्ता गराउनु पर्ने कुनै मनासिब आधार र कारण पनि देखिन नआउने।

तसर्थ विवादित कि.नं. ३२९ को जग्गामा प्रत्यर्थी वादी रामहित कुर्मिको हक कायम हुन नसक्ने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी उक्त कि.नं. ३२९ को जग्गामा वादी रामहित कुर्मीको हक कायम गरी दाखिल खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।३।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः यमप्रसाद बास्कोटा

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम्।

- यसै लगाउको ०७०-CI-००६९, हक कायम गरी खिचोला मेटाई पाउँ, *त्रिलोकीनाथ पाण्डे वि. रामहित कुर्मी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CI-०८८६, जग्गा खिचोला मेटाई घर भत्काई चलन चलाई पाउँ, *नारायण मुसहरसमेत वि. कैलास कुर्मीसमेत*

प्रतिवादीले प्रतिउत्तर पत्रसाथ पेस गरेको मिति २०५२।३।१ को घरसारको राजीनामाको लिखत हेर्दा यी पुनरावेदक वादीहरू समेत साक्षी बसी मन्जुरी दिएको देखिन्छ । मिसिल संलग्न नक्सा हेर्दा प्रतिवादीहरूले स-सानो फुसको घर बनाई बसेको र सो ठाउँमा आँप, किम्बु, कटहर र अम्बाका रूखसमेत भएबाट राजीनामा दिएको मितिबाट भोग गरेको रहेछ भन्ने कुरा पुष्टि हुन आयो । तथ्य एवम् प्रमाणहरूको विश्लेषणबाट विवादित जग्गामा मिति २०६७।८।८ मा जबरजस्ती कब्जा खिचोला गरी प्रतिवादीहरूले घर बनाएको हो भन्ने वादी दाबी पत्यारलायक देखिएन । आफैँ साक्षी बसी राजीनामा दिएका र यतिका वर्षपछि घरबास नै उठीबास हुने गरी खिचोला गऱ्यो भन्न मिल्ने नदेखिने ।

तसर्थ, कि.नं.२८ को ज.वि.०-३-० जग्गामध्ये पश्चिमतर्फबाट ज.वि. ०-१-४ जग्गामा कब्जा खिचोला गरी मिति २०६७।८।८ मा प्रतिवादीहरूले घर निर्माण गरेकोले घर भत्काई खिचोला मेटाई चलन पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू नवलपरासी जिल्ला अदालतको फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।१०।२१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः यमप्रसाद बास्कोटा

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CI-०५८२, निर्माणाधीन घर हटाई जग्गा खिचोला मेटाई चलन चलाइपाउँ, *राधादेवी यादव वि. लक्ष्मीप्रसाद उपाध्याय*

वादी प्रतिवादीको नक्सामा भएको जग्गा भन्दा दुवै पक्षको जग्गा घटेको देखिन्छ । दुवै पक्षको कम जग्गा देखिएको र नक्सा आकृतिअनुसार भोग गरेकोसमेत देखिएको अवस्थामा प्रतिवादीले वादीको जग्गा खिचोला गरेको भन्न मिलेन । वादी दाबीबमोजिम खिचोला मेटाई चलन चलाई पाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः वादीको कि.नं.७९ को जग्गामा प्रतिवादीको खिचोला मेटाई चलन चलाई पाउने ठहऱ्याई सुरू नवलपरासी जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादीको फिराद दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।५।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः यमप्रसाद बास्कोटा

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७२-WO-०३६२, उत्प्रेषण / परमादेश, *सुरेन्द्र कुमार राय वि. जिल्ला प्रहरी कार्यालय, धनुषासमेत*

मिति २०७२।१।६ मा गैरहाजिर भएको भनिएका निवेदक २०७२।२।१ मा उपचारको विवरणसहित हाजिर गराइ पाउँ भनी निवेदनसहित उपस्थित भएकोमा त्यसतर्फ कारवाही नगरी ८० दिनसम्म गैरहाजिर रहेको भनी उल्लिखित प्रहरी नियमावलीको नियम ११३ को उपनियम (१) को खण्ड (च) मा उल्लेख भएको अवधि पैंतालीस दिनभित्रै हाजिर हुन आएका निवेदकलाई ८० दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको भनी निर्णय गरेको देखिने ।

आफू बिमारी परी कार्यालयमा उपस्थित

हुन नसकेको भनी प्रहरी नियमावली, २०७१ को नियम ११३ को (१)(च) मा उल्लेख समय ४५ दिनभित्रै दिएको निवेदनको सम्बन्धमा कारवाही नै नगरी निवेदकलाई सेवाबाट बर्खास्त गर्ने गरेको कार्य दुरासयपूर्ण देखियो। अधिकारप्राप्त अधिकारीले कसैको हक हितमा प्रतिकूल असर पर्ने निर्णय गर्दा कानूनमा उल्लेख भएबमोजिमको प्रक्रिया अक्षरश: पालना गरी सफा हृदयले गरेको देखिनु पर्छ। निवेदकलाई भविष्यमा सरकारी नोकारीको निमित्त अयोग्य नठहरिने गरी गरेको निर्णय र सोउपर परेको पुनरावेदनमा समेत सोही निर्णय सदर गरेको निर्णयमा प्रहरी नियमावली, २०७१ को नियम ११३ को उपनियम (१) को खण्ड (च) को प्रत्यक्ष त्रुटि देखिने।

तसर्थः प्रहरी नियमावली, २०७१ (संशोधनसहित) बमोजिम मिति २०७२।३।२२ मा भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी प्रहरी उपरिक्षकले गरेको निर्णय र सोउपर परेको पुनरावेदनमा सोही निर्णयलाई पुनरावेदन सुन्ने अधिकारी प्रहरी वरिष्ठ उपरीक्षकबाट मिति २०७२।०५।२८ सदर गर्ने गरेको निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ। निवेदकलाई नोकरीबाट बर्खास्त गरेको कानूनअनुरूपको नदेखिँदा निवेदकलाई नोकरीमा बहाली गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल चैत २४ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CR-०९४१, लागु औषध अफिम, *जुनबहादुर वि.क. वि. नेपाल सरकार*

प्रतिवादीबाट २ के.जी.२५ ग्राम लागु औषध अफिम बरामद भएको बरामदी मुचुल्कामा स्वयम् यी प्रतिवादीको समेत सहिछाप रहेको, उक्त बरामदी मुचुल्काको बेहोरासँग मिल्ने भिड्ने गरी आफूले कसुर गरेको स्वीकारी प्रतिवादीले अनुसन्धानमा बयान गरिदिएको र उक्त बरामदी वस्तु २ के.जी. २५ ग्रामको लागु औषध अफिम भएको भन्ने तौल मुचुल्का र परीक्षण प्रतिवेदनबाट देखिएको छ। बरामदी मुचुल्काका काम तामेल गरी प्रतिवेदन दिने प्र.ना.नि. ध्रूवराज बोहराले अदालतमा गरेको बकपत्रबाट पनि बरामदी मुचुल्का समर्थित भएको देखियो। प्रतिवादीले अदालतमा बयान गर्दा लेखाएका उक्त लागु औषध अर्को व्यक्तिले छोडी भागेर गएको भन्ने तथ्य कहीँकतैबाट पुष्टि हुनसकेको देखिँदैन। सो कुरालाई यी प्रतिवादीले अनुसन्धानका क्रममा स्वयम् पनि भन्नसकेको देखिँदैन। अनुसन्धानमा अर्थात् मौकामा गरेको बयानलाई अदालतमा खण्डन गरेकै र अनुसन्धानमा यातना दिई लेखाएको भनेकै आधारमा मात्र झुट्टा वा यातना दिई लेखाएको भनी मान्न नसकिने।

कसुर र कसुरदारको पहिचानका लागि अनुसन्धानका क्रममा सङ्कलित वस्तुगत प्रमाण तथा मौकामा तथा अनुसन्धानका क्रममा प्रतिवादी र अन्य व्यक्तिहरूको भनाइले महत्त्वपूर्ण भूमिका खेल्दछन्। त्यसैले अदालतले अनुसन्धानका क्रममा सङ्कलित त्यस्ता प्रमाणलाई महत्त्वपूर्ण प्राथमिक प्रमाणका रूपमा नै ग्रहण गर्नुपर्दछ। अनुसन्धानका क्रममा सङ्कलित त्यस्ता प्रमाणमा विश्वसनीयता नरहेको भए किन के कसरी त्यस्ता प्रमाणको विश्वसनीयता छैन भन्ने कानूनबमोजिमका स्पष्ट आधार कारण त्यस्तो प्रमाणको विश्वसनीयतालाई अन्यथा हो भन्ने पक्षले नै देखाउन सक्नुपर्दछ। प्रतिवादीले अनुसन्धानका क्रममा व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (२)(क) मा उल्लेख गरेको अवस्थाहरू देखिएमा र कुनै काम गर्ने देख्ने, थाहा पाउने वा सोबाट पीडितले मौकामा व्यक्त गरेका कुराहरू अदालतले प्रमाणमा लिन हुन्छ भन्ने उक्त दफा ९ को र दफा १० को कानूनी प्रावधानअनुरूप पनि मौकामा उक्त कानूनी प्रावधानअनुरूपको परिस्थितिमा नभई सोको प्रतिकूल परिस्थितिमा मात्र त्यस्तो कुरा व्यक्त गरेको हो भनी पुष्टि गर्न नसकेको अवस्थामा पक्षले वा सम्बन्धित

घटना देख्ने, थाहा पाउने वा सोबाट पीडितले मौकामा व्यक्त गरेको कुरालाई अदालतले प्रमाणमा लिनुपर्ने । प्रतिवादीले अनुसन्धानमा आफूलाई यातना दिएर मात्र कसुरमा साबित गराएको भनी अदालतको बयानमा मौखिक रूपमा भनी सोही बेहोरा निजका साक्षीले बकपत्रमा लेखाइदिएबाहेक अन्य कुनै वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गराउन सकेको नदेखिँदा निजको अन्य प्रमाणबाट समेत पुष्टि भइरहेको अनुसन्धानको बयान बेहोरालाई असत्य मान्न सकिएन । प्रतिवादीले उल्लेख गरिदिएको बरामदी लागु औषध अफिम बोकेको मानिस प्रहरीलाई देखेपछि साइकल र सो झोलासमेत छोडी भागेको भनी लेखाए पनि सो मानिस को हो ? निजको हुलिया के कस्तो थियो ? भन्ने सम्बन्धमा केही उल्लेख गर्नसकेको छैन । साथै भाग्ने मानिस हिँडेरभन्दा साइकल चढेर नै छिटो भाग्नसक्ने हुँदा प्रतिवादीले भनेको अर्को मानिस साइकल छोडी भागेको होला भन्ने कुरा सत्य होला भनी मान्नसमेत सकिँदैन । त्यसैले यी प्रतिवादी जुनबहादुर वि.क.बाट नै उक्त २ के.जी.२५ ग्राम लागु औषध अफिम बरामद भएको प्रस्ट हुन्छ । सो भएबाट प्रतिवादीको आफूले अदालतमा इन्कारी बयान गरेको र सो बयान आफ्ना साक्षीबाट समेत समर्थित भएको आधारमा आफूले सफाई पाउनुपर्ने भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

लागु औषध बरामद गरी रीतपूर्वक बरामदी मुचुल्का तयार गरी पेस गरेको, तत्काल मौकामा फेला परेका व्यक्तिहरूबाट घटना विवरण कागजसमेत गराई पेस गरेको, मौकामा प्रतिवादीलाई पक्राउ गरी बयान गराएको, उक्त बयानमा प्रतिवादीले कसुर स्वीकारेको, बरामद गरी प्रतिवेदन दिने प्रहरी कर्मचारीले अदालतमा आई बरामदी बेहोराको समर्थन गरी बकपत्रसमेत गरिदिएको जस्ता मुचुल्का कागज प्रमाणहरू मिसिल संलग्न देखिएको अवस्थामा वादी नेपाल सरकारबाट अभियोग पुष्टि हुने आधार प्रमाण पेस हुन नसकेको भनी मान्न सकिँदैन । तसर्थ वादी पक्षले वस्तुगत प्रमाण पेस नगरेको अवस्थामा केवल आफूलाई शङ्काका आधारमा मात्र दोषी ठहर गरेको भनी लिएको प्रतिवादीको पुनरावेदन जिकिरलाई युक्तिसङ्गत मान्न नसकिने ।

अतः माथि विवेचित आधार प्रमाणसमेतबाट प्रतिवादी जुनबहादुर वि.क.ले २ के.जी.२५ ग्राम लागु औषध अफिम बिक्री वितरण गर्ने उद्देश्यले झोलामा बोकी ओसारपसार गरेको देखिई निज प्रतिवादीले अभियोग दाबीअनुसार लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसुर गरेको स्थापित हुन आएकोले निज जुनबहादुर वि.क.लाई ऐ. ऐनको दफा १४(१)(छ)(३) बमोजिम १६ वर्ष कैद र रू.३ लाख जरिवाना हुने ठहर गरी भएको सुर्खेत जिल्ला अदालतको मिति २०७१।०९।७ को फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७२।०३।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर ३ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CR-१५३७, जबरजस्ती करणी, *शिव विश्वकर्मा वि. नेपाल सरकार*

घटनामा प्रत्यक्षदर्शी भनिएकी साइँली आमा भन्ने माया सार्कीको मौकाको कागज गर्दा मिति २०७१।७।७ गते दिउसो घरतर्फ आउँदै गर्दाको अवस्थामा स्कुलको पर्खालपछाडि एकान्त कुनामा बच्चा चिच्याएको आवाज सुनी अलि नजिक गई हेर्दा प्रतिवादी शिव वि.क.ले पीडित सेती-३ लाई काखमा लिई बसेको, बच्ची चिच्याउँदै रूँदै थिइन् । सो देखेपछि बच्चीलाई के गरेको यसलाई छोडदे भन्दा शिव वि.क.ले बच्चीलाई समाती माथि उठायो । माथि उठ्दाखेरी निजले लगाएको पाइन्ट खोलिएको अवस्थामा घुँडासम्म झरेको थियो भनी उल्लेख गरेकी र अदालतमा समेत अनुसन्धानको क्रममा गरेको कागज बेहोरालाई स्वीकार गरी बकपत्र

गरेको देखिने ।

स्वयम् पीडितले अनुसन्धानको क्रममा शिव दाईले स्कूलको पर्खालपछाडि जंगलमा लगी मेरो पाइन्ट खोल्न लगाई मेरो सुसु चलाई दाइको सुसु मेरो सुसुमा हाले ममाथि चढेपछि म रोएँ । त्यसपछि निजले काखमा बोकेर खानेकुरा किनी दिने भन्नुभयो । त्यहीबेला साहिँली आमा आई के गरेको बहिनीलाई छोडदे भनेर कराउनु भयो । त्यसपछि म घर गएँ। ममीले गाली गर्नुहुन्छ भनेर केही पनि भनिन। अहिले आएर सुसु गर्दा दुख्ने भएपछि ममीलाई भनेकी हुँ भनी लेखाइ दिएकी र अदालतमा समेत उपस्थित भई अनुसन्धानको क्रममा गरेको कागजको विवरणलाई समर्थन गरी बकपत्र गरेको देखियो। जाहेरवाली स्वयम् अदालतसमक्ष उपस्थित भई आफ्नो जाहेरी बेहोरालाई समर्थन गरी बकपत्र गरेको देखिने।

प्रतिवादीउपरको किटानी जाहेरी, सो जाहेरी दरखास्तलाई पुष्टि हुने गरी जाहेरवालीले गरिदिएको बकपत्र, पीडितको मौकाको कागज, निजको अदालतको बकपत्र, वारदातको प्रत्यक्षदर्शीको रूपमा रहेकी साहिँली आमा (माया सार्की) को कागज तथा निजले गरिदिएको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा निजको परीक्षण गर्ने डाक्टरको बकपत्रसमेत एक अर्कासँग क्रमबद्ध रूपमा मेल खान गई प्रमाणमा ग्रहण गर्न योग्य देखियो । जबरजस्ती करणी ठहरका लागि प्रत्यक्षदर्शी एक मात्र निर्विकल्प आधार हुन सक्दैन। करणी गर्ने कार्य गर्दा कसैबाट नदेखियोस् भन्ने नै मानिसको प्रवृत्ति रहन्छ। करणी गर्ने मनसायले पीडितलाई एकान्त ठाउँमा लैजानु, पीडित स्वयम्ले प्रतिवादीले मेरो सुसु चलाई निजको सुसु निकाली ममाथि चढेको भनी उल्लेख गर्नु, प्रत्यक्षदर्शी भनिएकी साहिँली आमा (माया सार्की) ले प्रतिवादीले पीडितलाई भुईंमा बसी काखमा समाती राखेको र छोड्दे भन्दासमेत अटेर गरेको कार्य तथा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनले निज प्रतिवादीले आरोपित कसुर गरेको देखिँदा पुनरावेदन अदालत, पोखराको फैसलामा त्रुटि रहेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

तसर्थ माथि विवेचित आधार कारणबाट प्रतिवादी शिव विश्वकर्मालाई जबरजस्ती करणी महलको ३(१) नं. बमोजिम ११ (एघार) वर्ष कैद सजाय र ऐ. १० नं. बमोजिम रू. ५०,०००।– (पचास हजार रूपैया) क्षतिपूर्ति पीडितले प्रतिवादीबाट भराई पाउने ठहऱ्याई सुरू स्याङ्जा जिल्ला अदालतबाट मिति २०७१।१०।१९ मा भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७२।८।१५ को फैसला मिलकै देखिँदा सदर हुने।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत २५ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-CI-०७३४, जग्गा खिचोला मेटाई घर भत्काई चलन, *जयराम साह तेलीसमेत वि. गुल्जारू साह तेली*

वादीको कि.नं.३४ को जग्गा ज.वि. ०-०-६½ प्रतिवादीको कि.नं. ३९ को जग्गा ज.वि. ०-०-७ कायम रहेको नापी कार्यालय, बाराबाट प्राप्त टायल चेक उतारबाट देखिन आयो । बारा जिल्ला अदालतबाट भई आएको नक्सा मुचुल्का हेर्दा वादीको निर्विवादित जग्गा न.नं. ६, ७ र ८ मा ०-०-५-१५ र प्रतिवादीको निर्विवादित जग्गा न.नं.१, २ र ३ मा ०-०-८ रहेको देखिन्छ । यसरी वादीको टायल चेकको जग्गाभन्दा निर्विवादित जग्गा घटी र प्रतिवादीको टायल चेकको जग्गाभन्दा निर्विवादित जग्गा बढी रहेको पाइयो । त्यसैगरी विवादित जग्गा न.नं. ४ र ५ मा ०-०-०-११ रहेको देखिन्छ । उक्त नक्सा मुचुल्का हुँदा प्रतिवादीको वारेस डोरमा बसेको तर नक्सा मुचुल्कामा सही गर्न नमानेको भनी कैफियतमा उल्लेख भएको पाइन्छ । यसर्थ नापीको टायल चेकअनुसारको जग्गाभन्दा वादीको घटी र प्रतिवादीको बढी जग्गा रहेको देखिएको र विवादित न.नं. ४ र ५ को ०-०-०-११ जग्गा वादीको देखिएकोले यस अदालतबाट

निस्सा प्रदान हुँदा लिइएका आधारसँग यो इजलास सहमत हुन नसक्ने ।

तसर्थ विवादित न.नं. ४ र ५ को ०-०-०-११ को जग्गा वादीको देखिएकोले घर भत्काई वादीले प्रतिवादीहरूको खिचोला मेटाई चलन चलाई पाउने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।२।२० को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल वैशाख २५ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-WO-०२९७, उत्प्रेषण, *उदय थलङ वि. पुनरावेदन अदालत पाटन ललितपुरसमेत*

प्रचलित कानूनअनुसार कसैले आफ्नो हक स्वामित्वभित्रको निजी जग्गामा प्रचलित कानूनको अधीनमा रही कुनै भौतिक पूर्वाधार विकास गर्न घर भवन बाटो निर्माण गरी आफ्नो सम्पत्ति उपभोग गर्नबाट रोक लगाएको पाइँदैन । लिखित जवाफमा समेत निवेदनमा उल्लेख भएबमोजिम कार्य नगरी आफ्नै स्वामित्वभित्रको जग्गामा भौतिक पूर्वाधार विकास गरेको उल्लेख भएको पाइन्छ । त्यसैगरी सार्वजनिक जग्गामा रहेको पानीको मुहानलाई नोक्सान पुऱ्याउने, मास्ने काम नगरी सोलाई व्यवस्थित गर्नेसमेत उल्लेख गरेको देखिन्छ । उपर्युक्त बेहोराअनुसार विपक्षीले निवेदकहरूको हक भोग स्वामित्वभित्रको जग्गामा भौतिक पूर्वाधार निर्माण नगरी आफ्नो नाउँमा कायम रहेको जग्गामा निर्माण कार्य गरेको हुँदा आफ्नो नाउँमा कायम रहेको जग्गामा आवश्यक निर्माण कार्य गर्न नपाउने भन्न मिल्ने देखिएन । आफ्नै नाउँको जग्गामा निर्माण कार्य गर्नबाट रोक लगाउने हो भने कानूनद्वारा प्रत्याभूत सम्पत्तिसम्बन्धी अधिकारमाथि नै अंकुश लाग्ने हुँदा तत्काल निवेदकको मागअनुसार अन्तरिम आदेश जारी गर्न मिल्ने अवस्था नदेखिने ।

सुरू ललितपुर जिल्ला अदालतले स्थलगत नक्सा सर्जमिनसमेत गरी विपक्षी कम्पनीले आफ्नो नाउँ दर्ताको जग्गाभित्र मात्र सीमित रही निर्माण कार्य गर्न लागेको भन्ने कुराको निचोडमा पुगी विपक्षी कम्पनीले दिएको निषेधाज्ञा मुद्दाको निवेदनमा मिति २०६९।१२।२९ मा निवेदकको निवेदन परी सो निवेदनउपर समेत दुवै पक्षको कुरा सुनी ललितपुर जिल्ला अदालतबाट मिति २०७०।०२।१० मा अन्तरिम आदेशले निरन्तरता पाउने गरी आदेश भएकोमा सोउपर निवेदकको पुनरावेदन अदालत, पाटनमा अ.बं. १७ नं. अन्तर्गत निवेदन परी पुनरावेदन अदालत, पाटनबाट समेत मिति २०७०।०५।१४ मा सुरू आदेश सदर कायम गरी आदेश भइसकेको तथा सुरू ललितपुर जिल्ला अदालतमा विचाराधीन निषेधाज्ञाको निवेदनबाट नै निवेदकले प्रस्तुत रिट निवेदनमा उठाएका विषयमा बोलिने हुँदा मातहत अदालतमा विचाराधीन निषेधाज्ञा मुद्दालाई प्रभाव पर्ने गरी आदेश हुन नसक्ने ।

सुरू तथा पुनरावेदन अदालत, पाटनबाट भएका आदेशहरूले देखादेखी कानूनको उलङ्घन भएको तथ्यसमेत रिट निवेदकले देखाउन नसक्नु भएको हुँदा उल्लिखित मितिका आदेशले रिट निवेदकका कुनै पनि संवैधानिक एवम् कानूनी हकमा असरसमेत नपुगेको हुँदा मिति २०७०।०७।०४ मा जारी भएको अन्तरिम आदेशसहितको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल जेठ २१ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७०-WO-०२९६, *उत्प्रेषण, उदय थलङसमेत वि. पुनरावेदन अदालत पाटनसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-०२०७, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. चन्द्रिकाप्रसाद*

*यादव*

प्रतिवादी सुनिल भन्ने सन्तोषबहादुर मल्लले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा बरामद भएको लागु औषध खैरो हेरोइन प्रतिवादी पुना तथा पूर्णवासी भन्ने चन्द्रिकाप्रसाद यादवबाट खरिद गरी ल्याएको भनी उल्लेख गरेको देखिन्छ । तर प्रतिवादी पुना तथा पूर्णवासी भन्ने चन्द्रिकाप्रसाद यादवको घर तथा निजको साथबाट लागु औषध तथा कमिसनबापत पाएको भनिएको रूपैयाँसमेत बरामद हुनसकेको नदेखिने ।

प्रतिवादी पुना तथा पूर्णवासी भन्ने चन्द्रिकाप्रसाद यादव लागु औषध बिक्री वितरण गर्ने कार्यमा संलग्न रहेको भन्ने सम्बन्धमा call details बाहेक अन्य प्रमाण प्रस्तुत हुनसकेको देखिँदैन । टेलिफोनमा कुरा भएको भन्नेसम्म कुराले कसुरको सम्बन्धमा कुरा भएको हो भनी यकिन भन्न मिलेन । त्यसैगरी प्रतिवादी सुनिल भन्ने सन्तोषबहादुर मल्लले अधिकारप्राप्त अधिकारीसमक्ष बरामद भएको लागु औषध खैरो हेरोइन प्रतिवादी पुना भन्ने चन्द्रिकाप्रसाद यादवबाट खरिद गरेको भनी लेखाएता पनि अदालतमा बयान गर्दा कसुरमा इन्कार रही यी प्रतिवादी पुना तथा पूर्णवासी भन्ने चन्द्रिकाप्रसाद यादवबाट लागु औषध खैरो हेरोइन ल्याएको कुरालाई उल्लेख गरेको पाइँदैन । बरू चन्द्रिकालाई चिन्दिन भन्ने निजको भनाई रहेको पाइन्छ । यस स्थितिमा सहअभियुक्तको अनुसन्धानमा भएको बयानसम्मको आधारमा प्र. चन्द्रिका यादवलाई दोषी करार गर्न नमिल्ने ।

तसर्थ उपर्युक्त कारणहरूबाट प्रतिवादी चन्द्रिका यादवलाई अभियोग दाबीबाट सफाई दिएको पुनरावेदन अदालत, बुटवलको २०७०।०९।२१ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल फागुन २० गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-MS-००१३, अदालतको अवहेलनामा कारवाही गरिपाउँ, *विश्वनाथ कोइराला वि. मालपोत कार्यालय, कलंकीसमेत*

निवेदन मागअनुसारको विपक्षीहरूले अदालतको मान मर्यादामा आँच पुग्ने किसिमको त्यस्तो कुनै काम विपक्षीहरूले गरेको देखिँदैन । विपक्षीहरूको लिखित जवाफ हेर्दा निवेदकको निवेदनअनुसार अदालतको अवहेलना गरेको छैन भनी लिखित जवाफ भएको देखिन्छ । विपक्षीको कुन कार्यले गर्दा अदालतको अवहेलना गर्‍यो भनी प्रस्ट खुलाउन सकेको छैन । निवेदकले दाबी गरेअनुसारको कार्य विपक्षीहरूले गरेको देखिँदैन । कार्यालयमा आफ्नो दायित्वको सिलसिलामा कुनै काम गर्दा अन्य कुनै पक्षलाई अदालतको अवहेलना गरेको मनमा लाग्दैमा अदालतको अवहेलना गरेको भन्न मान्न नमिल्ने ।

अदालतको मान मर्यादा एवम् जनमानसमा अदालतको आस्था गिराउने, अदालतप्रति द्वेश भावना जगाउने अदालतको आदेशलाई अवज्ञा गर्नेजस्ता कार्य प्रस्तुरूपमा प्रत्यक्ष देखिएको अवस्थामा अदालतको अवहेलना गरेको ठहर्छ । प्रस्तुत मुद्दामा प्रत्यर्थीहरूले यस्ता कुनै कार्य गरेको नदेखिँदा प्रत्यर्थीहरूले अदालतको अवहेलना गरेको भन्न मिल्ने अवस्था नदेखिँदा अवहेलनामा वादी दाबी नपुग्ने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल जेठ १६ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-१४८२, जबरजस्ती करणी, *बुद्धिमान नेपाली (दमाई) वि. नेपाल सरकार*

पीडितको उमेर हेर्दा करिब १८ वर्षकी देखिन्छ । निज पीडितको स्वास्थ्य परीक्षण

प्रतिवेदनबाट छातीमा चिथोरेको घाउ देखिनु, योनिको पूरै भाग सुन्निएको रातो देखिनु, योनिबाट रगत बग्नेजस्ता लक्षण देखिनु, पीडित स्वयम्ले अदालतसमक्ष उपस्थित भई प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको भनी किटानी गरी बकपत्र गर्नु, स्वयम् प्रतिवादीले अदालतमा बयान गर्दा पीडितलाई जबरजस्ती करणी गर्दागर्दै छोराले बोलाएपछि करणी गर्न छोडेको हुँ भनी उल्लेख गर्नु, जाहेरवाली तथा वस्तुस्थिति मुचुल्काका व्यक्तिले अदालतमा आई जाहेरी बेहोरा तथा अनुसन्धानको क्रममा खडा भएको वस्तुस्थिति मुचुल्काको बेहोरालाई समर्थन गरी बकपत्र गर्नुले पीडितलाई यी पुनरावेदक प्रतिवादीले घरमा बोलाई निजको इच्छाविपरीत जबरजस्ती करणी गरेको तथ्य प्रमाणित भएको देखियो । प्रतिवादीको इन्कारी बयान मात्र आरोपित कसुरबाट उन्मुक्तिको आधार हुन सक्दैन । त्यसलाई अन्य स्वतन्त्र प्रमाणबाट समर्थित गराउन सक्नु पर्दछ । प्रस्तुत मुद्दामा यी पुनरावेदकले उक्त अभिभारा पूरा गरेको देखिएन । उल्लिखित आधारबाट यी पुनरावेदक प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको आरोप पुष्टि भएको देखिँदा निज पीडित र आफूबीच सहमतिमा करणी लिनुदिनु भएको भन्ने पुनरावेदन जिकिर सत्यतामा आधारित नपाइने ।

जहाँसम्म पीडितको बोली सामान्य लठेब्रो मात्र हो । सुस्तमनस्थितिको होइन भन्ने जिकिर र सो सम्बन्धमा हेर्दा निज पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितमा सुस्तमनस्थितिको चिह्न पाइएको भनी उल्लेख भएको र निज पीडितको विशेषज्ञबाट परीक्षण गराउँदा Learning Disability (सुस्तमनस्थिति) Moderate to severe भन्ने राय प्राप्त भएको मिसिल संलग्न कागजबाट देखियो । यसरी विशेषज्ञसमेतबाट पीडित सुस्तमनस्थितिको भनी उल्लेख भई आएको अवस्थामा प्रतिवादीले पीडित सुस्त मनस्थितिको होइनन् भनी पुनरावेदनमा जिकिर लिएको कथन वस्तुनिष्ठ प्रमाणको अभावमा विश्वास गर्न सकिने अवस्था नरहने ।

तसर्थ माथि विवेचित आधार र कारणबाट यी पुनरावेदक प्रतिवादी बुद्धिमान नेपालीलाई अभियोग दाबीबमोजिम जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५ वर्ष कैद र सोही महलको ३(क) नं. बमोजिम ५ वर्ष कैद गरी १० वर्ष कैदको सजाय हुने र सोही महलको १० नं. बमोजिम पीडितले प्रतिवादीबाट रू. ५०,०००।– क्षतिपूर्तिबापत पाउने ठहऱ्याएको सुरू संखुवासभा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, धनकुटाले मिति २०७१।९।२२ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: टेकनाथ गौतम
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल चैत १३ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-१४७४ र ०७१-CR-१६१०, *कर्तव्य ज्यान*, *नेपाल सरकार वि. संगम लिम्बु र संगम लिम्बु वि. नेपाल सरकार*

प्रतिवादी र मृतकको बीचमा वारदात भएको दिन सँगै बजारमा गएको भन्ने कुरामा विवाद देखिँदैन । दुवै जनाले जाँड रक्सी खाएको र बजारबाट घर फर्कने क्रममा बाटोमा श्रीमती मातेर लठ्ठ परेको देखी के गरेकी भनी सम्झाउँदा को केटीसँग लागेर आएको भनी भनेकोले रिस थाम्न नसकी निजलाई धकेली दिएको र उठाई घर जाउँ भन्दा निजले मेरो हातमा टोकी दिएकोले नजिकैको बाँसले टाउकोमा २ पटक हानेको र श्रीमतीलाई मार्ने नभई तर्साउनका लागि हिर्काएको भन्ने कुरा निज प्रतिवादीको बयानबाट देखिन्छ । मृतकलाई मार्नु पर्ने पूर्वरिसइवी थियो भन्ने कुरा मिसिल प्रमाणबाट पुष्टि हुनसकेको देखिँदैन । प्रतिवादीले मृतकलाई कुटपिट गरेपछि पनि आफूसमेत सँगसाथ रही उपचार गराउन धरान लग्ने क्रममा लसुने प्रहरी चौकीमा पक्राउ परेको भनी लेखाइ दिएकोबाटसमेत प्रतिवादीले तत्काल उठेको रिसले आवेगमा आई कुटपिट गरी मृतकको मृत्यु भएको भन्ने

देखिँदा मृतकलाई मार्ने रिसइवी लिएर नै प्रतिवादीले आरोपित कसुर घटाएको हो भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसकिने।

प्रतिवादीले मृतकलाई धकेली लडाई घर जाउँ भन्दा  गाली गलौज गरेकोले तत्काल उठेको रिस थाम्न नसकी नजिकै रहेको बाँसको मुड्काले दुई पटक टाउकामा प्रहार गरेको भन्ने कुरा स्वयम् प्रतिवादीले बयान गर्दा उल्लेख गरेबाट समेत प्रतिवादी संगम लिम्बुले मृतकलाई आवेशमा आई कुटपिट गरेको देखिँदा ज्यानसम्बन्धी महलको ५ नं. मा गरिएको कानूनी व्यवस्थाभित्र पर्ने गरी ज्यान मार्न भने नचाहेको अवस्थामा नै भवितव्यको अवस्था पर्न गई मृतकको मृत्यु भएको स्थिति देखिन आएन। तत्काल उठेको रिसबाट कुटपिट गरी सोही चोटको कारणबाट मृतकको मृत्यु भएको देखिँदा पुनरावेदन अदालत, धनकुटाको फैसलालाई अन्यथा गरिरहनु पर्ने नदेखिने।

तसर्थ माथि विवेचित आधार र कारणबाट सुरू जिल्ला अदालतबाट प्रतिवादी संगम लिम्बुलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद सजाय हुने ठहऱ्याएको मिति २०७१।२।२२ को फैसलालाई केही उल्टी गरी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अनुसार १० वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७१।१०।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत १३ गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-WO-०६८६, उत्प्रेषण / परमादेश, *तुलासिंह ठगुन्नासमेत वि. गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

तत्काल मुआब्जासम्बन्धी कारवाहीमा चित्त नबुझाएको र कारवाही अन्तिम नभई पुनः निवेदकहरूले नेपाल सरकार, गृह मन्त्रालयमा पटकपटक निवेदन चढाएकोमा गृह मन्त्रालयबाट मिति २०७१।१०।११ मा मुआब्जा वितरणमा चित्त नबुझी दिएको निवेदन सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको प्रतिक्रिया उपयुक्त नै भएको र नौ जना मात्र भुक्तानी लिन बाँकी भएको भनी लेखी आएकोले मुआब्जा मूल्याङ्कनमा केही गरिरहनु नपर्ने भनी निर्णय भएको देखिन्छ। यस स्थितिमा उक्त मिति २०७१।३।१५ मा कायम गरिएको मुआब्जा अनुपातमा सो समयको जग्गाको मूल्य र हालको जग्गाको मूल्यमा फरक हुन गएको मालपोत कार्यालयको दररेट निर्धारणबाट देखिने।

प्रमुख जिल्ला अधिकारी अध्यक्ष भएको समितिबाट मिति २०७१।३।१५ को निर्णय ऐनअनुरूप भएको छ छैन भनी हेर्दा उक्त जग्गासँग जोडिएका अन्य त्यस्तै जग्गाको मुआब्जा रकम हाल प्रति रोपनी रू. ३८,५०,०००।- कायम भइरहेको देखिन्छ। मुआब्जा निर्धारण सम्बन्धमा कुनै तथ्ययुक्त वा प्रामाणिक आधारबेगर निर्धारण गर्नु न्यायसङ्गत हुँदैन। मुआब्जा निर्धारण गरी दिनु पर्ने भएपछि निर्धारण गर्ने समितिबाट न्यायसङ्गत रूपमा मुआब्जा निर्धारण गर्दा त्यस्तो जग्गाको के कुन आधारमा मूल्य कायम गरिनु पर्ने हो वा के कुन तथ्यगत आधारमा मुआब्जा रकम निर्धारण गरिएको हो स्पष्ट खोल्नु पर्ने।

तसर्थ ऐनअनुरूप आधार कारण स्पष्ट उल्लेख नगरी प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित समितिले मिति २०७१।३।१५ मा गरेको निर्णय त्रुटिपूर्ण देखिँदा सो निर्णय र तत्सम्बन्धी काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब निवेदकहरूको जग्गा सम्बन्धमा प्रचलित चलन चल्तीको मूल्यलाई आधार मानी कानूनबमोजिम पुनः मुआब्जा निर्धारण गर्नु गराउनु भनी प्रत्यर्थीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल माघ ५ गते रोज ४ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-CR-१२७३, भ्रष्टाचार (नक्कली प्रमाणपत्र) , *यज्ञश्वर पौडेल वि. नेपाल सरकार*

अनुसन्धानको क्रममा प्रतिवादी यज्ञश्वर पौडेलको नामको B-४११८१ वर्ष / संकाय १९९४ वाणिज्यतर्फको प्रमाणपत्र प्रमाणीकरणको लागि पठाउँदा "अभियुक्ति कार्यालय, के द्वारा इस तरहका क्रमाङ्क आवटित नही गया है" भनी विहार विद्यालय परीक्षा समितिबाट लेखिआएको देखिन्छ । सो प्रमाणपत्र विशेष अदालत, काठमाडौंको आदेशानुसार पुनः प्रमाणीकरणको लागि पठाउँदा कम्प्युटर तथा लेजर (RTR / HTR) दुवै अभिलेखमा उक्त विवरणको रेकर्ड नभएको भनी उच्च माध्यमिक शिक्षा परिषद्को पत्रसहित बोर्डको निर्णय प्राप्त भएको देखिँदा यी प्रतिवादीले प्राप्त गरेको भनेको आई.कम.को प्रमाणपत्र सद्धे साँचो बेहोराको नभई नक्कली बेहोरा नै रहेको पुष्टि हुन आउने। प्रतिवादीको नामको B-४११८१ वर्ष / संकाय १९९४ वाणिज्यतर्फको प्रमाणपत्र नदेखिएको भन्ने विहार विद्यालय परीक्षा समितिबाट लेखिआएको र विशेष अदालतबाट पुनः प्रमाणीकरणका लागि पठाउँदा कम्प्युटर तथा लेजर (RTR / HTR) दुवै अभिलेखमा उक्त विवरणको रेकर्ड नभएको भनी उच्च माध्यमिक शिक्षा परिषद्को पत्रसहित बोर्डको निर्णय प्राप्त भएको अवस्थामा पुनः प्रमाणिकरण गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ पुनरावेदक प्रतिवादी यज्ञश्वर पौडेलले झुट्टा एवम् नक्कली बेहोराको आई.कम.को शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको कसुरमा यी पुनरावेदक प्रतिवादी यज्ञश्वर पौडेललाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर अपराध गरेको ठहऱ्याई सोही ऐनको दफा २९(२) बमोजिम रू.५००।- (पाँच सय) जरिवाना गर्ने गरेको विशेष अदालत, काठमाडौंको मिति २०७२।९।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल माघ २५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपक कुमार कार्की,** ०७०-CR-०२२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खुमबहादुर नेपालीसमेत*

मृतक तथा अम्मर रोक्का, धर्मेन्द्र श्रेष्ठ, गोविन्द घर्ती, प्रितम जि एमसमेतका ५ जनाले निज अम्मर रोक्काकी दिदी पूरा बुढाको घरमा गई पाँचै जनाले जाँड रक्सी सेवन गर्दाका अवस्थासम्म पनि यी प्रतिवादीहरू बसन्तबहादुर बस्नेत र खुमबहादुर नेपाली निज मृतक तथा अन्य प्रतिवादीहरू अम्मर रोक्का, धर्मेन्द्र श्रेष्ठ, गोविन्द घर्तीको सँगसाथमा बसेको देखिँदैन । मृतकसँग यी प्रतिवादीहरूको पूर्वरिसइवी झैझगडा रहेको भन्नेसमेत देखिएको छैन । मृतकलाई मार्नुपर्छ भन्ने पूर्वयोजनामा यी प्रतिवादीहरूलाई समेत संलग्न गरी गराई कुनै षड्यन्त्र वा योजना बनाएकोसमेत देखिन नआउने।

प्रतिवादीहरू बसन्त बस्नेत र खुमबहादुर नेपालीले मृतकलाई कुनै हातहतियार वा लाठा ढुङ्गाले प्रहार गरेको भनी किटानीसाथ लेखाइदिएको नदेखिएको अवस्था हुँदा यी प्रतिवादीहरू उक्त वारदातस्थलमा रहेकै देखिए तापनि निजहरूले मृतकलाई वारदातस्थलमा मौजुद रही हातहतियार छाडेको वा कुनै हतियार आफ्नो साथमा लिई महजुद रहेको भन्ने तथ्ययुक्त एवम् शङ्कारहित प्रमाणहरूबाट पुष्टि हुनसकेको नदेखिने।

वारदातमा निज प्रतिवादीहरू बसन्तबहादुर बस्नेत र खुमबहादुर नेपालीको उपस्थिति रहेकै अवस्थामा अन्य प्रतिवादीहरूले मृतकलाई चिरपट दाउराले प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि हुन आएको देखिएकोले यी प्रतिवादीहरूका हकमा उक्त सोही

ज्यानसम्बन्धीको १७(३) नं. आकर्षित हुने अवस्था विद्यमान रहेको देखिने।

तसर्थ प्रतिवादीमध्येका खुमबहादुर नेपालीलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष कैद सजाय हुने ठहऱ्याई सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०६९।९।२९ मा भएको फैसला सदर गरी एवम् प्रतिवादी बसन्तबहादुर बस्नेतको हकमा निजलाई जन्मकैद सजाय हुने ठहऱ्याई गरेको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६९।२।७ को फैसला केही उल्टी भई निजलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम तजबिजी कैद २ (दुई) वर्ष मात्र सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०६९।१२।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असार १५ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-CR-०८८३, डाँका चोरी, *नेपाल सरकार वि. घनश्याम पौडेलसमेत*

जाहेरवालाले मिति २०६७।०५।१० गते दिएको जाहेरी दरखास्तमा यी प्रतिवादी घनश्याम पौडेलउपर किटानी गरी जाहेरी दिएको देखिँदैन । जाहेरवालाले अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दा, प्रतिवादीहरू राति आएका हुनाले चिन्ने कुरा भएन । मिडियामा आएपछि निजहरूको नाम, थर, ठेगाना थाहा भएको हो भन्नेसमेत बेहोरा उल्लेख गरी गरिदिएको बकपत्रमा यी प्रतिवादी घनश्याम पौडेलको उपस्थिति र निजले सो घटना वारदातमा निर्वाह गरेको कुनै भूमिकाको सम्बन्धमा समेत किटानीसाथ खुलाई बकपत्र गरेको देखिँदैन। मौकामा बरामद भएका दशीका सामानहरू निज प्रतिवादीले आफैँले लुकाई राखेको निजको आफ्नै प्रयोगमा रहने घरकोठाबाट बरामद भएको नभई निजले सञ्चालन गरी राखेको होटलको गेष्ट हाउसको कोठामा रहे बसेका व्यक्तिहरूका साथबाट उक्त दशीका सामान बरामद भएको देखिएको छ । निज प्रतिवादीको आफ्नो कुनै निजी प्रयोगमा रहेको घरकोठाबाट उक्त सामानहरू बरामद भएको देखिएको छैन । मौकामा पक्राउ परेका अन्य प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा यी प्रतिवादीले जाहेरवालाको घर देखाई दिएको भनी लेखाइ दिएको देखिए तापनि निज प्रतिवादीहरू र यी प्रतिवादीसमेतले अदालतसमक्ष उपस्थित भई गरेको बयानमा यी प्रतिवादीको संलग्नता देखाई बयान गरेकोसमेत देखिएको छैन। सहप्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको पोल तथा यी प्रतिवादीको बयान मिसिल संलग्न अन्य प्रमाण र तथ्यबाट पुष्टि प्रमाणित हुनसकेको नदेखिने।

प्रतिवादी घनश्याम पौडेलले सञ्चालन गरेको गेष्ट हाउसमा बसेका अन्य प्रतिवादीहरूले गरेको डाँका चोरीको कसुरमा यी प्रतिवादीको समेत संलग्नता रहेको होला भनी अनुमान र आशङ्कासम्म गरी निजलाई समेत उक्त कसुरका भागीदार कायम गर्नु कानून र न्यायसङ्गत हुने देखिँदैन। अनुमान र आशङ्काको आधारमा मात्र कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तको प्रतिकूल हुन्छ। कसुर कायम हुन ठोस र विश्वसनीय आधार हुनुपर्ने देखिँदा निज प्रतिवादी घनश्याम पौडेलको हकमा अभियोग दाबीबाट सफाई दिने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट भएको मिति २०६९।१२।०५ को फैसला मिलेकै देखिन आउने।

तसर्थ, माथि विवेचित तथ्य र प्रमाणका आधारमा निज प्रतिवादी घनश्याम पौडेललाई अभियोग माग दाबीबाट सफाई दिने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६८।३।२७ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६९।१२।०५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

इति संवत् २०७४ साल असार १५ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CI-१४०६, अंश दर्ता, *हरिनारायण साह तेली वि. तेजनारायण साह तेलीसमेत*

कि.नं.१३, ३४, ३७, ८६, ९३, ९१, ९२, १७८, १०२ का जग्गाहरू कृषि विकास बैंकबाट ऋण लिएबापत धितो राखेको र ऋण चुक्ता गर्न नसक्दा लिलाम भएको तथ्यमा विवाद भएन । उक्त जग्गाहरू प्रस्तुत मुद्दा चल्दाकै अवस्थामा प्रतिवादीमध्येकी सम्पैत देवी साहको नाममा फिर्ता भएको देखिन्छ । सो जग्गा प्रतिवादी सम्पैत देवी साहको एकलौटी हुने र त्यसमा बन्डा नलाग्ने प्रतिवादी सम्पैत देवीले जिकिर लिएको देखिँदैन । उक्त जग्गाहरू एकासगोलको नै भएको र बैंकले ऋण चुक्ता भएपछि फिर्ता गरेको देखिएकोले त्यसमा सबै अंशियारको बराबर हक लाग्ने नै देखिने।

प्रतिवादी सम्पैत देवी साहको प्रस्तुत मुद्दा चल्दाकै अवस्थामा मिति २०६९।१।२९ मा मृत्यु भइसकेको मिसिल संलग्न रहेको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपिबाट देखिन्छ । निज प्रतिवादी सम्पैत देवी प्रस्तुत मुद्दाका वादी बद्रीनारायण साह, तेजनारायण साह र राजनारायण साह एवम् प्रतिवादी हरिनारायण साहकी आमा भएकी र निजले सो सम्पत्ति जुनसुकै बेहोराले आर्जन गरे पनि निजका सन्तानको लागि पैतृक सम्पत्ति भई निजको मृत्युपछि निजको छोराहरूको अंश लाग्ने नै देखिने।

प्रतिवादी हरिनारायणले सम्पैत देवीको हेरविचार, औषधी उपचार मृत्युपश्चात् काजक्रिया पनि आफूले मात्र गरेको कुराको कुनै प्रमाण अदालतसमक्ष पेस गर्नसकेको अवस्था देखिँदैन । निज प्रतिवादी हरिनारायणले आफूले लिएको जिकिर प्रमाणित गर्नुपर्ने भार जिकिर लिने व्यक्तिको हुने भएको अवस्थामा यी प्रतिवादीले सो दायित्व पूरा नगरेको र प्रस्तुत मुद्दाको फिराद परेको अघिल्लो मितिसम्म सबैजना वादी प्रतिवादी एकासगोलमा रहेको मानिएकोले प्रतिवादी स्व. सम्पैत देवी साहको नाम दर्तामा आएको जग्गामा निजको मृत्युपश्चात् सबै छोराहरूको समान हक लाग्ने नै देखिने।

मिति २०४९।११।१७ मा मालपोत कार्यालय, सप्तरीमा पास भएको कि.नं. ३७७ जग्गाको लिखत सरकारी कामकाजको सिलसिलामा राखिएको अभिलेख भएकोले त्यसलाई प्रमाणमा लिनु पर्ने नै हुन्छ । उक्त लिखतको कैफियत महलमा उल्लिखित बेहोरासमेतबाट लिला देवी साहको नाम दर्ताको कि.नं. ३७७ को जग्गा निजी तवरबाट खरिद गरि लिएको देखिन्छ । त्यसरी निजी तवरबाट प्राप्त गरेको सम्पत्ति मुलुकी ऐन, अंशबन्डाको १८ मा भएको कानूनी व्यवस्थाअनुसार बन्डा गर्न कर नलाग्ने हुँदा उक्त कि.नं. ३७७ को जग्गा बन्डा नलाग्ने गरी भएको फैसलालाई अन्यथा मान्न मिलेन । सम्पैत देवी साहको नाममा भएको सम्पत्तिमा बन्डा नलाग्नुपर्ने र कि.नं. ३७७ को सम्पत्तिमा बन्डा लाग्नुपर्ने भनी पुनरावेदक प्रतिवादी हरिनारायण साह तेलीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार, कारण एवम् प्रमाणबाट कृषि विकास बैंकबाट सम्पैत देवीको नाममा धितो फिर्ता आएको जग्गामा अन्य अंशियारहरूको समेत बन्डा लाग्ने नै हुँदा र लीला देवी साहको नाममा दर्ता रहेको कि. नं. ३७७ को जग्गामा बन्डा नलाग्ने तथा अन्य जग्गाहरूमा बन्डा लाग्ने गरी सप्तरी जिल्ला अदालतको फैसला केही उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।३।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

इति संवत् २०७३ साल पुस १ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CR-१०२२, लागु औषध (अफिम), *मनबहादुर शाही वि. नेपाल सरकार*

लागु औषध साथबाट बरामद हुनु भनेको हरेक अवस्थामा मानिसको गोजीबाट नै बरामद हुनुपर्दछ भन्ने जरूरी हुँदैन । प्रतिवादी आराम गर्ने

भनेर होटलको कोठामा गएर बसेको अवस्थामा पनि लागु औषध निजको गोजीमा वा शरीरमा नै हुनुपर्ने बाध्यात्मक अवस्था रहँदैन । त्यस्तो बेलामा निजकै पहुँचमा (Domain) रहेको सो कोठामा निजले सजिलै राख्नसक्ने अवस्था रहन्छ । निजलाई प्रहरीले पक्राउ गर्दा सो कोठामा अरू कोही नभएको अवस्थामा सो लागु औषध अरू नै कुनै व्यक्तिको हो भनी मान्न मिल्दैन । यदि त्यो अवस्था हो भने त्यो प्रमाणित गर्ने भार पनि निजको नै हुने हुँदा प्रतिवादीको तर्फबाट त्यस्तो विश्वसनीय प्रमाण पेस भएको मिसिलबाट देखिँदैन । तसर्थ प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउनु पर्दछ भनी निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी मनबहादुर शाहीको साथबाट ५०० ग्राम लागु औषध अफिम बरामद भएको देखिँदा निजको सो कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) र (च) बमोजिमको कसुर अपराध भएकोले सोही ऐनको दफा १४(१)(छ)(३) मा "एक सय ग्रामदेखि माथि जतिसुकै परिमाणको कारोबार गर्नेलाई पन्ध्र वर्षदेखि जन्मकैद र पाँच लाखदेखि पच्चीस लाख रूपैयाँसम्म जरिवाना हुने" व्यवस्था रहेको देखिन्छ । प्रतिवादीबाट बरामद भएको लागु औषधको मात्रासमेतलाई विचार गर्दा निज प्रतिवादीलाई १६ वर्ष कैद एवम् रू. ९,००,०००।- जरिवाना हुने गरी भएको फैसला मनासिब नै देखिँदा परिवर्तन गरिरहनु नपर्ने ।

तसर्थ, माथि विवेचित आधार, कारण एवम् प्रमाणबाट प्रतिवादी मनबहादुर शाहीले ५०० ग्राम अफिम संचित गरेको देखिँदा निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) बमोजिम १६ वर्ष कैद र रू. ९,००,०००।- जरिवाना हुने ठहऱ्याएको काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामु शर्मा

इति संवत् २०७३ साल पुस १ गते रोज ६ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-०७१९, जबरजस्ती करणी, *नेपाल सरकार वि. डोमी मिया*

कोशी अञ्चल अस्पतालबाट मिति २०७१।९।१७ मा भएको पीडित भनिएकी जाहेरवालीको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट निजको कन्याजाली पुरानो च्यातिएको, जबरजस्ती करणीको अवस्था नदेखिएको, Vaginal swab पठाउँदा report मा Spermatozoa नदेखिएको भनी उल्लेख भएको अवस्थासमेतको विश्लेषणबाट छोराछोरीकी आमा समेत बनिसकेकी २५ वर्षीय निज वयस्क पीडितको कन्याजाली च्यातिनु Medical Jurisprudence बाट स्वाभाविक मानिन्छ । यौनिक कार्यपश्चात् निज पीडित भनिएकी जाहेरवालाको यौनाङ्गमा विर्य भेटिनु स्वाभाविक हुनेमा सोसमेत नभेटिएको भन्ने रिपोर्टबाट प्रतिवादी डोमी मियाँले S कुमारीलाई जबरजस्ती करणी गरेको कुरा वस्तुनिष्ठ तवरले पुष्टि हुनसकेको नदेखिँदा निज प्रतिवादी र पीडित जाहेरवालाबीच सहमतिमै करणी भएको भन्ने देखिने ।

प्रतिवादीले पीडित जाहेरवालीलाई जबरजस्ती करणी गरेको भन्ने पुनरावेदन जिकिर भए तापनि वारदातस्थलमा घटना बखतमा पीडित S कुमारीले आफ्नो सतित्व रक्षाका निम्ति प्रतिकार, होहल्ला गरेको, गुहार मागेको भन्ने कुरा मिसिल सम्बद्ध तथ्यबाट स्थापित हुनुपर्ने हो । पीडितको बकपत्रको स.ज. ७ मा डोमीले मलाई केही भनेन, मैले यसो नगरसम्म भनेको हुँ, सोदेखि बाहेक मैले केही गरिन भनी र निजले जबरजस्ती करणी गर्दा मैले हल्ला गरिन भनी स.ज. १५ मा उल्लेख भएको देखिन्छ । वारदातपछि प्रतिवादी भागी गएको भनी लेखाएकी पीडित जाहेरवालीले तत्कालै सो घटनाबारे कुनै हल्ला नगरी घर गई बसी वारदात घटेको तीन

दिनपछि जाहेरी दरखास्त दिएको अवस्थासमेतबाट S कुमारीको सहमतिमै प्रतिवादी र निज पीडितबीच करणी लेनदेन भएको भन्ने भनाई थप पुष्टि हुन गएको छ भने प्रतिवादीले आरोपित कसुरमा गरेको इन्कारी बयानलाई पुष्ट्याई मिलेको पाइने।

जाहेरवालीको बकपत्रलाई प्रमाणमा लिनुपर्ने भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, पीडित भनिएकी S कुमारीको अदालतसमक्ष गरेको बकपत्रको स.ज. ५ र ६ मा "प्रतिवादीको श्रीमतीले घरमा बोलाई प्रतिवादीले मलाई घर आँगनमा जबरजस्ती करणी गरेको हुन्", "त्यतिकै कामबेगर मलाई बोलाएकी थिइन् र आफू छिमेकीको घरमा गइन्" भन्ने निजको बकपत्र स्त्रीजन्य स्वभावविपरीत देखिँदा आफ्नो लोग्नेको लागि श्रीमतीले अर्काकी श्रीमतीसाथ अनैतिक सम्बन्धका लागि अनुमति दिई सोको व्यवस्थापनसमेत गर्छिन् होला भन्ने कुरा गहन सोचनीय एवम् वस्तुतः अकल्पनीय देखिँदा निजको बकपत्रमा विश्वास गर्न सकिएन भनी प्रतिवादीलाई अभियोग दाबीबाट सफाई दिने गरी भएको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेकै देखिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट अभियोजन पक्षले प्रतिवादीउपरको अभियोग दाबी वस्तुनिष्ठ आधारबाट प्रमाणित गर्नुपर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादीमा निहित रहेकोमा प्रस्तुत मुद्दामा निज पीडितउपर प्रतिवादीबाट जबरजस्ती करणी नै भएको तथ्य वादी पक्षबाट पेस हुन नसकेको स्थिति, पीडितको बकपत्र आफैँमा विरोधाभाषपूर्ण एवम् विश्वसनीय नदेखिएको अवस्था एवम् वस्तुस्थिति मुचुल्काका व्यक्ति र प्रतिवादीका साक्षीको बकपत्र खण्डन हुन नसकेको स्थितिसमेतबाट पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७३।३।२० मा भएको फैसला सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-०८४१, जबरजस्ती करणी, *नेपाल सरकार वि. रईस नद्दाफ*

नेपालगञ्ज उपमहानगरपालिका कार्यालय, बाँकेबाट प्राप्त पत्रबाट १६ वर्ष उमेर पुगेको देखिने निज पीडित नाम परिवर्तित सायना बानो पठानले प्रतिवादीले आफूलाई यस्तो प्रकारको अनुचित प्रभाव र यसरी झुक्यानमा पारि करणी गरेको हो भन्न नसकेकी एवम् सोको सबुद प्रमाण अभियोजन पक्षले पेस गर्नुपर्नेमा मिसिल संलग्न कागजातहरूबाट वादी पक्षले सो गर्नसकेको अवस्था नदेखिएको एवम् पीडितले वारदात मितिको सुरूवातदेखि नै प्रतिवादीउपर कहीँकतै कुनै प्रकारको उजुरबाजुर गरेको अवस्थासमेत नदेखिँदा निजको भनाई पत्यारिलो देखिएन। बरू प्रतिवादीले आफूहरूबीचमा विगतदेखि नै प्रेम सम्बन्ध रहेकोले विवाह गर्नका लागि पीडितको घर परिवारले अनुमति नदिएकोले भागी विवाह गरेको र आफूहरूको सहमतिमा नै करणी गरेको हुँ भनी अदालत र अनुसन्धानमा गरेको बयानबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी नै गरेका रहेछन् भनी मान्न सकिने स्थिति नदेखिँदा पुनरावेदन अदालत नेपालगञ्जबाट भएको फैसला मिलेकै देखिने।

फौजदारी मुद्दामा कसैउपर अभियोग लगाउँदा अभियोगबमोजिमको कार्य प्रतिवादीबाट भयो भन्ने कुरा शङ्कारहित तवरबाट प्रमाणित गर्नुपर्छ। जबरजस्ती करणी जस्तो संगीन फौजदारी मुद्दामा प्रतिवादीले जबरजस्ती करणी गरेको हो भन्ने वस्तुनिष्ठ आधार अभियोजन पक्षले पुष्टि गर्न नसकेको अवस्थामा केवल जाहेरी दरखास्तलाई निश्चयात्मक एवम् अकाट्य प्रमाणका रूपमा ग्रहण गरी प्रतिवादीलाई सजाय गर्नु कानून, न्यायका सर्वमान्य सिद्धान्त एवम् प्रतिपादित नजिरसमेतको विरूद्ध हुन्छ। अतः प्रतिवादीको कार्य अपराध कसुर नै हो भन्ने सबुद एवम् वस्तुनिष्ठ प्रमाण अभियोजन पक्षले

पेस गर्न नसकेको स्थितिमा प्रतिवादी रइस नद्दाफलाई आरोपित कसुरबाट सफाई दिएको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मनासिब नै देखिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारण एवम् प्रतिवादी कलिम शेष भन्ने रइस नद्दाफले पीडितलाई जबरजस्ती करणी नै गरेको हो भन्ने तथ्य स्थापित हुन नसकेको अवस्था एवम् कसुरलाई समर्थन हुने अकाट्य प्रमाणसमेतको अभाव देखिने प्रस्तुत मुद्दामा प्रतिवादीलाई आरोपित कसुरबाट सफाई दिने गरी पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०७३।१।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-०९६५, वन पैदावार हानि नोक्सानी, *नेपाल सरकार वि. जुद्धविर थापासमेत*

मिसिल संलग्न बिगो तालिका हेर्दा, चिरान काठ ५३८.९५ लाई गोलियामा परिणत गर्दा कायम हुने ७५४.५३ क्यु. फिट र गोलिया थान ६१ को क्यु.फिट २७५.९८ समेत १०३०.५१ क्यु. फिट साल जातको काठ बरामद भएको भन्ने देखिन्छ । मिसिल संलग्न बरामदी काठको बिगोबमोजिमको दण्ड महलमा रू.८,२४,४०८।– भनी उल्लेख भएको देखिन्छ । यस अवस्थामा प्रतिवादीहरूउपर वादी दाबीबमोजिम बिगो मुचुल्कामा उल्लेख नै नभएको परिमाणको आधारमा बिगो कायम गर्नु विधिशास्त्रीय दृष्टिकोण एवम् मान्य न्यायका सिद्धान्त विपरीतसमेत हुन जान्छ । अतः पुनरावेदन अदालत, तुलसीपुरले बरामदी परिमाणको काठ प्रतिवादीहरूले हानि नोक्सानी गरी अवैध कार्य गरेकोले बिगोको दोब्बरले हुने रू.१६,४८,८१६।- कायम गरी प्रतिवादीहरूलाई दामाशाहीले जरिवाना गर्ने गरेको फैसला मिलेकै देखिन आउने।

प्रतिवादीहरू खिमबहादुर बुढा, दिलबहादुर घर्ती, जुद्धवीर थापा, वेदप्रसाद बुढा, थम्मन थापा, ज्ञान ब. थापालाई कसुरबाट सफाई दिने गरी भएको फैसला मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा, यी प्रतिवादीहरूबाट उक्त काठ कटानसम्बन्धीको निर्णय गर्ने, किन्ने, बेच्नेलगायतका कार्य भएको मिसिल संलग्न कागजातबाट देखिँदैन। साथै यी प्रतिवादीहरूले नवदुर्गा सामुदायिक वन उपभोक्ता समूहको काठ ज्यालादारीमा चिर्नसम्म लागेको हो, वन उपभोक्ता समितिका जिम्मेवार पदाधिकारीहरूले काम गर्न लगाएकोले आफूहरूले काम गर्दैगर्दाको अवस्थामा पक्राउ परेको हौं, आफूहरूको कसुरमा संलग्नता नभएको भनी अनुसन्धान र अदालतमा समेत बयान गरेको अवस्था छ आरोपित कसुरमा इन्कारी बयान गरेका यी प्रतिवादीहरूको कसुर कायम गर्ने खालको प्रमाण अभियोजन पक्षले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम पुर्‍याउन सकेको अवस्थासमेत नदेखिँदा यी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाई दिने गरी भएको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारण, प्रतिवादीहरूको स्वीकारी बयान, घटनास्थल बरामदी मुचुल्का, मिसिल संलग्न बिगो निर्धारण तालिका, वन ऐन, २०४९ तथा नियमावली, २०५१ को व्यवस्थासमेतका आधारमा प्रतिवादी तिलबहादुर थापासमेत जना २९ लाई बिगो मुचुल्कामा उल्लिखित रू.१६,४८,८१६।– दामासाहीले जरिवाना हुने र प्रतिवादीहरू दिलबहादुर घर्तीसमेत जना ७ ले सफाई पाउने ठहर गरी भएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७१।३।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-CR-०१४९, कर्तव्य

ज्यान, *नेपाल सरकार वि. सुरेश खड्का*

प्रतिवादी सुरेश खड्का मौकामा र अदालतमा समेत आरोपित कसुरमा ईन्कार देखिन्छन् । निजले अनुसन्धान र अदालतमा समेत घटनाक्रमलाई जस्ताको तस्तै लेखाइदिएका छन् । प्रतिवादीको भनाईलाई समर्थन हुने गरी प्रत्यक्षदर्शी भनिएका निजका साक्षी हंशबहादुर खड्काले अदालतमा आई गरिदिएको बकपत्रको स.ज. ५ मा मृतक घचाया पसलबाट जाँदै गर्दा लडेको मैले देखेको हुँ, मैले देख्दा मृतक एक्लै थियो भनी लेखाइदिएको र निजको भनाईलाई खण्डित गर्ने सबुद प्रमाण वादी पक्षबाट पेस हुन नसकेको अवस्थाबाट प्रतिवादी सुरेश खड्काको कर्तव्यबाट नै निज मृतकको मृत्यु भएको भन्न तथ्य स्थापित हुनसकेको नदेखिने ।

जाहेरवाली स्वयम् प्रत्यक्षदर्शी नभई वस्तुस्थिति मुचुल्काका व्यक्ति नरमाया कुँवरको भनाईको आधारमा एवम् शङ्का र अनुमानको भरमा निजले प्रतिवादीहरूउपर जाहेरी दिएको स्वीकार्दछिन् । साथै वस्तुस्थिति मुचुल्का एवम् लास जाँच मुचुल्काका व्यक्तिहरूले अदालतमा आई वारदात समयमा आफूहरू घटनास्थलमा मौजुद रहेको नभई घटनाबारे सुनी थाहा पाएको भन्ने बेहोरा उल्लेख गरेको देखिँदा मृतकलाई मार्ने कार्य यिनै प्रतिवादीको कर्तव्यबाट भएको भन्ने वादी पक्षको जिकिर मिसिल संलग्न कागज, सबुद प्रमाणबाट नदेखिएको अवस्थामा फौजदारी न्यायको सर्वमान्य सिद्धान्त शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने व्यवस्थासमेतबाट निज प्रतिवादी सुरेश खड्काउपरको कसुर सबुद प्रमाणबाट पुष्टि हुनसकेको नदेखिने ।

प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी व्यवस्था हेर्दा, "फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ" भन्ने व्यवस्था रहेको छ । फौजदारी मुद्दामा कसैउपर अभियोग लगाउँदा अभियोगबमोजिमको कार्य प्रतिवादीबाट भयो भएन शङ्कारहित तवरबाट प्रमाणित गर्नुपर्छ । शङ्काको भरमा र अपराध भएको सुनेको भरमा कसुरदार कायम गर्न न्यायोचित नहुने ।

कर्तव्य ज्यान जस्तो संगीन फौजदारी मुद्दामा प्रतिवादीको कार्यबाट नै मृतकको मृत्यु भएको भन्ने वस्तुनिष्ठ आधार अभियोजन पक्षले पुष्टि गर्न नसकेको अवस्थामा केवल अपुष्ट जाहेरी दरखास्तलाई स्वतन्त्र एवम् अकाट्य प्रमाणका रूपमा ग्रहण गरी प्रतिवादीलाई सजाय गर्नु कानून, न्यायका सर्वमान्य सिद्धान्त एवम् प्रतिपादित नजिरसमेतको विरूद्ध हुन्छ, चस्मदिद गवाहको सर्वथा अभाव रहेको प्रस्तुत मुद्दामा प्रतिवादी मौकामा र अदालतमा समेत आरोपित कसुरमा इन्कार रहेको अवस्था एवम् मृतकको शव परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादी सुरेश खड्काको कर्तव्यबाट नै मृतकको मृत्यु भएको भनी प्रतिवादीउपरको कसुर प्रमाणित हुन नसकेको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिमको "लाठा, ढुंगा र साधारण सानातिना हातहतियारले कुटी, हानि, रोपी, घोची वा अरू ज्यान मार्ने गैर कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैको चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था घटनास्थलबाट कुनै हतियार बरामद नभएको स्थिति एवम् प्रतिवादीको कसुरमा संलग्नता देखिने प्रमाणको अभाव रहेको प्रस्तुत मुद्दामा आकर्षित हुने नदेखिने ।

अतः उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट प्रतिवादी सुरेश खड्कालाई आरोपित कसुरबाट सफाई दिने गरी भएको उच्च अदालत, दिपायल, डोटीबाट मिति २०७३।१२।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलकान्त जोशी

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-WO-०१९४, उत्प्रेषण / परमादेश, *नृपेन्द्र भट्टराई वि. नेपाल वायु सेवा निगम, कान्तिपथसमेत*

नेपाल वायु सेवा निगमको मिति २०७४।८।१० को पत्रबमोजिम निवेदक नृपेन्द्र भट्टराईलाई यथावत् काममा लगाई बहाल गराई काम गराउने सर्वोच्च अदालतको अन्तरिम आदेश मुताबिक निगमको अप्रेसन विभागअन्तर्गत वरिष्ठ क्याप्टेन पदमा कामकाज गर्न लगाइएको र निज निवेदक सो पदमा कार्यरत रही निवेदकको माग पूरा भइसकेको र प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिँदा रिट निवेदन जिकिरबमोजिम आदेश जारी गरिरहनु पर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७४ साल पुस ३० गते रोज १ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CR-०२९३ र ०६९-CR-०३५९, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. गुरूदत्त पौडेल र गुरूदत्त पौडेल वि. नेपाल सरकार*

जाहेरवाला भोलाप्रसाद सेढाईले प्रतिवादी गुरूदत्त पौडेल सञ्चालक भएको ग्रीन आसिस ओभरसिज प्रा.लि.बाट अन्तिम श्रम स्वीकृत लिएको भनी उल्लेख गरेको, तत्काल उक्त कम्पनीमा आफू सञ्चालक रहेको कुरामा प्रतिवादी सहमत नै भएको देखिन्छ। सो मिति २०६३।१०।२६ को अन्तिम श्रम स्वीकृत लिएको होइन भनी जिकिर लिएकोमा सो कुराको प्रमाण पुऱ्याउने भार निजउपर नै रहने प्रमाण ऐन, २०३१ को दफा २७ मा कानूनी व्यवस्था रहेको देखिन्छ । सोहीबमोजिम मिसिल संलग्न प्रमाणबाट त्यस्तो प्रमाण गुजार्न सकेको अवस्था विद्यमान नहुँदा केवल इन्कारी बयान मात्र सफाइको आधार हुन सक्दैन । अतः जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउने कार्यमा प्रतिवादीहरू मधुसुदन बस्नेत र गुरूदत्त पौडेलको संलग्नता रहेको पुष्टि हुने।

अब प्रतिवादीहरू मध्येका मधुसुदन बस्नेतले जाहेरवालाबाट मिति २०६३।४।२८ मा रकम बुझी मिति २०६४।१।१७ मा लिखत गरिदिएको देखिन्छ। निज मधुसुदन बस्नेतले सुरू म्याद नै गुजारी अदालतमा समेत हाजिर हुन नआएबाट निजले वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४ को उपदफा (२) बमोजिम र हालको वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० विपरीत ऐनको दफा ४३ बमोजिमको कसुर गरेको देखिन्छ। साथै ग्रीन आसिस ओभरसिज प्रा.लि.का सञ्चालक प्रतिवादी गुरूदत्त पौडेलले जाहेरवाला भोलाप्रसाद सेढाईका नाउँको अन्तिम श्रम स्वीकृतसमेत निकाली वैदेशिक रोजगारमा निजलाई पठाउने कार्यमा सहयोग पुऱ्याई निज जाहेरवाला विदेश पुगी काम नपाई फिर्ता भएकोले निज प्रतिवादी गुरूदत्त पौडेलले मतियारको भूमिका निर्वाह गरेको देखिँदा निजलाई मुख्य प्रतिवादीलाई भएको सजायको आधा रू.२५,०००।- पच्चीस हजार रूपैयाँ) जरिवाना र १/६/० (एक वर्ष छ महिना) कैदसमेत दुवै सजाय हुने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको मिति २०६८।१०।१७ को फैसला मिलेकै देखिँदा पुनरावेदक वादी नेपाल सरकार र गुरूदत्त पौडेलको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७४ साल मङ्सिर ५ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CR-१०२४, ०६९-CR-१०२५ र ०६९-CR-१०२७, जबरजस्ती करणी, *संजिव वि.क. वि. नेपाल सरकार, विजय सुनार वि. नेपाल सरकार र रामहरि सुनार वि. नेपाल सरकार*

पीडितले जे जसरी मौकामा र अदालतमा समेत घटनाको चित्रण गरेको हो, सोही घटना तथ्य विवरणसँग मिल्दोजुल्दो हुनेगरी तीनैजना

प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा लेखाएको देखिन्छ। हुँदै नभएको घटना भए करणीजस्तो कुरामा सुरूदेखि अन्तसम्मको घटनाको यावत् चित्रण गरी त्यसरी व्यक्त हुनसक्ने अवस्था रहँदैन । प्रतिवादीहरूले अदालतमा गरेको इन्कारी बयानमा उल्लेख गरेमुताबिक आफूहरू सो घटनामा संलग्न नरहेको भन्ने विश्वसनीय प्रमाण पेस गर्न सकेको नपाइँदा केवल अदालतमा भएको इन्कारी बयान नै उन्मुक्तिको आधार बन्नसक्ने नदेखिने।

घटनामा पीडित व्यक्तिले प्रतिवादीहरूले जबरजस्ती करणी गरेको हो भनी घटनाक्रमसमेत उल्लेख गरी किटानी साथ अदालतमा समेत उपस्थित भई बकपत्र गरी दिएकोबाट प्रतिवादीहरू वारदातस्थलमा रहे भएको भन्ने देखिने । अस्पताल जाँच र जाहेरवालीको किटानी बकपत्रसमेतबाट प्रतिवादीहरूले जाहेरवालीकी छोरीलाई जबरजस्ती करणी गरेको भन्ने अभियोगको पुष्टि भएको देखिने स्थितिमा प्रतिवादीहरू निर्दोष रहेछन् भन्न नसकिने।

करणी जस्तो गम्भीर प्रकृतिको मुद्दामा बिना कुनै कारण एक जनालाई मात्र नभई तीन / तीन जनालाई झुट्टा आरोप लगाउनु पर्ने कुनै पनि आधार कारण मिसिल संलग्न कागजातहरूबाट देखिँदैन नत प्रतिवादीहरूले नै केलाएर देखाउन सकेको पाइन्छ। प्रतिवादी विजय सुनारले अदालतमा बयान गर्दा पीडितले आफूसँग विवाह गर्नु भनेको तर आफूले सो मागलाई पूरा गर्न अस्वीकार गरेको हुनाले सोही रिसको कारण आफूउपर झुट्टा आरोप लगाएको भन्ने जिकिर लिए तापनि यदि रिसइवी साँध्ने नै हो भने निज प्रतिवादी विजय सुनारलाई मात्र विपक्षी बनाउनु पर्ने र अर्का दुई प्रतिवादीहरूउपर जाहेरी दिनु नपर्ने तर किन तीनैजना प्रतिवादीहरूउपर सामूहिक जबरजस्ती करणीको जाहेरी दिए त भन्ने कुरालाई स्पष्ट आधार कारणद्वारा प्रतिवादीहरूबाट खण्डन गर्नसकेको अवस्था नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा ९(२)(क)(१) बमोजिम फौजदारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगको सम्बन्धमा अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुरा प्रमाणमा लिन मिल्छ यदि सो कुरा व्यक्त गर्दा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्नसक्ने अवस्थामा थियो भने भन्ने व्यवस्था भएबाट पनि निज प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष सबिती बयान गर्दा आफूहरू सचेत अवस्थामा रहेकोबाट पनि निजहरूले व्यक्त गरेको साबिती बयानलाई प्रमाणमा लिन मिल्ने नै देखिन आउने।

जबरजस्ती करणीको घटनाको कुरालाई तत्कालै नभन्नु, उजागर गर्न नखोज्नु, सामाजिक लोकलज्जा, सरम लाग्नाको कारण एकातिर छँदैछ भने अर्कोतिर भनेमा मारीदिन्छु भनेकोले भन्दिन भनी बिन्ती गरेको कारण आफ्नै घरमा बस्ने प्रतिवादी विजयसँग समेत उम्किएर आउन सकेको कुरा उल्लेख भएबाट यस्तो स्थितिमा तत्काल उसै दिन जाहेरीसमेत नपर्नु स्वाभाविकै भई त्यसलाई अन्यथा मान्न मिल्ने नदेखिने।

पीडितले जे जसरी मौकामा र अदालतमा समेत घटनाको चित्रण गरेको हो, सोही घटना तथ्य विवरणसँग मिल्दोजुल्दो हुने गरी तीनैजना प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा लेखाएको देखिन्छ। हुँदै नभएको घटना भए करणीजस्तो कुरामा सुरूदेखि अन्तसम्मको घटनाको यावत चित्रण गरी त्यसरी व्यक्त हुनसक्ने अवस्था रहँदैन। माथि नै उल्लेख गरिएअनुसार प्रतिवादीहरूले अदालतमा गरेको इन्कारी बयानमा उल्लेख गरे मुताबिक आफूहरू सो घटनामा संलग्न नरहेको भन्ने विश्वसनीय प्रमाण पेस गर्नसकेको नपाइँदा केवल अदालतमा भएको इन्कारी बयान नै उन्मुक्तिको आधार बन्नसक्ने नदेखिने।

प्रतिवादीहरूले आरोपित कसुर गरेको पुष्टि हुन आएको देखिँदा सजायको हकमा जबरजस्ती करणीको १ नं., पीडितको उमेर १७ वर्षको भन्ने हुँदा ऐ.को ३(४) नं. र ३ जना प्रतिवादीहरूले सामूहिक रूपमा जबरजस्ती करणीको कसुर गरेको हुँदा ऐ.

कै ३(क) बमोजिम थप सजायसमेत हुने नै देखिँदा पुनरावेदक प्रतिवादीहरूलाई उक्त ऐनको ३(४) नं. अनुसार ५ वर्ष र ३(क) नं. बमोजिम थप ५ वर्षसमेत गरी जनही जम्मा १० वर्ष कैद र पीडितमाथि जबरजस्ती करणीबाट पर्न गएको शारीरिक एवम् मानसिक पीडाको अवस्थासमेतलाई विचार गरी जबरजस्ती करणीको १० नं. अनुसार यी पुनरावेदक प्रतिवादीहरूबाट क्षतिपूर्तिस्वरूप रू.६०,०००।- (साठी हजार) पीडित "भक्तपुर आई" लाई दिलाई भराई दिनेसमेत ठहऱ्याई सुरूबाट भएको फैसलालाई सदर गरी मिति २०६९।११।१५ मा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला कानूनसम्मत भई मनासिब नै देखिँदा अन्यथा गरिरहनु पर्ने अवस्था नदेखिने।

जाहेरवालाको किटानी जाहेरी परी सो जाहेरीलाई अदालतको बकपत्रमा समेत समर्थन गरेको अवस्था छ। पीडितको कागज तथा अदालतमा भएको बकपत्रबाट घटनाको निर्विवाद पुष्टि भएको छ । पीडितको भनाइलाई अविश्वास गर्नुपर्ने कुनै कारण देखिँदैन। प्रतिवादीले त्यस्तो कारण देखाउन नसकेको र बिनाकारण पीडितले त्यसै नै दोषारोपण गरेको होला भन्न पनि सकिएन। तसर्थ, सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०६९।१।२० गते भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।११।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल असोज २२ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-CI-१४५०, अपुताली हक कायम, *वर्तनी देवी मेहता वि. उदिपनारायण मेहतासमेत*

अंश र अपुताली भन्ने दुई बेग्लाबेग्लै अवधारणा हुन् पुस्ताको हिसाबले विचार गर्दा पनि लोग्ने स्वास्नी समान पुस्तामा पर्छन् भने छोरा दोस्रो पुस्तामा पर्न आउँछ। अपुताली पहिला समान पुस्तामा र त्यसपछि मात्र दोस्रो पुस्तामा जाने।

आमा र छोराहरू अंशबन्डा गरी सबै बेग्लाबेग्लै बसेको अवस्थामा बाबु मरी अपुताली पर्न आएको देखिएको तथा बन्डापत्रको लिखतमा बाबु आमाको शेखपछि मात्र छोराहरूले बराबर भाग लगाई खान पाउने भन्ने उल्लेख भएको अवस्थामा आमा जीवित हुँदैको अवस्थामा छोराहरूले मात्र जिउनी पाउने अवस्था नहुने।

आमा छोरा बराबर अंश पाउने समान हकदार हुनाले बराबरका हिसाबले अपुताली पाउनु पर्नेमा छोराहरूले मात्र अपुताली पाउने वादीले नपाउने भनी अर्थ गर्न नमिल्ने।

तसर्थ बाबु आमाको नाउँमा रहेको जिउनी निजहरूको मृत्यु भएपछि चारैजना छोराहरूले बराबरी बाँडी खाने गरी २०५३।९।२४ मा बन्डापत्र भएको, सो बन्डापत्रको लिखतले आमालाई बाहेक नगरेको, बाबु धनपतीको मृत्यु २०६१ सालमा भएको हुँदा निजको नाउमा दर्ता रहेको जिउनी अपुताली पाउँ भनी पुनरावेदक श्रीमती वर्तनी देवी र प्रत्यर्थी प्रतिवादी छोराहरू अदालतमा आएको, मर्नेको श्रीमती जिउँदै रहेको अवस्थामा मर्ने लोग्नेको सम्पत्ति पुनरावेदक श्रीमतीले नपाउने छोराहरूले मात्र पाउने भन्न मिल्ने अवस्थासमेत नदेखिएको, अपुतालीको २ नं. को तत्कालीन व्यवस्थाले समेत अपुताली पाउने अवस्था देखिएको अवस्थामा सोतर्फ विचारै नगरी बन्डापत्रको लिखतको गलत अर्थ लगाई पुनरावेदक वर्तनी देवीले लोग्नेको अपुताली नपाउने प्रत्यर्थी छोराहरूले मात्र पाउने भनी पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसला मिलेको नदेखिने।

अतः उल्लिखित विवेचित, आधार ,कारण र प्रमाणसमेतबाट पुनरावेदक वादी वर्तनी देवीले मृतक पतिको जिउनीमा अपुताली नपाउने र बाबुको अपुताली प्रत्यर्थी छोराहरूले खान पाउने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।६।२९ मा भएको फैसला त्रुटिपूर्ण देखिँदा केही उल्टी भई पुनरावेदक / वादीका पति एवम् प्रत्यर्थी / प्रतिवादीका पिता स्व. धनपती

महतोको जिउनीलाई ५ भाग लगाई ५ भागको १ भाग पुनरावेदक / वादीले अपुताली पाउने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल कात्तिक १३ गते रोज २ शुभम्।

- ०६७-CI-१४५१, अपुताली हककायम, वर्तनीदेवी मेहता वि. उदिपनारायण मेहतासमेत भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६७-CR-०६५६ र ०६७-CR-०६५७, बहुविवाह, *नेपाल सरकार वि. रमा श्रेष्ठ र द्रवेशपूर्ण श्रेष्ठ वि. नेपाल सरकार*

जेठी श्रीमती लामो समयदेखि आफूखुसी माइतमा गई बसेको पिताजीको जंको गर्दा नआएको, आफू पनि मानसिक असन्तुलनमा रहेको कारण बाध्यतावश दोस्रो विवाह गर्नु परेको भनी प्रतिवादी द्रवेशपूर्ण श्रेष्ठले दाबी लिएको देखिए तापनि उक्त आधारमा बहुविवाह गर्न मुलुकी ऐन, विहावरीको महलको ९ नं. को कानूनी व्यवस्थाअनुसार छुट पाउने अवस्था देखिएन। बिहावरीको महलको १० नं. बमोजिम सजाय हुनेमा मुलुकी ऐन, दण्ड सजायको ११ क नं. को व्यवस्था लागू नहुने भनी मुलुकी ऐनको एघारौं संशोधनले थप गरेको हुँदा त्यसतर्फ प्रतिवादीले लिएको जिकिरसमेत कानूनसम्मत नदेखिने।

प्रतिवादी रमा श्रेष्ठलाई प्रतिवादी प्रवेशपूर्णको पहिले नै विवाह भइसकेको भन्ने थाहा थियो भनी यकीनसाथ भन्न सकिने अवस्था नदेखिँदा यस अदालतबाट निस्सा प्रदान गर्दा ग्रहण गरिएको आधारसँग समेत सहमत हुन सकिएन। साथै स्पष्ट र विश्वसनीय आधार प्रमाणबिना प्रतिवादी रमा श्रेष्ठलाई जानीजानी दोस्रो श्रीमती बनेको भनी सजाय गर्नु न्यायोचित हुने नदेखिँदा निज प्रतिवादी रमा श्रेष्ठले अभियोग दाबीबाट सफाई पाउने ठहर्‍याइ भएको फैसला मनासिब नै देखिने।

अतः माथि उल्लिखित आधार कारणबाट प्रतिवादी प्रवेशपूर्ण श्रेष्ठले जेठी श्रीमती सुनिता श्रेष्ठ हुँदाहुँदै विहावरीको ९ नं. विपरीत प्रतिवादी रमा श्रेष्ठसँग दोस्रो विवाह गरी बहुविवाह गरेको कसुरमा निजलाई बिहावरीको १० नं. बमोजिम १ वर्ष कैद र रू.१०,०००।– जरिवाना हुने र प्रतिवादी रमा श्रेष्ठले आरोपित कसुरबाट सफाई पाउने ठहर्‍याई सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको तत्कालीन पुनरावेदन अदालत, पाटनको मिति २०६६।०४।३२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पुस २४ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-WO-०२७३, परमादेश, *शान्तिकुमारी मोदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

राज्यमा उपलब्ध हुने स्रोत, साधन र अवसरमा सबै जनताको समान पहुँच र उपलब्धता हुनुपर्छ। कसैको आर्थिक स्तर, राजनीतिक आस्था, सामाजिक सांस्कृतिक रहनसहनको आधारमा कसैलाई शोषण र उत्पीडन गर्न हुँदैन, सबैलाई समान र न्यायपूर्ण व्यवहार गर्नुपर्दछ। समाजमा पछाडि परेका वा पारिएको व्यक्ति वा समुदायहरूलाई मूलप्रवाहमा ल्याउने, वास्तविक एवम् पहुँचयोग्य समानताको प्रवर्द्धन गर्ने र समतामूलक न्याय प्रदान गर्नेसम्मका कार्य राज्यले अगाडि बढाउनुपर्ने।

राज्यका निकायहरूलाई थप समावेशी गराई सामाजिक न्याय सुनिश्चित गर्न सरकारले समावेशी सिद्धान्तलाई व्यवहारमा अवलम्बन गर्नुपर्ने।

संविधानमा उल्लिखित व्यवस्थाहरूलाई कार्यान्वयनमा ल्याउनको लागि प्रचलित ऐन, नियममा आवश्यक संशोधन गर्ने वा नयाँ कानून बनाउने दायित्व र जिम्मेवारी नेपाल सरकार (मन्त्रिपरिषद्) को हुन्छ।

नेपाल सरकारले सोको लागि कानूनमा संशोधनसमेत गर्नुपर्ने वा आवश्यकतानुसार नयाँ कानूनको निर्माण गरी राज्यका सबै निकायमा रिक्त हुने पदहरूमा भर्ना, नियुक्ति र परीक्षा सञ्चालनमा थारू समुदायको समानुपातिक समावेशी गराउने प्रावधानको व्यवस्था सरकारले गर्नुपर्ने दायित्व एवम् कर्तव्यबाट उम्कन नमिल्ने।

मौलिक अधिकारको व्यवस्था गरिसकेपछि त्यसको कार्यान्वयन एवम् सुनिश्चितता हुनुपर्छ । संविधानमा लेखेर मात्र हुँदैन, व्यावहारिक रूपमा पाउनुपर्छ। कार्यान्वयन गर्ने काममा राज्यले उदासिनता देखाउन नमिल्ने।

तसर्थ नेपालको संविधानको धारा ४२ को सामाजिक न्यायको हकअन्तर्गत समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हकको वास्तविक र व्यवहारसङ्गत रूपमा कार्यान्वयन गर्नु गराउनु तथा संविधानको धारा २६३ को व्यवस्थानुसार थारू आयोगको गठन सम्बन्धमा यथाशीघ्र आवश्यक व्यवस्था मिलाउन विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल कात्तिक १५ गते रोज ४ शुभम्।

११

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-WO-१००८, उत्प्रेषण, *ईश्वरा गुरागाई वि. लोक सेवा आयोग, के.का. अनामनगरसमेत*

नेपाल निजामती सेवा नियमावली, २०५० को नियम ८८(६) को अपवादात्मक अवस्थामा यो वा त्यो पद समावेश गर्नु पर्नाको कारण सम्बन्धित सेवा सञ्चालन गर्ने निकायले विचार गर्ने कुरा हुने। निजामती सेवा ऐन, २०४९ को दफा २१ मा बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यताको शीर्षकअन्तर्गत उपदफा (१) मा "बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणीमुनिको पदको लागि तोकिएबमोजिमको शैक्षिक योग्यता र देहायबमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनुपर्नेछ" भन्ने उल्लेख गरे पनि कम्प्युटर अपरेटर विविध सेवा समुहमा रही सो सेवा समूहमा माथिल्लो पदमा बढुवा हुनसक्ने अवस्था नरहेको र टाइपिस्टहरू प्रशासन सेवा सामान्य प्रशासन समूहमा विगतदेखि नै बढुवा भइरहेको अवस्था हुँदा विविध सेवाका कम्प्युटर अपरेटरहरूको वृत्ति विकाससमेतलाई ध्यानमा राखी निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (३) मा उपनियम (२) बमोजिमको सम्भाव्य उम्मेदवार हुने सम्बन्धित निजामती कर्मचारीले नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायबाट सञ्चालित सेवासँग सम्बन्धित कम्तीमा एक महिनाको तालिम लिएको र बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ भनी विशेष व्यवस्था गरी वृत्ति विकासको अवसर प्रदान गरेको देखिएको र नियम ८८ को उपनियम (६) मा उपनियम (१)(२) र (३) मा रहेको बढुवासम्बन्धी व्यवस्था नेपाल विविध सेवामा रहेका कम्प्युटर अपरेटर तथा सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत निजामती कर्मचारीको हकमा समेत लागू हुनेछ भन्ने व्यवस्था भइरहेको परिप्रेक्ष्यमा निवेदिकालाई बाहेक गरी मिति २०७२।९।२९ मा प्रकाशित सूचना नं. ३१७।०७२-७३, नेपाल प्रशासन सेवा, राजस्व समुहको राजपत्र अनङ्कित प्रथम श्रेणीको रिक्त पद संख्या १४ मा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा गरिने बढुवामा सम्भाव्य उम्मेदवार हुन नपाउने गरी बढुवामा अस्वीकार गर्न सकिने अवस्था नदेखिने।

अतः उल्लिखित आधार कारणसमेतबाट निवेदिका मिति २०७२।९।२९ मा प्रकाशित सूचना नं.३१७।०७२-७३, नेपाल प्रशासन सेवा, राजस्व समूहको राजपत्र अनङ्कित प्रथम श्रेणीको रिक्त पद संख्या १४ मा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा गरिने बढुवामा सम्भाव्य उम्मेदवार हुन पाउने नै देखिँदा विपक्षी लोक सेवा आयोगको नि.नं. ११३ मिति २०७२।८।२९ को निर्णय तथा

सोमा आधारित मिति २०७२।११।२० को बढुवा समितिको र मिति २०७३।१।१२ को बढुवा समितिको पुनरावलोकनकर्ताबाट भएको निर्णय उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ । अब निवेदिकालाई बढुवा प्रक्रियामा सामेल गर्नु, गराउनु भनी विपक्षीहरूको नाउँमा निवेदन मागबमोजिम परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल कात्तिक २१ गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-CR-०९३७, लागु औषध बिक्री वितरण, *नेपाल सरकार वि. सुरेन्द्र साह*

प्रतिवादीले प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वकको बयान होइन भन्ने जिकिर लिई अदालतमा बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निजलाई निर्दोष मान्न मिल्दैन । प्रतिवादीको इन्कारी कथन स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ । प्रहरीले आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको वा आफू अचेत भएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नु परेको कुराको जिकिर लिनेले सो कुराको वस्तुनिष्टरूपमा प्रमाणितसमेत गराउन सक्नुपर्छ । तर प्रतिवादीले आफूलाई बयान गर्न बाध्य पारिएको, धम्की दिइएको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नुपरेको भन्ने कुरा भन्न नसकेको स्थितिमा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइलाई स्वेच्छाको होइन भनी भन्न नमिल्ने भई अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखिने ।

बरामद भएको लागु औषध CROX-100 ML-15 सीसी, SPASMO – PROYXVON -100 capsule र नाइट्राभेट 40 ट्याबलेट रहेकोमा SPASMO – PROYXVON भन्ने लागु औषध नभएको र अन्य बाँकी लागु औषधलाई ठूलो परिमाणको लागु औषध हो भनी भन्न मिल्ने देखिँदैन । उक्त लागु औषध बिक्री गर्दै गरेको अवस्था वा बिक्री गर्ने प्रयोजनको लागी बाटोघाटो वा कुनै खरिदकर्तासँग समन्वय सम्पर्क गरेको भन्ने पनि मिसिल संलग्न प्रमाणबाट देखिँदैन । अर्कोतर्फ बिक्री व्यवहार गर्ने गरेको भन्ने प्रहरी जवान विष्णु ढकालसमेतको कागजलाई निजले अदालतमा आई पुष्टि गर्नसकेको पनि नदेखिने ।

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा खोकीको लागि सन्तोष हमालले ल्याइदिनु भनेकोले आफूले ल्याएको हो, बिक्री वितरण गर्न ल्याएको होइन भनी गरेको बयानलाई उक्त लागु औषधको परिमाण, बरामद भएको स्थानसमेतका प्रमाणहरूबाट उक्त लागु औषध यी प्रतिवादीले बिक्री कारोबार गर्ने उद्देश्यबाटै ल्याएको हो भन्ने तथ्य स्थापित भएको नदेखिने ।

तसर्थ, निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१) (ज) बमोजिम २ महिना कैद र रू. २,०००।– जरिवाना हुने ठहऱ्याएको सुरू महोत्तरी जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६६।१२।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल मङ्सिर १० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६७-CR-११९५, सम्बन्ध विच्छेद, *नानीराम हुमागाई वि. शान्ता थापा हुमागाई*

वादीले आफ्नो सुरू उजुरीमा विवाहको सुरू दिनदेखि नै प्रतिवादीसँग झगडा हुने गरेको भन्ने

उल्लेख गरेको देखिन्छ । आपसी झगडाको कारण पतिसँग साथै बस्ने वातावरण नभई माइत गई बस्नु परेको बाध्यतालाई पत्नीले पतिको मन्जुरीबेगर अलग बसेको भनी अर्थ गर्नु तर्कसङ्गत हुँदैन । पति पत्नीको सम्बन्धको समानता एवम् समान आदर र सद्भावमा आधारित हुनुपर्छ । तर हाम्रो सामाजिक परिवेस अझै बदल्न सकेको छैन । बदलिँदो सामाजिक सोच एवम् मूल्य मान्यताका आधारमा समान सामाजिक तथा परिवारिक मान्यता एवम् हैसियत राख्न प्रयत्न गर्ने महिलालाई परिवारमा अर्धैलो देख्ने परिस्थिति उत्पन्न हुनसक्ने यथार्थलाई इन्कार गर्न नमिल्ने ।

एक पटक स्थापित दाम्पत्य सम्बन्ध भरसक नटुटोस् भन्ने उद्देश्यले मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ क. नं. मा पत्नीसँग सम्बन्ध विच्छेद गर्न चाहने पतिले सम्बन्धित गाउँपालिका वा नगरपालिकामा निवेदन दिनु पर्ने र सम्बन्धित गाउँ वा नगरपालिकाले दुवै पक्ष (पति पत्नी) लाई सम्झाई बुझाई सम्बन्ध कायम गराउने प्रयास गर्नुपर्ने कानूनी व्यवस्था रहेकोले पति पत्नीको सम्बन्ध हलुका किसिमले सम्बन्ध विच्छेद नहोस् भन्ने विधायिकी मनसाय रहेको देखिने ।

प्रतिवादीले सम्बन्ध विच्छेद गर्दा आफू र नाबालक छोरीको भविष्य अलपत्र पर्ने जिकिर लिँदै सम्बन्ध विच्छेद गर्न इन्कार गरेको देखिन्छ । पुनरावेदकले उल्लिखित लोग्ने स्वास्नीको महलको १ नं. मा व्यवस्था भएको पतिले पत्नीसँग सम्बन्ध विच्छेद गर्न पाउने कानूनी आधारमध्ये केवल प्रतिवादीले वादीको मन्जुरीबेगर लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि छोडी माइतीमा अलग बसी त्यसपछि संयुक्त अधिराज्यमा बस्ने दाजु धर्म थापा कहाँ गई बसेको भन्ने कुरा गाउँ विकास समितिमा दिएको उजुरी निवेदनमा उल्लेख गरेको देखिन्छ । तर प्रतिवादीले स्वेच्छाले पतिसँग अलग बसेको भन्ने तथ्य पुष्टि हुन नसकेको र यी प्रतिवादी संयुक्त अधिराज्यमा गएको भन्ने तथ्यसमेत स्थापित भएको नदेखिने ।

वादीले पुनरावेदन गर्दा जिकिर लिएको प्रतिवादीका फोटोहरू टाँस भएका भनिएका लिखतहरूको प्रतिलिपिहरूको सक्कल प्रति नभएकोले ती लिखतहरू प्रतिवादीले तयार गरेको भनी यकिन गर्नसक्ने अवस्था रहेन । सम्बन्ध विच्छेद मुद्दा चलि सम्बन्ध विच्छेद हुन नसक्ने फैसला भएपश्चात् प्रतिवादीको ब्यागमा फेला परेको भनी उल्लेख गरिएको ती लिखतहरूले वादी प्रतिवादीउपर लाञ्छाना लगाउन उद्वत् रहेको देखिँदा वादीलाई प्रतिवादीसँग सम्बन्ध विच्छेद गर्ने आधार सृजना भएको भन्न मिल्ने अवस्था नदेखिने ।

वादी प्रतिवादीको दाम्पत्य जीवनबाट एक छोरीको जन्मसमेत भइसकेको प्रतिवादीले सम्बन्ध विच्छेद गर्न इन्कार गरी आफू र छोरीको भविष्यसमेत अलपत्र पर्ने जिकिर लिइरहेको अवस्थामा आपसी पारिवारिक वैमनस्यताले गर्दा प्रतिवादीले वैवाहिक घर छाडी बस्नु पर्ने बाध्यता भएको कारणले वादीसँग प्रतिवादी अलग बसेको आधारमा पति पत्नीकै सम्बन्ध विच्छेद गर्नुपर्ने अवस्था रहेको भन्ने अवस्था देखिन नआउने ।

अतः तत्कालीन पुनरावेदन अदालत, पाटनले वादी र प्रतिवादीबीचमा रहेको पति पत्नीको वैवाहिक सम्बन्ध विच्छेद नहुने ठहर गरेको मिति ०६७।५।१३ को फैसला मिलेकै देखिएकोले सदर हुने ।

इजलास अधिकृत / उपसचिवः जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल भदौ ११ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-०८४६, मोही लगत कट्टा, *बलविर चौधरी वि. आशोवती कथबनिया*

मोहीको तर्फबाट भु.सु.का. सप्तरीमा राखेको कुतबालीको धरौट रकम वादीले बुझिलिएको भन्ने प्रतिवादीको भनाई रहेको र सुरू मिसिल संलग्न कुत धरौट राखेको विभिन्न सालको रसिदहरूको फोटो प्रतिलिपिहरूबाट देखिएको छ । यिनै वादीले समेत प्रतिवादीका पति विन्दिलालबाट कुत बुझी

भरपाई गरी दिएको देखिन्छ । वादीले एकातिर मोहीले बुझाएको कुत बुझी लिने र अर्कोतिर प्रतिवादीलाई मोही मान्न इन्कार गरेको देखिन्छ । मोहीबाट कुत बुझी लिएपछि जग्गाधनीले मोहीलाई मोही होइन भन्न विबन्धनको सिद्धान्तसमेतले मिल्ने अवस्था देखिँदैन । यसरी जग्गाधनीले निज प्रत्यर्थी प्रतिवादीका पतिलाई व्यवहारिक रूपमा मोही मानी कुतसमेत बुझी लिएको देखिएकोछ । प्रत्यर्थी प्रतिवादीका पतिलाई मोहीबाट निष्कासन गरिपाउँ भनी दायर गरेको मुद्दाबाट मोही निष्कासन नहुने ठहर भइरहेको प्रमाणहरूको आधारमा सुरू भूमि सुधार कार्यालय, सप्तरीले निर्णय गर्नुपर्नेमा मोही लगत कट्टा हुने ठहऱ्याई गरेको मिति २०६८।१०।२३ को फैसला उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।११।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत उपसचिवः जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल मङ्सिर १ गते रोज ६ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का,** ०६५-CI-०४५१, उपर्युक्त आदेश जारी गरिपाउँ, *साबित्री सिंह श्रेष्ठ वि. निलकृष्ण ताम्राकारसमेत*

करार ऐनको दफा ८७ को देहाए (१) र (२) अन्तर्गत जारी गरिने आदेशको प्रकृति अन्तरकालीन वा अन्तरिम दुवै किसिमको हुनसक्ने र यसरी जारी भएको आदेशउपर पुनरावेदन लाग्ने भन्ने व्यवस्था करार ऐन, २०५६ मा रहेको देखिँएन । पुनरावेदन लाग्ने वा नलाग्ने भन्ने सम्बन्धमा सम्बन्धित कानूनले व्यवस्था नगरेको अवस्थामा आदेशको प्रकृतिलाई अन्तिम आदेशको संज्ञा दिई त्यसउपर स्वतः पुनरावेदन लाग्ने भन्न मिल्ने देखिएन । मुद्दाको रोहमा जारी गरिने सबै प्रकृतिका आदेशलाई अन्तिम आदेशको संज्ञा दिई त्यस्तो आदेशउपर चित्त नबुझ्ने पक्षले माथिल्लो अड्डामा पुनरावेदन गर्न पाउने भन्ने अर्थ गरी ऐनको प्रावधानप्रतिकूल अधिकारको सिर्जना गर्नसमेत मिल्ने नदेखिने।

करार ऐन, २०५६ करारीय विवादको समाधान गर्ने सम्बन्धमा निर्माण भएको विशेष प्रकृतिको ऐन, हो । सामान्य कानूनमा उल्लिखित व्यवस्था विशेष प्रकृतिको ऐनमा समेत आकर्षित हुने हुँदैन । विशेष ऐनले प्रदत्त गरेका हक अधिकारको प्रचलनको लागी उपचारको मार्गसमेत सोही ऐनले निर्धारण गरेको हुन्छ । सोही ऐनमा व्यवस्थित कानूनी प्रावधानअनुरूप नै प्राप्त हुने उपचारको मार्गसमेत अवलम्बन गर्नुपर्ने हुन्छ । उपचार माग गर्ने निश्चित विधि र प्रक्रियाका सम्बन्धमा सुनिश्चित नगरिएको मार्गको अवलम्बन गरी अदालत प्रवेश गर्नु कानूनसम्मत हुन सक्दैन । ऐनमा नै पुनरावेदकीय अधिकारको व्यवस्था नभएको परिप्रेक्ष्यमा कुनै पनि पक्षले पुनरावेदनको रोहबाट अधिकारको सिर्जना हुनसक्ने अपेक्षा राख्न मिल्ने पनि नहुने।

निवेदक र विपक्षीबीच विद्यालय सञ्चालनसम्बन्धी भएको करार सम्झौताको यथावत् पालना नभएको जिकिर लिई परेको निवेदनमा पुनरावेदन अदालत, पाटनबाट करार ऐन, २०५६ को दफा ८७(१)(२) बमोजिम करार सम्झौताविपरीत कुनै काम कारवाही नगर्नु नगराउनु भन्ने आदेश भएको देखिन्छ । करार ऐनको दफा ८७(१)(२) अन्तर्गतको आदेशमा चित्त नबुझ्ने पक्षले पुनरावेदन गर्न सक्ने भनी करार ऐनमा व्यवस्था नभएको स्थितिमा पुनरावेदन अदालतको उक्त आदेशउपर यस अदालतमा पुनरावेदन लाग्नसक्ने देखिएन । वस्तुतः पुनरावेदनको अधिकार कानूनद्वारा सृजित अधिकार हो तथापि त्यस्तो हक अधिकार कानूनद्वारा सुनिश्चित हुनुपर्ने हुन्छ । अतः पुनरावेदन अदालत, पाटनले ऐ. ऐनको दफा ८७(१)(२) अनुसार जारी गरेको आदेशउपर यस अदालतमा पुनरावेदन लाग्न नसक्ने हुँदा पुनरावेदन अदालतबाट

भएको आदेश मिलेको छ वा छैन भन्ने सम्बन्धमा प्रस्तुत पुनरावेदनको औचित्यभित्र प्रवेश गर्न मिलेन। प्रस्तुत पुनरावेदनपत्र खारेज हुने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७३ साल पुस २५ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-१५६३, निषेधाज्ञा, निलकृष्ण ताम्राकारसमेत वि. शिक्षा विभाग, सानोठिमी भक्तपुरसमेत
- ०६७-CI-१५६४, निषेधाज्ञा, निलकृष्ण ताम्राकारसमेत वि. साबित्री सिंह श्रेष्ठसमेत
- ०६७-CI-१५६५, निषेधाज्ञा, निलकृष्ण ताम्राकारसमेत वि. साबित्री सिंह श्रेष्ठसमेत

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CR-१६७९ र ०७२-CR-१९५१, *कर्तव्य ज्यान, राजिव पाण्डे वि. नेपाल सरकार र विनोद थापा वि. नेपाल सरकार*

प्रतिवादी राजिव पाण्डेको बयानमा निजको परिवार पाटनको शंखमुलमा बस्ने र पछि भक्तपुरको लोकन्थलीमा सरेको भनाइ समेतबाट निजलाई अघि पनि देखी चिनेको भन्ने अन्जना व्यन्जनकारको भनाईमा विश्वास नगर्नुपर्ने कारण देखिँदैन । निजले अदालतमा बकपत्र गर्दासमेत मौकाको कागज बेहोरालाई समर्थन गर्दै वारदातमा संलग्न व्यक्तिको संख्यासमेतलाई पुष्टि गरी मृतकउपर यी प्रतिवादीसमेतबाट कुटपिट भएको तथ्यको पुनः पुष्टि भएको छ। मौकामा प्रतिवादीउपर किटानी जाहेरी दिने जाहेरवाला तथा प्रमाणका दिपक विष्ट, पूर्णबहादुर विष्ट, अजवसिं केसी तथा विष्णुबहादुर विष्टलेसमेत प्रतिवादीको समेत घटनामा संलग्नताको पुष्टि गरी बकपत्र गरेको पाइएको छ । प्रतिवादीले मौकामा वारदातमा संलग्न रही मृतकउपर कुटपिट गरेको भनी गरेको बयान उल्लिखित प्रमाणबाट समर्थित छ। तसर्थ निज प्रतिवादीको सो बयान निज विरूद्धको प्रमाणको रूपमा स्वीकार गर्न सकिने अवस्था देखियो । उल्लिखित घटनालाई मुख्यरूपमा देख्ने व्यक्तिसमेतको भनाईबाट प्रतिवादीले घटनास्थलमा पुगे तापनि मृतकलाई कुटपिट नगरेको भनी अदालतमा लिएको जिकिरलाई स्वाभाविकरूपमा लिन सकिने अवस्था रहेन। तसर्थ निज प्रतिवादी राजिव पाण्डेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७२।९।२८ को फैसला मनासिब नै देखिने।

प्रतिवादी राजिव पाण्डे तथा मृतकको बीचमा पूर्वचिनजान तथा रिसइवी भएको देखिँदैन। निज आफैँ अघि सरी मृतकलाई मुख्य व्यक्ति भई मार्ने योजना बनाई घटना घटाएको अवस्थासमेत छैन । साथीले बोलाएको कारण घटनास्थलमा पुगी लात मुक्काले मृतकउपर प्रहार गरेको अवस्था मात्र छ। अझ त्यसमा पनि घटनास्थलमा पुगी कुटपिटमा सरिक भएको स्वीकार गर्दै घटनाको बारेमा यथार्थ चित्रण गरी अन्य प्रतिवादीहरूको संलग्नता देखाई अनुसन्धानलाई सहज बनाई सहयोग गरेको अवस्था, तथा निजको पूर्व आपराधिक चरित्रसमेत नभएको घटना घटेको समयमा निजको उमेर, घटनाबारे पश्चाताप गरेको स्थितिबाट समेत कानूनबमोजिम सजाय गर्दा चर्को पर्ने भएकोले १० वर्ष मात्र कैदको सजाय गर्दा पनि ऐनको मक्सद पूरा हुने देखिँदा मुलुकी ऐन, अ.बं. १८८नं. बमोजिम १० वर्ष कैदको सजाय हुन व्यक्त भएको पुनरावेदन अदालत, पाटनको रायसमेत मनासिब नै देखिँदा अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष मात्र कैद सजाय हुने।

सुरूमा फरार रहेका प्रतिवादी विनोद थापाले झापा कारागारमार्फत निवेदन दिई प्रस्तुत मुद्दामा बयान गर्दा आरोपित कसुरमा पूर्णरूपमा इन्कार रही मृतक धर्मराज विष्टलाई नचिनेको, कुटपिट नगरेको तथा घटनाको बारेमा थाहा जानकारीसमेत नभएको तथा वारदात भएको भनिएको दिन बिहान धादिङ हुँदै पोखरा गएको भनी अन्यत्र स्थान (Alibi) को जिकिरसमेत

लिएको पाइन्छ । प्रतिवादीले प्रमाणमा दिएका साक्षी सुवास विष्टले प्रतिवादीको जिकिर समर्थित हुने गरी बकपत्र गरेको पाइए पनि मौखिक कथनबाहेक वारदातका दिन प्रतिवादी यथार्थमा काठमाडौंबाहिर रहे बसेको देखिने आधिकारिक लिखत प्रमाण पेस दाखेल गर्नसकेको अवस्था छैन । यसबाट सजायमा कमि वा छुटको जिकिर लिने प्रतिवादीले सोको प्रमाण पुऱ्याउनुपर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम यिनै प्रतिवादीको भएकोमा विश्वसनीय प्रमाणले आफूले लिएको जिकिर समर्थन गराई उक्त दायित्व पूरा गरेको अवस्था नदेखिने ।

राजिव पाण्डेको मौकामा तथा अदालतमा समेत गरेको बयानमा प्रतिवादी विनोद थापाको दिदी सविता थापाको विषयलाई लिएर यिनै प्रतिवादीसहित योजनाबद्ध रूपमा मृतकउपर रड ढुंगासमेतले कुटपिट गरेको तथा सोही कारणले निजको मृत्यु भएको भनी पोल गरेका छन् । आफूसमेत कसुरमा साबित भई यी प्रतिवादीलाई गरेको प्रतिवादी राजिव पाण्डेको पोललाई अन्यथा होला भनी विश्वास गर्नुपर्ने स्थिति छैन । घटनालाई प्रत्यक्ष देख्ने अन्जु व्यन्जनकारको बकपत्रसमेतबाट घटनामा ३ जना व्यक्तिको संलग्नता देखिएको जसमा एक यी प्रतिवादी विनोद थापा भएकोमा विवाद छैन । मौकामा मृतकलाई घाइते अवस्थामा उपचारका लागि लैजाने क्रममा घाइतेले यी प्रतिवादीसमेत भई फलामको रडलगायतले कुटपिट गरेको भनी भनेको सुनेको भन्ने अजवसिं केसी तथा प्रतिवादीउपर गढाउ गरी जाहेरी दिने तथा प्रमाणको व्यक्तिसमेतले अदालतमा गरेको बकपत्रसमेतबाट सहप्रतिवादी राजिव पाण्डेको पोल समर्थित भएको पाइने ।

वारदातमा संलग्न व्यक्तिले वारदात घटाउन खेलेको भूमिका, संलग्न हुँदाको परिस्थितिसमेतको समग्र मूल्याङ्कनबाट कानूनबमोजिमको सजाय गर्दा चर्को पर्ने जस्तो निर्णयकर्तालाई लागेमा कसुर ठहर गरी सजाय घटाउने रायसम्म निर्णयकर्ताले दिने हो । सबै प्रतिवादीको हकमा समानरूपमा त्यस्तो राय लगाउनुपर्छ भनी मान्न नमिल्ने ।

प्रतिवादी विनोद थापा तथा प्रतिवादी राजिव पाण्डेको घटनामा संलग्नताको अवस्था एकैनासको छैन । वारदातपछि फरार रहने यी प्रतिवादी लागु औषध मुद्दामा कसुरदार ठहरी कैद सजाय भुक्तान प्रयोजन कारागार पुगेपछि मात्र प्रस्तुत मुद्दामा पुर्पक्षको लागि आफूलाई समर्पण गरेको पाइएको र प्रतिवादीको व्यवहार तथा निजले वारदात घटाउन खेलेको भूमिकासमेतलाई विचार गर्दा निजको उल्लिखित वैकल्पिक पुनरावेदन जिकिरसँग सहमत हुन सकिने अवस्था भएन । अत: अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७२।९।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल भदौ ११ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-WO-०८५४, उत्प्रेषण, *सरस्वती ठकुरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

निवेदक कार्यरत पद प्रहरी नियमावली २०४९ को नियम ९८ को उपनियम (१) को खण्ड (ज) बमोजिमको प्रहरी हवल्दार वा जवानसरहको सुविधा पाउने पद भएको र नेपाल सरकारले मिति २०३४।०८।२० तथा मिति २०५९।०२।२३ को निर्णयले अवकाश हुने उमेरको हद ४८ वर्ष तोकेको भन्ने विपक्षी निजामती किताबखानाको लिखित जवाफबाट देखिइरहेको अवस्थामा उपर्युक्त मितिका नेपाल सरकारका निर्णयबमोजिमका सर्त स्वीकार गरी गस्ती परिचर पदमा कार्यरत निवेदकलाई नेपाल सरकारको निर्णयअनुसारको उमेर नाघेपछि अनिवार्य अवकाश दिइएको जानकारी गराएको कार्य कानूनविपरीत भन्न मिल्ने नदेखिने ।

अनिवार्य अवकाश पाउने मिति २०६६।०८।२८ कायम भएको अवस्थामा सोपश्चात्को सेवा अवधि निवृत्तिभरण प्रयोजनका लागि गणना गर्न नमिल्ने हुँदा उमेर हद कायम हुने ठहर भएको मितिसम्मको निवृत्तभरण पाउने हदसम्म विपक्षीको काम कारवाहीलाई अन्यथा भन्न नमिल्ने ।

निवेदिका स्वयम् आफ्नो इच्छा छलकपट वा जोर जबरजस्ती गरी सेवामा बहाल रहेको नभई यस अदालतको अन्तरिम आदेशका आधारमा सेवामा बहाल रहेको सन्दर्भमा अदालतको आदेशद्वारा बहाल रहेको अवधिमा निजले खाई पाई आएको तलब भत्तालगायतको सेवा सुविधालाई कानूनसम्मत ढंगबाट प्राप्त गरेको सेवा सुविधा नै मान्नु पर्ने ।

सेवामा बहाल रही कामकाज गरेको अवधिको तलब भत्तालगायतको पारिश्रमिक प्राप्त गर्ने निजको हकसमेत बन्दछ । अदालतको आदेशका आधारमा गरेको सेवा अवधिको कानूनबमोजिमको पारिश्रमिक प्रदान गर्ने कर्तव्य निजलाई काममा लगाउने निकायको हुनआउँछ । काममा लगाई सेवा लिई सकेपश्चात् सेवा गरेबापतको पारिश्रमिक निजले प्राप्त गर्ने निवृत्तभरणको रकमबाट कट्टा गर्ने भन्ने निर्णय न्याय तथा कानूनको दृष्टिबाट उचित मान्न सकिँदैन । रिट निवेदिकाले बदनियतपूर्वक वा छलकपट गरी बढी अवधि सेवा गरेको भन्ने नदेखिएको अवस्थामा आफूलाई तोकिएको जिम्मेवारी पूरा गरी सेवा गरेबापत खाईपाई आएको तलब भत्ता फिर्ता गराउने भनी गरिएको निर्णय श्रमसम्बन्धी विधिशास्त्र र प्राकृतिक न्यायको मान्यता प्रतिकूल भई त्यस्तो निर्णयलाई न्यायपूर्ण रहेको मान्न नमिल्ने ।

निवेदकको मिति २०६६।०८।२८ सम्मको उमेर हद कायम हुने ठहर भएको मितिसम्मको निवृत्तभरण पाउने हदसम्म विपक्षीको काम कारवाहीलाई अन्यथा भन्न मिलेन । यस अवस्थामा अवकाशपश्चात्को सेवा अवधिसमेत निवृत्तभरण प्रयोजनका लागि गणना गर्नु भनी परमादेशको आदेश जारी हुनु पर्ने भन्ने निवेदन दाबी सो हदसम्म मनासिब देखिएन । सोबाहेक निवेदकले सेवा गरे बापत प्राप्त गरेको तलब भत्ता तथा सुविधा रकम निवृत्तभरणको रकमबाट कट्टा गर्ने भनी भएका काम कारवाही निर्णय तथा पत्राचारसमेत श्रमसम्बन्धी विधिशास्त्र र प्राकृतिक न्यायको मान्यताविपरीत देखिँदा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब रिट निवेदिकाले अदालतको आदेशअनुसार कामकाज गरेको अवधिको तलब भत्ता तथा सुविधा कट्टा नगरी कानूनबमोजिम निवेदिकाको निवृत्तभरण अधिकार पत्र बनाइदिनु भनी विपक्षी निजामती किताबखानाको नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल मङ्सिर २६ गते रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-WO-०८५१, उत्प्रेषण, *दिर्गबहादुर सापकोटा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WO-०८५२, उत्प्रेषण, *वीरबहादुर लामा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WO-०८५३, उत्प्रेषण, *रामशरण थापा मगर वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WO-०८५५, उत्प्रेषण, *हरिबहादुर अधिकारी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CI-०७६१, लिखत दर्ता बदर, *बुद्धिसागर श्रेष्ठसमेत वि. जयबहादुर श्रेष्ठसमेत*

अंश चलन मुद्दामा फिराद परिसकेपछि गरेका लिखतहरू दूषित हुने र दूषित काम कारवाही कानूनको नजरमा स्वीकार्य नहुने।

बन्डापत्रमा उल्लिखित सम्पत्ति प्राप्तिको स्रोत र हा.ब. दिने व्यक्तिसँगको नातासमेतलाई हेर्दा एकासगोलमा रहेका अंशियारले अर्को परिवारको सदस्यलाई सगोलको पैतृक सम्पत्तिको हक हस्तान्तरण गर्दैमा त्यस्तो सम्पत्तिमा अन्य अंशियारको हकाधिकार समाप्त हुन्छ भन्न मिल्नेसमेत नदेखिने।

फिरादपत्रमा वादीले अ.बं.८२ नं. वा लेनदेनको १० नं. को उल्लेख गरेको भन्ने कुराले परिणाममा तात्त्विक असर राख्ने देखिएन । वादी अदालतमा आउँदा आफ्ना सबै दाबी लिएर उपस्थित भएको देखिन्छ । यसरी सबै दाबी लिएर उपस्थित भइसकेपछि प्रतिवादीहरूले वादीहरूको अंशहक मार्ने कुनै पनि कार्य गर्छ भने त्यसले कानूनी मान्यता पाउन नसक्ने।

वादीले आफ्ना सबै दाबी लिएर अदालत, आइसकेपछि पनि जहाँसम्म हालैदेखिको बकसपत्र पारित गरेको विषयमा लेनदेन व्यवहारको १० नं. बमोजिम दायर भएको भन्ने जस्ता प्राविधिक कुराको फाईदा प्रतिवादीले लिन सक्दैन । त्यसैले मिति २०६५।९।२५ मा पारित हा.व.को लिखत बदर गर्न वादीले मिति २०६८।२।२० मा फिराद दर्ता गरेको भनी वादी दाबी खारेज गरेको सुरूको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नदेखिने।

तसर्थ माथि विवेचित आधार, कारण, प्रमाण र सिद्धान्तसमेतका आधारमा वादी दाबी पुग्न नसक्ने ठहर गरी भएको सुरू फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।०२।२७ को फैसला मिलेको नदेखिँदा उल्टी भई विवादित मिति २०६५।९।२५ को हालैको बकसपत्रबाट प्रतिवादी जयबहादुरले छोरी दिपामाया श्रेष्ठलाई दिएको कि.नं. ८६७ को ०-१-३ को जग्गा सगोलको भई वादीको समेत अंश हक भएको जग्गा अंश चलन मुद्दाको फिराद परिसकेपछि हालैको बकसपत्रबाट हस्तान्तरण भएको देखिँदा ६ खण्डको १ खण्डबाट ४ खण्डको ३ खण्डको लिखत बदर भई वादीले चलनसमेत चलाउन पाउने।

इजलास अधिकृतः मनिराम ज्ञवाली
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७५ साल वैशाख १० गते रोज २ शुभम्।

- यसै लगाउको ०७३-CI-०७६०, लिखत दर्ता बदर, *बुद्धिसागर श्रेष्ठसमेत वि. जयबहादुर श्रेष्ठसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १०

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०१७९, ०६९-RC-०१०४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कृष्णबहादुर शाहीसमेत, नेपाल सरकार वि. नरबहादुर मर्साङ्गी*

प्रतिवादीहरू विश्व गुरूङ, कुलवीर सारू र भिमबहादुर शाहीले अनुसन्धान अधिकारीसमक्ष र अदालतमा बयान गर्दा आरोपित कसुर गरेकोमा पूर्णरूपमा ईन्कारी रही बयान गरेको पाइन्छ । यी प्रतिवादीहरू उपर अन्य कुनै सहप्रतिवादीहरूले पोल गरेको अवस्थासमेत देखिँदैन । प्रतिवादीहरूको इन्कारी बयानलाई समर्थन हुने गरी वारदात मितिमा हामी र प्रतिवादीहरू समेत एउटै घरमा नाच हेरी बसेका हुँदा यी प्रतिवादीहरूले जीतबहादुर थापालाई कर्तव्य गरी मारेका होइनन् भनी प्रतिवादीहरूका साक्षीहरू मोहन सोमै, हंशबहादुर हमाल र जेम्स थापासमेतले बकपत्र गरेको र घटनाको प्रत्यक्षदर्शीको रूपमा रहेका प्रकाश बोहराको मौकामा र अदालतमा आई बकपत्र गर्दासमेत यी प्रतिवादीहरूउपर कुनै पोल गरेको देखिँदैन । त्यस्तैगरी यी प्रतिवादिहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) न. बमोजिमको कसुर गरेको पुष्टि हुने प्रमाण वादी नेपाल सरकारले पेस गर्न नसकेको स्थितिमा प्रतिवादीहरू विश्व गुरूङ, कुलवीर

सारू र भिमबहादुर शाहीले अभियोग मागदाबीबाट सफाई पाउने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

प्रतिवादी कृष्णबहादुर शाहीले अदालतमा बयान गर्दा वारदातको दिन मिति २०६६ भाद्र ७ गते राति सहप्रतिवादी नरबहादुर मर्साङ्गी र लोकबहादुर रावलसँग मृतक जितबहादुर थापाको झगडा हुने सम्भावना देखिएपछि म आफ्नो घरतिर लागेको हुँ। ऐ. राति ९:०० बजेको समयमा सहप्रतिवादी लोकबहादुर रावत मेरो घरमा आई मैले जितबहादुर थापालाई चक्कु प्रहार गरेँ। निजको साथीहरूले थाहा पाए भने तँलाई पनि कुट्छन् भनेकोले निज लोकबहादुर रावतसँग सोही रातमा नै जाजरकोटतर्फ गएकोमा मेरो दाइ र आमाले जाजरकोटमा गई मलाई लिएर आएका हुन् भनेको पाइन्छ । उक्त वारदातका प्रत्यक्षदर्शी प्रकाश बोहराले मौकाको कागज गर्दा यी प्रतिवादी कृष्णबहादुर शाहीसमेतले वारदातको समयमा मृतक जितबहादुरलाई समात्न आएको र वारदातपछि लोकबहादुर रावत, नरबहादुर मर्साङ्गी र यी प्रतिवादी पनि सँगै भागेको भनी कागज गरेको र सोही बेहोरालाई समर्थन हुने गरी अदालतमा आई बकपत्रसमेत गरेको देखिन्छ। त्यस्तैगरी यी प्रतिवादी कृष्णबहादुर शाहीले आफूलाई सुरू अदालतले ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याएको फैसला केही उल्टी गरी ऐ. महलको १७(३) नं. बमोजिम कैद वर्ष ३ (तीन) हुने ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसलामा चित्त बुझाई यस अदालतमा पुनरावेदनसमेत गरेको नदेखिँदा यी प्रतिवादीका हकमा सुरू फैसला केही उल्टी गरी ज्यानसम्बन्धी महलको १७(४) नं. अनुसार ३ (तीन) वर्ष कैद गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

प्रतिवादी नरबहादुर मर्साङ्गी वारदातस्थलमा रहेको र निजले झगडा छुट्ट्याउन खोज्ने प्रकाश बोहराको हात समातेको देखियो। यी प्रतिवादी नरबहादुर मर्साङ्गीले मृतक जितबहादुर थापालाई मार्नलाई वचन दिएको एवम् मार्नलाई संयोग पारि दिएको भन्ने वादी नेपाल सरकारले यी प्रतिवादीउपरको अभियोग दाबी प्रमाणित गर्नसकेको अवस्थासमेत नदेखिँदा निजको कसुरमा ज्यानसम्बन्धी महलको १३(३) नं. आकर्षित नभई ऐ. महलको १७(३) आकर्षित हुने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं.को व्यवस्था हेर्दा "अरू किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरि रहनेलाई र लेखिए देखिएबाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ" भन्ने व्यवस्था भएको पाइन्छ । तसर्थ यी प्रतिवादी नरबहादुर मर्साङ्गीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. अनुसार सजाय हुनुपर्नेमा ऐ. महलको १३(४) नं. अनुसार जन्मकैद गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको नदेखिँदा उक्त फैसलामा सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रस्तुत मुद्दाका प्रतिवादीमध्येका प्रतिवादीहरू विश्व गुरूङ, कुलवीर सारू र भिमबहादुर शाहीलाई अभियोग मागदाबीबाट सफाई दिने र प्रतिवादी कृष्णबहादुर शाहीलाई ज्यानसम्बन्धी महलको १७(४) नं. अनुसार ३ (तीन) वर्ष कैद सजाय हुने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६९।२।२९ मा भएको फैसला मनासिब देखिएकोले सदर हुने । अर्का प्रतिवादी नरबहादुर मर्साङ्गीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. अनुसार जन्मकैद गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला केही उल्टी भई ऐ. महलको १७(३) नं. अनुसार ३ (तीन) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

इति संवत् २०७४ साल भदौ ६ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-१५५३, ज्यान मार्ने उद्योग र जबरजस्ती चोरी, *नेपाल सरकार वि. पवित्रा बुढासमेत*

ज्यान मार्ने उद्योगको कसुर स्थापित हुन

तेस्रो तत्त्वको अपर्झट उपस्थितिको विद्यमानता हुनु पर्ने अवस्था मुख्य र प्रारम्भिक सर्त भए तापनि वारदातको तयारी, मनसाय र कार्यको प्रकृति कतिपय वारदातको पृष्ठभूमि चोट लागेको शरीरको भाग चोटका प्रकृति र संख्या, प्रयोग भएको साधन एवम् हतियारको प्रकृति, मर्ने बाँच्ने दोसाँधको स्थिति घाइतेलाई तत्काल उद्धार गरी उपचारको लागि लगिएको र उपचारको अवस्था आदिलाई मानी ज्यान मार्ने उद्योगको कसुर स्थापित गर्ने सबल आधारको रूपमा मूल्याङ्कन गर्नुपर्ने।

प्रतिवादी पवित्राकुमारी बिहे घरबाट आफ्नो घरमा आउँदै गर्दा बाटोमा पीडित करण बुढाले प्रतिवादीको खुट्टा समाती तानेको जरियाबाट विवाद सुरू भई प्रतिवादीले पीडितको नै खुकुरी खोसी पीडितलाई नै हानेकी र सो वारदात तत्काल देख्ने व्यक्तिसमेत रहेका छन् । वारदातको यो पृष्ठभूमिले प्रतिवादीको पीडितउपर मार्ने कुनै पूर्वयोजना, तयारी एवम् मनसाय रहेको अवस्था देखिन्न र पीडित स्वयम्ले प्रतिवादीको खुट्टा समाती तानेको कारणबाट नै प्रतिवादीले घाइते पीडित करण बुढाको खुकुरी खोसी हानेकी र तत्काल सो वारदात देख्ने तिलहरी र पपना बुढा वारदातस्थलमै रहेको हुँदा त्यहाँ तेस्रो पक्षको उपस्थितिको अवस्थासमेत रहेको नदेखिँदा प्रतिवादी पवित्राकुमारी बुढाले घाइते पीडित करन बुढालाई ज्यान मार्ने उद्देश्यले नै इँट्टा वा खुकुरीले चोट छोडेको भन्न मिल्ने अवस्था देखिन नआउने।

अतः माथि विवेचित आधार कारण र प्रमाणहरूबाट रातिको समयमा करनबहादुर बुढाले नाबालिका केटीलाई एक्कासी अवाञ्छित क्रिया देखाई आफैँले हतियार निकालेर प्रतिवादी पवित्रा बुढालाई हान्न खोज्दा प्रतिवादी पवित्रा बुढाले नै पीडितको हातबाट खुकुरी खोसी रिसको आवेग थाम्न नसकी करनबहादुर बुढामाथि प्रहार गरेबाट निजलाई घाउ चोट लागेको देखिन्छ । तर प्रतिवादीहरूले ज्यान मार्ने उद्देश्य र मनसायबाट पीडितलाई हतियारले प्रहार गरेको अवस्थामा कुनै तेस्रो व्यक्तिको हस्तक्षेप नभएको र साथै पीडित करनबहादुर बुढा मरणासन्न अवस्थामा भएका र ज्यान मर्न नपाएको भन्ने अवस्था एवम् तथ्यगत कुराको पुष्टि मिसिल संलग्न कुनै पनि तथ्य प्रमाणबाट पुष्टि नभइरहेको अवस्थामा जाहेरवाला गणेशबहादुर बुढा, राजेन्द्र बुढा र सिकेन्द्र बुढाको परस्पर बाझिएको बकपत्रको आधार लिई ज्यान मार्ने उद्योगको कसुर ठहर गरी प्रतिवादीहरूद्वय पवित्राकुमारी बुढा र बीरबहादुर बुढालाई ज्यानसम्बन्धी महलको १ र १५ नं. को कसुरमा ऐ १५ नं. बमोजिमको कैद ठहर गरी प्रतिवादीमध्ये पवित्रा बुढा नाबालक भएकी हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम ६ वर्षको आधा (३) तीन वर्ष कैद सजाय गर्ने गरेको हदसम्म सुरू बझाङ जिल्ला अदालतको फैसला मिलेको देखिँदैन । तसर्थ सुरू बझाङ जिल्ला अदालतको मिति २०७०।१२।१३ मा भएको फैसला नमिलेको हुँदा उल्टी भई प्रस्तुत मुद्दा कुटपिटमा परिणत हुने ठहर्छ। अब सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला व्यक्तिले सकार गर्न आए यसै मिसिलबाट कारवाही अगाडि बढाउनु भनी प्रस्तुत मिसिल सुरू बझाङ जिल्ला अदालतमा पठाइदिने ठहर्छ भनी पुनरावेदन अदालत, दिपायलबाट मिति २०७१।१०।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत / उपसचिवः मुकुन्द आचार्य
कम्प्युटर: देवीमाया खतिवडा
इति संवत् २०७३ साल चैत २९ गते रोज ३ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-CI-०६५४, अंश, *अकालमती कुर्मीनसमेत वि. अयोध्या कुर्मी*

वादी प्रतिवादीहरू छुट्टिई भिन्न नभई एकासगोलमा रहेको भन्ने कुरामा पुनरावेदन अदालतको फैसलाले स्वीकार गरेको र उक्त कुरामा पुनरावेदकहरू

समेत सहमत नै रहेको देखिन्छ । पुनरावेदकहरूले निजी आर्जनको सम्पत्ति भनी दाबी लिएका कि.नं. १३०, ८३ र १८० को जग्गाहरू बुबाबाट विवाहपूर्व नै प्राप्त गरेको भनी उल्लेख गरे पनि उक्त जग्गा विवाहपूर्व यस मितिमा प्राप्त गरेको भनी सो कुरा स्पष्टरूपमा खुलाई आफ्नो भनाइलाई पुष्टि गर्नसकेको नपाइने ।

सबै अंशियारहरू एकासगोलमा रहेको भनी अंशियारहरूबीच अंशबन्डा लाग्ने ठहरेपछि सम्पत्तिमा बन्डा लाग्ने होइन भन्ने पक्षले के कसरी उक्त सम्पत्ति निजी आर्जनको बन्डा नलाग्ने सम्पत्ति हो त्यसको प्रमाण पेस गरी प्रमाणित गर्ने भारसमेत त्यसै पक्षमाथि रहन जान्छ । जबसम्म सो पक्षले आफ्नो भनाईलाई प्रमाणबाट पुष्टि गर्न सक्दैन तबसम्म निजको दाबी खम्बिर हुन सक्दैन । कुनै पनि सम्पत्ति निजी आर्जनको हो भन्ने कुरा पुष्टि हुन नसकेको खण्डमा प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार सगोलका जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलका सबै अंशियारहरूका बीच बन्डा लाग्ने सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्ने ।

पुनरावेदिका अकालमती कुर्मीनका नाममा रहेका पम्पिङ सेट, ट्रेक्टर र राइस मिल मानो छुट्टिएको मितिपछि लिएको भनी उक्त सम्पत्तिमा बन्डा नलाग्ने र पुनरावेदन जिकिरमा उल्लिखित कि.नं. ८३, १३० र १८० का जग्गाहरूमा स्वआर्जनको भन्ने आधार प्रमाणको अभावमा बन्डा लाग्ने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

तसर्थ उल्लिखित आधार कारणबाट दाबीका कि.नं. ८३, १३० र १८० का जग्गा निजी आर्जनको हो भन्ने कुनै प्रमाण पुनरावेदक प्रतिवादीहरूले पेस गर्न नसकेको अवस्थामा उक्त जग्गाहरू समेत सगोलको मानी बन्डा लाग्ने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।८।६ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृतबहादुर बोहरा

इति संवत् २०७३ साल चैत २ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६९-CI-००३८, ०६९-CI-०६५३, अंश, *चन्द्रराम कुर्मी वि. चन्द्रभुषण कुर्मी, चन्द्रभुषण कुर्मी वि. चन्द्रराम कुर्मीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CI-१३३७, अंश नामसारी, *दिनानाथ अहिर वि. कुन्ती अहिर*

वादी कुन्ती अहिरनीले कि.नं. २६१, २४५, १३, ८, २३७, २३४ र कि.नं. १५९ का जग्गा आमा कैलासी अहिरनीको मृत्युपश्चात् मुद्दा सकार गरी मिलापत्रबाट प्राप्त गरेको भनी उल्लेख गरेकोमा उक्त कुरा अन्यथा हो भनी यी पुनरावेदक प्रतिवादी दिनानाथ अहिरले भन्नसकेको समेत नदेखिएको अवस्थामा वादीको आमा कैलासी अहिरनीको हकको सम्पत्ति छोरी कुन्ती अहिरका नाममा नआई ज्वाई दिनानाथ अहिरलाई प्राप्त भयो होला भन्ने कुरासमेत विश्वासलायक देखिँदैन । यसरी वादीले आफ्नो आमाको हक लाग्ने जग्गा मुद्दा सकार गरी मिलापत्रबाट प्राप्त जग्गा आफ्नो नाममा दर्तासमेत गराइसकेपश्चात् आफ्नो श्रीमतीकी आमाको हकको जग्गामा आफ्नोसमेत अंश लाग्ने भन्ने पुनरावेदन जिकिर मनासिब नदेखिने ।

तसर्थ उल्लिखित आधार कारणबाट प्रत्यर्थी वादी कुन्ती अहिरनीले आमाको मृत्युपछि मुद्दा सकार गरी मिति २०५९।५।१० मा भएको मिलापत्रबाट प्राप्त गरी आफ्नो नाममा दर्ता गरेको निजी आर्जनको जग्गाहरूमा समेत बन्डा लाग्न सक्ने अवस्था नदेखिँदा बन्डा लाग्ने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सो हदसम्म केही उल्टी हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।३।२३ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृतबहादुर बोहरा

कम्प्युटरः चन्द्रा तिमिल्सेना

इति संवत् २०७३ साल चैत २ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६८-CI-१३३८, अंश

नामसारी, *शान्तिदेवी यादव वि. दिनानाथ अहिर* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १२

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-०२६०, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *धनबहादुर वली वि. नेपाल सरकार*

प्रतिवादीको प्रमाणपत्र प्रमाणीकरणको लागि लेखी पठाउँदा श्री जनपथ मा.वि. दशेराबाट सि.नं. ३० का धनबहादुर वली २०४२ सालको टेष्ट परीक्षामा सम्मिलित नभएको बेहोरा उल्लेख भई मार्क लेजर प्रमाणित प्रतिलिपिसमेत मिसिल संलग्न रहेको देखिन्छ । तत्पश्चात् पनि प्रतिवादीकै अनुरोधमा प्रतिवादी टेष्ट परीक्षा उत्तीर्ण भए, नभए सम्बन्धमा विशेष अदालतबाट पटकपटक लेखी पठाएकोमा यकिन जवाफ नआएको र प्रतिवादी स्वयम् तारेख गुजारी बसेकोसमेत देखिएको छ । यस्तो अवस्थामा जिल्ला शिक्षा कार्यालयको प्रमाणीकरण बेहोरालाई प्रमाण ऐन, २०३१ को दफा ६(ग) अनुसारसमेत अन्यथा भन्न मिल्ने नदेखिने। अधिकारप्राप्त सरकारी कार्यालयमा रहेको रेकर्ड र लेखिएको बेहोरा अन्यथा हो भनी प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा (६ग) बमोजिम स्वयम् प्रतिवादीमा रहेको अवस्थामा प्रतिवादीले तारेखै गुजारी बसेकोसमेत देखियो । यसबाट टेष्ट परीक्षामा सम्मिलित नै नभई राष्ट्रसेवकको ओहोदामा बढुवा पाउने उद्देश्यले २०४५ साल र २०५८ सालमा सो प्रमाणपत्र पेस गरेको पुष्टि हुन आउने।

तसर्थ, उल्लिखित आधार कारणबाट २०४२ सालको टेष्ट परीक्षामा सम्मिलित नै नभई टेष्ट परीक्षाको प्रमाणपत्र प्राप्त गरी राष्ट्रसेवकको ओहोदामा बढुवा पाउने उद्देश्यले २०४५ साल र २०५८ सालमा सो प्रमाणपत्र पेस गरेको देखिँदा प्रतिवादीलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) बमोजिम रू.५००।- (पाँच सय) जरिवाना गर्ने गरी भएको विशेष अदालत, काठमाडौंको मिति २०६९।१२।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७४ साल कात्तिक २८ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-०९८२, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. डेग शमशेर कुँवरसमेत*

प्रतिवादीहरू स्वयम् वैदेशिक रोजगारीको लागि Cambodia पुगी अलपत्र परेको भन्ने तथ्यसमेत खुल्न आएको छ। यी प्रतिवादीहरूले जाहेरवालाहरूसँग रकम लिएको भए आफूहरू समेत Cambodia सम्म गैरकानूनी रूपमा जानु पर्ने अवस्था हुँदैन । जाहेरीको भनाई पुष्टि हुने लिखत प्रमाण पेस भएको छैन । मौखिक भनाईको आधारमा मात्र जाहेरवालाहरूबाट प्रतिवादीहरूले रकम लिएको भनी अन्यथा प्रमाणित नभएसम्म मान्न मिल्ने अवस्था नहुने।

प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रतिवादीहरू उपरको कसुर प्रमाणित गर्ने प्रमाणको भार वादीमा निहित रहेको हुन्छ । यस कानूनी व्यवस्थाअनुसार वादी नेपाल सरकारले प्रतिवादीहरूले आकर्षक वैदेशिक रोजगारको प्रलोभन देखाई रकमसमेत लिई जाहेरवालाहरूलाई Cambodia मा पुऱ्याई अलपत्र पारेको भनी ठोस, वस्तुनिष्ठ र निश्चयात्मक प्रमाण पेस गरी दाबीलाई पुष्टि गर्नुपर्ने हुन्छ । वादी नेपाल सरकारबाट अभियोग दाबी पुष्टि हुनसकेको नदेखिँदा प्रतिवादीहरूले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० अनुसार बिनाइजाजत वैदेशिक रोजगारको व्यवसाय सञ्चालन गरेको हो भन्न मिल्ने नहुँदा सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाई हुने गरी भएको फैसला अन्यथा भन्न नमिल्ने।

अतः सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाई दिने गरी मिति २०७२।२।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कालिबहादुर साम्पु लिम्बू

इति संवत् २०७४ साल फागुन १६ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-CR-०१३०, लुटपिट, *शिव नारायण यादव वि. राजकुमार चौधरीसमेत*

विवादित जग्गामा दाबीअनुसारका रूखहरू रहेको भन्ने तथ्य सर्वप्रथम पुष्टि हुनुपर्दछ। सो तथ्य कहिँकतैबाट प्रमाणित हुनसकेको छैन। रूखहरू काटी लुटपिट गरी लगेको प्रमाणित हुने वस्तुनिष्ट प्रमाणबाट देखिनु पर्ने हुन्छ। काटिएको रूखका ठुटाहरू के कति थिए भन्ने कुरा कहिँकतैबाट प्रमाणित हुनसकेको देखिँदैन। दाबी गरेको बिगो पनि पुष्टि गर्ने भरपर्दो आधार प्रमाणसमेत पेस भएको छैन। वादीले प्रतिवादीउपर जिल्ला प्रहरी कार्यालय, सप्तरी र सो कार्यालयले प्रहरी कार्यालय, कठौनालाई पत्राचार गरेको प्रमाणबाट वादी प्रतिवादीबीच विवादसम्म रहेको कुरा देखिने हो। तर सो प्रहरी कार्यालयबाट भएको निवेदनउपरको कारवाही मात्रले दाबीबमोजिमको लुटपिट जस्तो फौजदारी कसुर स्थापित हुनसक्ने देखिँदैन। लुटपिटको कसुर नै स्थापित हुन नसकेको अवस्थामा प्रतिवादीहरूलाई दाबीबमोजिमको कसुरदार करार गर्न नमिल्ने हुँदा वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः वादी दाबी पुग्ने ठहर गरी प्रतिवादीहरूलाई जरिवाना गर्ने गरी सुरू सप्तरी जिल्ला अदालतबाट भएको फैसला उल्टि हुने भई वादी दाबी पुग्न नसक्ने ठहर गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।०९।१८ को भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्पु लिम्बू

इति संवत् २०७४ साल फागुन १६ गते रोज ४ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई,** ०६९-CR-०१६०, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. नारदप्रसाद शर्मा*

प्रतिवादी र जाहेरवालीबीच व्यापारिक कारोबार हुने गरेको र उक्त दिन निजहरूबीच भेट हुँदा सोही लेनदेनको कारणबाट विवाद भई धकेलाधकेल भएको भन्ने तथ्य पुष्टि हुन आएको देखिन्छ। लेनदेन विवादमा भएको धकेलाधकेलको अवस्थालाई जबरजस्ती करणीको उद्योग गरेको भनी अर्थ गर्नु युक्तिसङ्गत हुने नदेखिने।

प्रतिवादीलाई क्षेत्रीय अस्पताल कालागाउँ सुर्खेतमा स्वास्थ्य परीक्षण गर्न पठाएको मिति २०६७।५।१४ को पत्रमा No external injuries (visible) detection on his body भनी निजको शरीरमा कुनै पनि बाहिरी चोटपटक नदेखिएको बेहोरा खुलाएको देखिन्छ। जबरजस्ती करणीको उद्योग गरेको भन्ने ठोस प्रमाणहरूको अभावमा केवल जाहेरी दिई जबरजस्ती करणीको उद्योग गरेको भन्नु मात्र अभियोग दाबी पुष्टि हुने आधार हुन सक्दैन। सोलाई तथ्ययुक्त प्रमाणहरूले पनि पुष्टि गर्न सक्नुपर्छ। प्रतिवादी नारदप्रसाद शर्माले जाहेरवालीलाई जबरजस्ती करणीको उद्योग गरेको भन्ने तथ्ययुक्त प्रमाणबाट पुष्टि हुनसकेको देखिँदैन। जबरजस्ती करणीको उद्योग हुनको लागि पीडकले जबरजस्ती करणी गर्ने मनसाय राखी जबरजस्ती करणी गर्ने प्रयास गरेको कुरा प्रमाणबाट देखिनु पर्दछ। अन्य कारणबाट महिलासँग वादविवाद हातपात हुँदैमा जबरजस्ती करणीको उद्योग गरेको भनी अर्थ गर्नु न्यायसङ्गत हुने नदेखिने।

तसर्थ प्रतिवादीले जाहेरवालीलाई जबरजस्ती करणीको उद्योग गरेको भन्ने तथ्य ठोस प्रमाणहरूबाट पुष्टि हुन नसकेको र प्रतिवादी नारदप्रसाद शर्मा र

जाहेरवालीबीच लेनदेनको कारणबाट विवाद भएको अवस्था देखिँदा अभियोग दाबीबमोजिम प्रतिवादी नारदप्रसाद शर्माले जबरजस्ती करणी उद्योगको कसुर गरेको ठहऱ्याएको सुरू सुर्खेत जिल्ला अदालतको मिति २०६७।१२।२७ को फैसला उल्टी गरी प्रतिवादीले अभियोग दाबीबाट सफाई पाउने ठहर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६९।२।२३ को फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-WO-०४०९, परमादेश, *रेवतकुमार ताम्राकारसमेत वि. नेपाल खाद्य संस्थान, प्रधान कार्यालय, काठमाडौंसमेत*

तल्लो तहको कर्मचारीलाई न्यायोचित आर्थिक क्षतिपूर्ति तथा लाभ होस् भनी समाजिक न्यायको सुनिश्चिताको लागि मासिक तलबमानका हिसाबले माथिल्लो तहको भन्दा तल्लो तहका कर्मचारीलाई बढी महिना अवधि गणना गर्ने गरी भएको व्यवस्थालाई माथिल्लो तहका कर्मचारीले तल्लो तहका कर्मचारीभन्दा कम बीमा रकम पाउनु पर्ने भनी अर्थ गर्न नमिल्ने।

कुनै पनि ऐन र नियममा प्रतिबन्धात्मक वाक्यले ३ वटा अर्थ दिइरहेको हुन्छ । जसअनुसार मूल प्रावधानको अपवाद (Exception to the main clause), मूल प्रावधानको सर्त (Condition to the main provision) तथा मूल प्रावधानमा थप आवश्यकता (Additional requirement) लाई औंल्याई रहेको हुन्छ । त्यसैले प्रतिबन्धात्मक वाक्यांशलाई मूल वाक्यसँग सामञ्जस्यता (Harmonize) गरी व्याख्या गर्नुपर्ने हुन्छ । प्रतिबन्धात्मक वाक्यांशले मूल प्रावधानमा अभिव्यक्त कुराको अपवादस्वरूप केही सीमा बन्देज वा विशेष छुट सुविधाको अवस्था निर्धारण गर्दछ । यस्तो अवस्थामा नेपाल खाद्य संस्थान कर्मचारी कल्याण कोष (जीवन बीमा) योजना नियमावली, २०४५ को नियम १५ को बीमाङ्कन रकम गणना अवधिको हिसावलाई प्रतिबन्धात्मक वाक्यांशसँग छुट्टयाई हेर्न मिलेन । सम्पूर्णतामा हेर्दा तहविहीनदेखि तह ११ र कार्यकारी प्रमुखको लागि छुट्टै अवधि गणना गरिएको देखिन्छ । सामाजिक न्यायको उद्देश्यले केही तहलाई समूहगत (Cluster) गरी बढी अवधिको तलब हिसाब दिने अर्थ लगाउन सकिन्छ । तर त्यसको अर्थ माथिल्लो तहका कर्मचारीलाई अन्याय (Injustice) हुने गरी तल्लो तहले पाउने सुविधाभन्दा कम हुने गरी सुविधा प्रदान गर्नुपर्दछ भन्नु तर्कसङ्गत नहुने।

निवेदकहरूले कानूनी अधिकारको रूपमा प्राप्त गर्नुपर्ने बिमा रकमको हकमा रकम बुझेपश्चात् मात्र हिसाब कम भएको देखिएको र सोपश्चात् कानूनी तवरबाट हिसाब मिल्ने गरी बाँकी रकम माग गरेको देखिन्छ । जसमा २०७०।५।१७ को आदेशानुसार भनी मागबमोजिम निर्णय गरिएको भनी निर्णयमा लेखिए तापनि कारवाही नगरी बसेपछि अन्य विकल्पको अभावमा २०७०।८।२८ मा यस अदालतमा रिट निवेदन लिई आएकोलाई अन्यथा भन्न मिलेन । यसरी संस्थामा सेवा गरेबापतको अधिकारको रूपमा प्राप्त गर्ने बीमा रकमको हिसाब बुझ्दैमा र बुझेपछि मात्र हिसाब कानूनतः मिलेको वा नमिलेको थाहा भएको अवस्थामा पहिले नै कम रकम लिन स्वीकार गरेको मान्न मिल्दैन । नियमबमोजिम हिसाब मिलानको निवेदनसहित बाँकी रकम माग गर्ने कानूनी अधिकारको विषयमा Promissory Estoppels लागू हुन्छ भन्न मिल्ने नदेखिँदा विपक्षीको लिखित जवाफ तथा बहस जिकिरसँग सहमत हुन नसकिने।

नियमको प्रतिबन्धात्मक वाक्यांशले नै माथिल्लो तहको पदले पाउने सुविधा सम्बन्धित सेवाको एक तहमुनीको पदको भन्दा कम नहुने भनी स्पष्ट व्यवस्था भइरहेको अवस्थामा व्याख्याको सिद्धान्तले पनि प्रत्यर्थीले आफ्नो कानूनी दायित्वबाट

उन्मुक्ति पाउनसक्ने अवस्थासमेत देखिएन । अतः निवेदकहरूको मागबमोजिम तल्लो तहका कर्मचारीले प्राप्त गर्नेभन्दा कम हुने गरी बिमा रकम भुक्तानी गरेको कार्य मिलेको नदेखिँदा उपर्युक्त नेपाल खाद्य संस्थान कर्मचारी कल्याण कोष (जीवन बिमा) योजना नियमावली, २०४५ को नियम ८४(१), अनुसूची ८ अन्तर्गतको प्रकरण १५ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम तल्लो तहको पदभन्दा माथिल्लो तहको पदले पाउने सुविधा नघट्ने गरी निवेदकहरूलाई बिमा रकमको सुविधा प्रदान गर्नु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल जेठ ७ गते रोज १ शुभम् ।

## इजलास नं. १४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६६-CI-०८८९, बहाल दिलाई घर खाली चलन, *नजमुद्दिन मिया वि. यादमहम्मद अंसारी*

वादी दाबीको जग्गामा प्रतिवादीको हक २०५९।३।२७ मा नै टुटीसकेको एवम् प्रतिवादीले घर बाँकी राखी जग्गा मात्र रजिस्ट्रेसन पास गरी दिँदा सो जग्गामा घर भएको र निजले घरबाहेकको जग्गा मात्र रजिस्ट्रेसन पास गरी दिएको नदेखिनुका साथसाथै सोपश्चात् प्रतिवादीले उक्त जग्गाधनी प्रमाण पुर्जाबाट घरको विवरण हटाउनेतर्फ कुनै प्रक्रिया नगरेको र यदि प्रतिवादीको घर वादीलाई नदिँदानदिँदै वादीले जबरजस्ती कब्जा गरेको भए सोउपर खिचोलातर्फ कानूनी कारवाही गर्नुपर्नेमा सोसमेत नभएको अवस्था र प्रतिवादीले वादीलाई कर्जाबापतको रकम बुझाएपछि जग्गा पुन: बापस रजिस्ट्रेसन पास गराएको वा अन्य बेहोराको प्रमाण कागजसमेत नभएको अवस्थासमेतले वादीको जग्गामा भएको घरमा प्रतिवादीको हक कायम हुनसक्ने कुनै कानूनी आधार नदेखिने ।

वादीले घर जग्गा करसमेत बुझाएको आधार प्रमाण देखिएको छ । वादीले रजिस्ट्रेसन पास गराई लिएको कि.नं. ७० को ससीम नै रहेको र विवादित घर जग्गाको जग्गा धनी प्रमाण पुर्जा नै वादीको नाममा कायम रहेको अवस्था छ । अत: वादी दाबीको घरबाट प्रतिवादीलाई हटाई घर खाली गरी दिने ठहर्‍याएको पर्सा जिल्ला अदालतको मिति २०६४।३।५ को फैसला मिलेकै देखियो । उक्त फैसला केही उल्टी गरी वादीको दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।३।२९ को फैसला केही उल्टी भई वादीको दाबीबमोजिम कि.नं.७० को जग्गामा रहेको घर वादी दाबीबमोजिम प्रतिवादीबाट खाली गराई वादीले दाबीबमोजिम चलन चलाई पाउने ।

इजलास अधिकृत: तारादेवी महर्जन

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल साउन २९ गते रोज १ शुभम् ।

## इजलास नं. १५

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-RB-००३२, उपर्युक्त आदेश जारी गरिपाउँ, *मनोजकुमार सिंह वि. नेम इष्टिच्यूट फर मेडिकल एजुकेसन प्रा.लि.समेत*

करार ऐन, २०५६ को दफा ८७ बमोजिम परेका निवेदनमा अन्तरकालीन प्रकृतिका आदेश माग भई गरिने निवेदन भएकोले यसले करारीय विवादमा अन्तिम आदेश गर्ने हैसियत राख्दैन । यस प्रकृतिका निवेदनहरूले मुद्दाको हैसियत राख्ने नभई Self-contained procedure का आधारमा करारलाई यथावत् राख्दै करारको पालना नगर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न अन्तरकालीन प्रकृतिको आदेशबाट करारको परिपालनालाई प्राथमिकता दिने उद्देश्य राख्ने ।

अन्तरकालीन प्रकृतिको आदेशउपर पुनरावेदन लाग्नसक्ने देखिएन । यसका साथै यस्ता अन्तरकालीन प्रकृतिको आदेशउपर पुनरावेदन लाग्ने व्यवस्था न्याय प्रशासन ऐन, २०४८ मा समेत नभएकोले यस अदालतमा दायर भएको पुनरावेदन कानूनसम्मत रहेको

मान्न नमिल्ने ।

तसर्थ माथि विवेचित आधार, कारण एवम् प्रतिवादित सिद्धान्तबाट निवेदकको शिक्षण संस्थाबाहेक विपक्षीले अन्यत्र शिक्षण सेवा प्रदान नगर्नु नगराउनु भनी करार ऐन, २०५६ को दफा ८७ बमोजिम आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।५।३ मा भएको आदेशउपर यस अदालतमा पुनरावेदन दायर हुनसक्ने अवस्था नरहेको हुँदा प्रस्तुत पुनरावेदन खारेज हुने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल भदौ २३ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६९-RB-००३३, उपर्युक्त आदेश जारी गरिपाउँ, *दिपककुमार मेहता वि. नेम इन्स्टिच्युट फर मेडिकल एजुकेसन प्रा.लि.समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १८

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-CR-०४१४, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. निश्चल बुढाथोकीसमेत*

जाहेरवालाले यी प्रतिवादीहरूको नाम उल्लेख गरे पनि कुन व्यक्तिले के कार्य गरेको हो भनी मौकाको जाहेरीमा खुलाउनसकेको पाइएन भने अदालतमा आई आफ्नो जाहेरीको पुष्टि हुने गरी बकपत्रसमेत गर्नसकेको देखिएन । वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको नं.१०४५ मिति २०६७।०७।२४ को पत्रसाथ संलग्न दिपक सेन्चुरीका घाउ जाँच फाराम हेर्दा Nature of injury, size and site मा c/o pain and wound on lateral part of left shoulder उल्लेख भएको र condition of the patient मा pulse 88/m, BP 130/80, Resp 24/min temp 98/66F भनी उल्लेख भएको र पीडितको अवस्था गम्भीर जोखिमपूर्ण अवस्था नभई सामान्य अवस्था देखिएको पाइन्छ । प्रतिवादीका साक्षीहरू शुष्मा श्रेष्ठ, यज्ञनिधि भट्टराईसमेतले प्रतिवादीहरूलाई पूर्ण सफाई दिई बकपत्र गरेका छन् । यस्तो अवस्थामा आरोपित कसुर यी प्रतिवादीहरूले गरी पीडितको ज्यान मार्ने उद्योग गरेको भन्ने कुरा मिसिल संलग्न तथ्य प्रमाणबाट पुष्टि हुन आएको नदेखिने ।

अत: विवेचित आधार प्रमाण र कारणहरू समेतबाट प्रतिवादीहरू निश्चल बुढाथोकी, शैलेश कोइराला, केबल राई, विजय लिम्बु, राजेश दास, निपेन श्रेष्ठ र मणी लिम्बुसमेतले पीडित दिपेस सेन्चुरीलाई ज्यान मार्ने उद्योगको कार्य गरेको नदेखिएबाट सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६७।१२।०१ मा प्रतिवादी निश्चल बुढाथोकीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ५ वर्ष कैद तथा अन्य प्रतिवादीहरूलाई सफाई दिने गरी गरेको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी निश्चल बुढाथोकीले सफाई पाउने ठहऱ्याई र मणी लिम्बुको हकमा पनि निजलाई अभियोग दाबीबाट सफाई हुने गरी सुनसरी जिल्ला अदालतको मिति २०६९।०३।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।११।०२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल कात्तिक २९ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१६९६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मिनबहादुर भण्डारी*

मृतक र प्रतिवादीका बीचमा बाबु छोराको नाता रहेको देखिन्छ । प्रतिवादी मिनबहादुर भण्डारीले निजकी भाउजू कोपिला भण्डारीलाई गाली गलौज गरिरहेको अवस्थामा सो स्थानमा पुगेका शमसेरबहादुर भण्डारीले छोरा मिनबहादुर भण्डारीलाई भाउजूलाई अपशब्द प्रयोग गरी गाली नगर्न सम्झाउँदा रिसको

आवेगमा आएका प्रतिवादीले बाबु शमसेरबहादुर भण्डारीलाई खुर्पाले छातीमा प्रहार गरेको देखिन्छ । बाबु छोराको बीचमा सो घटनाभन्दा अगाडि कुनै किसिमको बैमनस्यता वा रिसइवी रहेको र अपराध गर्ने योजना बनाएर प्रतिवादीले मृतक शमसेर बहादुर भण्डारीलाई मारेको हो भन्ने अभियोग मागदाबीसमेत लिएको नदेखिने ।

अभियोग दाबीबमोजिम कसुर कायम गरी प्रतिवादीलाई जन्मकैदको सजाय भएकै छ । ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय भएकोमा सोही महलको १३(१) नं. बमोजिम सजायको माग गरेको भन्दैमा तात्विक असर पर्ने देखिँदैन । वारदातको पृष्ठभूमि र परिस्थिति हेर्दा, उक्त सजाय गर्दा चर्को पर्छ कि भनी मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम सजाय घटाउने राय सुरू अदालत र पुनरावेदन अदालतबाट व्यक्त भएको छ । अदालती बन्दोबस्तको १८८ नं. ले सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा राय व्यक्त गर्न मुद्दामा इन्साफ गर्ने अधिकारीलाई स्वविवेकीय अधिकार प्रदान गरेको पाइन्छ । उक्त अधिकार न्यायकर्ताबाट प्रयोग गर्न पाइँदैन भन्न मिल्दैन ।

वारदातको प्रकृति तथा प्रतिवादीको भूमिकालाई हेर्दा सुरू अदालत तथा पुनरावेदन अदालतबाट व्यक्त भएको १२ वर्ष कैद सजाय कायम गर्ने रायसमेत न्यायोचित देखिन्छ । यस अवस्थामा प्रतिवादीले जम्माजम्मी १२ वर्ष कैद सजाय मात्र भोग्नुपर्ने हुँदा निजको अंश सर्वस्व गर्नुपर्ने अवस्था रहँदैन । अतः प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम नै सर्वस्वसहित जन्मकैद गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने ।

तसर्थ माथि विवेचित आधार र कारणबाट प्रतिवादी मीनबहादुर भण्डारीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७२।१०।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। वारदातको प्रकृति, प्रतिवादीको भूमिकासमेतबाट पुनरावेदन अदालत हेटौंडाले प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैद सजाय गर्ने गरी व्यक्त गरेको रायसमेत न्यायोचित देखिँदा निज प्रतिवादीलाई १२ वर्ष कैदको सजाय कायम हुने ।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-२०४०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शेर नारायण श्रेष्ठ*

मृतकको लास प्रकृति मुचुल्काबाट घाँटी घसारिएको, ओठ र नाक काटिएको निलडाम रहेको भन्ने देखिन्छ । जाँड खाएको अवस्थामा ठेलामठेल हुँदा लड्न पुग्दा शरीरमा घसारिएर चोटपटक निलडाम हुनु स्वाभाविक नै हुन्छ । ज्यान लिनेसम्मको अघिदेखिको रिसइवी नदेखिएको, लुकीचोरी प्रहार गरेको वा जोखिमी हतियारको प्रयोग भएको भन्ने पनि देखिएन । यस अवस्थामा पुनरावेदकले जिकिर लिएझैं शरीरमा निलडाम घसारिएको चिह्न देखिएकै आधारमा अन्य स्वतन्त्र वस्तुनिष्ठ प्रमाणको अभावमा ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम कसुर प्रमाणित भयो भनी मान्न मिलेन। यसरी मादक पदार्थ सेवन गरेको अवस्थामा प्रतिवादीले ठेली दिएको कारणबाट कोदो बारीमा लड्न पुगेको मानिसको शरीरमा केही सामान्य घा चोट देखिएकोसम्मको कारणबाट नै ज्यानसम्बन्धीको १३ नं. बमोजिमको कसुर कायम गर्नु मनासिब नदेखिने । बरामद भएको रकम रू.२०,३३०।– मध्ये रू.१७,५००।– ताराबहादुर भुजेलसँग लिएको र २,८३०।– आफ्नै घरबाट ल्याएको हो भनी प्रतिवादीले बयान गरेको पाइयो । निजको उक्त बयानलाई अन्यथा मान्नु पर्ने कारण नदेखिँदा अन्य वस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादीबाट बरामद भएजति सबै रकम मृतकको हो भनी अनुमान गरी मृतकको श्रीमतीलाई सबै

फिर्ता दिनु न्यायोचित हुने नहुँदा अदालतमा दाखिल भएको रकममध्ये रू.१७,५००।– मृतक ताराबहादुर भुजेलको पत्नी ज्ञानुमाया भुजेललाई दिलाई दिने र बाँकी रू.२,८३०।– प्रतिवादी शेरनारायण श्रेष्ठलाई फिर्ता दिने गरी भएको पुनरावेदन अदालत, राजविराजको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी शेरनारायण श्रेष्ठलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने र बरामद भएको रकममध्ये रू.१७,५००।– मृतकको पत्नी ज्ञानुमाया भुजेललाई र बाँकी रू.२,८३०।– प्रतिवादी शेरनारायण श्रेष्ठलाई फिर्ता दिलाई दिने ठहऱ्याई गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७२।२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१५५६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भरूनी तामाङ*

दशीको रूपमा सो लौरोसमेत बरामद भएको देखिन्छ । यी प्रतिवादीले मृतक कृष्णकुमारीलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी, झै-झगडासमेत देखिँदैन । वारदातमा घातक हतियार प्रयोग भएको अवस्थामा मिसिलबाट देखिँदैन। आफूलाई रण्डी भालु भनी आमासमेतलाई गाली गरेको हुँदा रिस उठेको भनी प्रतिवादीले आरोपित कसुरलाई स्वीकार गरी तत्काल उठेको रिसले लाठीले हिर्काउदा मृत्यु भएको हो मार्ने मनसाय थिएन भनी बयान गरेको र मृतकबाट प्रयोग भएको भनिएका अपशब्दबाट मानिस स्वभावले आवेशमा आउने प्रकृतिको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम आवेशप्रेरित हत्याको वारदात कायम गरी १० वर्ष सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी रिता भन्ने भरूनी तामाङलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहर गरेको दोलखा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७२।४।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-२०६९ र ०७४-CR-००३८, लागु औषध (ब्राउन सुगर), *विजय थापा वि. नेपाल सरकार, सतिस प्रधान वि. नेपाल सरकार*

प्रतिवादी विजय थापाबाट बरामद भएको लागु औषध ब्राउन सुगरको मात्र जम्मा ३(तीन) ग्राम ९९० मिलीग्राम देखिएको छ। उक्त मात्राको लागु औषधलाई प्रतिवादी सतिस प्रधानले आफ्नो र सहप्रतिवादी विजय थापाको आधा आधा हो भनेका र सो सम्बन्धमा प्रतिवादी विजय थापाले अदालतको बयानमा इन्कार गरे पनि अदालतमा नै प्रतिवादी सतिस प्रधानले गरेको बयानको उक्त बेहोरालाई अन्यथा मानिरहनु पर्ने कुनै अवस्था देखिन आउँदैन । अनुसन्धानको बयानमा प्रतिवादीहरूले सेवनको लागि उक्त लागु औषध ब्राउन सुगर ल्याएको भनी स्वीकार गरेका छन् । प्रतिवादी सतिस प्रधानले अदालतको बयानमा समेत उक्त लागु औषध प्रतिवादी विजय थापासमेतले सेवन गर्नका लागी ल्याएको भनी प्रतिवादी विजय थापालाई पोल गरेको देखियो। प्रतिवादीमध्येका सतिस प्रधान Clear vision भन्ने सुधारगृहमा बसेको भन्ने उक्त सुधार गृहको मिति २०६९।३।२५ को पत्रसमेतले निजहरू सेवनकर्ता हुन् भन्ने तथ्यलाई पुष्टि गरेको हुँदा निजहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (छ) (१) बमोजिम ओसार पसारको कारोबारको कसुरमा जनही ५ वर्ष कैद र रू. ५,०००।– जरिवाना गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।९।७ को फैसला

मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादीहरूलाई ऐ. दफा १४(१) (ङ)को सेवनको कसुरमा ऐ. दफा १४(१) (ङ) बमोजिम जनही ८ महिना कैद हुने ठहर गरेको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७०।१।१० को फैसला सदर हुने।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७४-WO-०२५१, उत्प्रेषण, *देवकुमारी श्रेष्ठ वि. ऋण असुली न्यायाधिकरणको कार्यालय, काठमाडौंसमेत*

वादी राष्ट्रिय वाणिज्य बैंक प्रतिवादी यी निवेदक देवकुमारी श्रेष्ठ भएको ऋण असुली मुद्दामा यी निवेदकका नाउँमा जारी भएको १५ दिने म्याद मेची नगरपालिका वडा नं.१० स्थित चिया पसल छेउको बिजुलीको खम्बामा टाँस गरी २ जना सोही वडाका साक्षीहरू समेत राखी मिति २०६३।९।३० मा तामेल भएको मिसिलबाट देखिने।

मुलुकी ऐन, अदालती बन्दोबस्तको ११० नं. बमोजिम कानूनले निर्धारण गरेको प्रक्रिया र रीत पुऱ्याई तामेल भएको म्यादभित्र प्रतिवाद नगर्ने व्यक्तिहरूलाई पुन: अवसर दिदै जाने हो भने मुद्दाको कारवाही अनन्तकालसम्म लम्बिन जाने भई न्यायिक अन्यौलताको स्थिति सिर्जना हुन जाने हुन्छ। प्रस्तुत निवेदनबाट उठाइएको विषयवस्तुमा रीतपूर्वक म्याद तामेल भई सोही आधारमा फैसला तथा फैसला कार्यान्वयनसमेत भइसकेको हुँदा प्रस्तुत निवेदन प्रथमदृष्टि (Prima Face) मा नै खारेज हुने देखिन आयो। तसर्थ, विपक्षी बनाइएका निकाय र व्यक्तिहरूबाट लिखित जवाफ माग गरी यसमा कारवाही अगाडि बढाइरहनुको कुनै औचित्य र प्रयोजन रहेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: विपिन कुमार महासेठ

इति संवत् २०७४ साल कात्तिक २१ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७४-WO-०६६०, उत्प्रेषण, *लालमहम्मद मियाँ वि. जिल्ला सरकारी वकिलको कार्यालय, सप्तरीसमेत*

बहुविवाह मुद्दा कारवाही चली मिति २०७३।२।२९ मा फैसला भएको कुरा सोही जरियाबाट चलेको धनमाल मुद्दामा यी निवेदकले प्रतिवाद गरेको देखिएको, धनमाल मुद्दामा प्रतिवाद गरी मुद्दाको कारवाहीमा संलग्न रही सो धनमान मुद्दा मिति २०७४।२।४ मा फैसला भएको देखिदासमेत निवेदकलाई प्रतिवादी बनाई चलेको बहुविवाह मुद्दामा निवेदकको नाममा मिति ०७३।५।२२ मा तामेल भएको म्यादबाट जानकारी नभएको भन्ने निवेदकको भनाई विश्वासलायक देखिन नआउने।

बहुविवाह मुद्दामा निवेदकको नाममा मिति ०७३।५।२२ मा तामेल भएको म्यादबाट जानकारी नभएको भन्ने निवेदकको भनाई विश्वासलायक देखिन आएन। आफूउपर चलेको जारी, धनमाल मुद्दाको कारवाहीबारे निवेदनमा केही उल्लेख गरेकोसमेत नदेखिएको र म्याद बदरमा सुरू सप्तरी जिल्ला अदालतमा दिएमा निवेदनको बेहोरा र प्रस्तुत रिट निवेदनमा उल्लेख भएको बेहोरा (साक्षीको सही नभएको भन्ने सुरू निवेदन उल्लेख गरेको प्रस्तुत निवेदनमा सो कुरा उल्लेख नभएको) समेत फरक फरक देखिएकोसमेतबाट प्रस्तुत निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनु भन्ने पूर्वअवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

इति संवत् २०७४ साल चैत १६ गते रोज ६ शुभम्।